मध्यपृष्ठमा हिरोहरूको आकर्षक ब्लोअप



# आए हिरोहरू

• **विदुर खतिवडा**

■ मोडलिङबाट आएका युवाहरू नेपाली रजतपटमा जम्न सकिरहेका थिएनन्। फाट्टफुट्ट एक-दुई मोडलले चलचित्रमा अनुहार देखाउने मौका पाएपनि उनीहरूले आशातित सफलता नपाइरहेकै बेला जीवन लुइँटेल अपवादका रूपमा देखापर्ने भएका छन्। आलोक नेम्वाङ निर्देशित जीवनको पहिलो चलचित्र 'सानो संसार' सार्वजनिक नहुँदै उनी आगामी एक वर्षका निम्ति विभिन्न चलचित्रमा अनुबन्धित भैसकेका छन्।

■ अभिनय गरेको पहिलो सेल्युलाइड चलचित्र प्रदर्शन नहुँदै करिब एक दर्जन सेल्युलाइड चलचित्र पाउनु नवप्रवेशी नायकका निम्ति ठूलो कुरा हो। नायक अर्जुन कार्की अभिनीत एलसिडी चलचित्र 'जंगली मान्छे' सफल चलचित्रमा दरियो, तर चलचित्रभन्दा बढी सफलता एक्सन नायक कार्कीले पाए। निखिल उप्रेती, विराज भट्टपछि खतरनाक स्टन्टका लागि अर्जुन कार्कीको नाम चल्न थालेको छ। स्टन्ट र अर्जुन एक-अर्काका पर्याय बनेको अवस्थामा नेपाली दर्शकले यी नयाँ नायकलाई पनि साथ दिने देखिन्छ।

■ हिरो हुन राम्रो अनुहार चाहिन्छ भन्ने आधारलाई पछ्याउने हो भने आर्यन सिग्देलले पनि बलियो सम्भावना बोकेका छन्। सिग्देलद्वारा अभिनीत पहिलो चलचित्र 'किस्मत' गत वर्ष सुपरहिट भएपछि अहिलेका नयाँ नायकहरूमध्ये चकलेटी नायक आर्यन एक कदम अगाडि पुगेका छन्। अभिनय क्षेत्रमा स्थापित हुन करिब एक दशक संघर्ष गरिरहेका यी नायक यतिखेर आफ्नो रेट तोक्ने अवस्थामा पुगिसकेका छन्। सुदर्शन थापाको निर्देशनमा बनिरहेको महत्त्वाकांक्षी चलचित्र 'मेरो एउटा साथी छ' मा मुख्य भूमिकामा अभिनय गरिरहेका आर्यन यो चलचित्र पनि सुपरहिट नै हुने जिकिर गर्छन्।

■ नायक सुमन सिंहका निम्ति तुलसी घिमिरे निर्देशित चलचित्र 'दुई किनारा' पहिलो गासमै ढुङ्गा लागेजस्तै भयो। मोडलिङमा फाट्टफुट्ट काम गरेपछि आएका अफरलाई स्वीकार गर्ने क्रममा उनी उक्त चलचित्रको नायक बनेका थिए। यो चलचित्र फ्लप चलचित्रमा दरियो। चलचित्र क्षेत्रमा जम्न 'केही चाहिन्छ' भन्ने कुरा पनि उनलाई त्यही फिल्मले सिकायो। त्यसपछि केही समय हराएर सानो पर्दा हुँदै ठूलो पर्दामा आएका सुमन अहिले व्यस्त नायक बनेका छन्।

■ चलचित्रको सबैभन्दा महत्त्वपूर्ण पक्ष नै अभिनय हो। अभिनय खुबीकै कारण चलचित्रमा ब्रेक पाएका नायक राजबल्लभ कोइरालाको पहिलो सेल्युलाइड चलचित्र 'पर्खिबसें' व्यावसायिक रूपमा सफल चलचित्रमा दरिइसकेको छ। पर्खिबसेंमा अभिनय गरेपछि दुई वर्ष थन्किएका यी नायक यतिखेर व्यस्तताकै कारण दुई सिफ्टमा काम गर्न बाध्य छन्। पर्खिबसे र म दुवै सफल भयौं, प्रफुल्लित हुँदै कोइरालाले भने- बीचको केही समय अब के गर्ने होला भनेर सोच्न बाध्य भएको थिएँ, तर धैर्य गर्‍यो भने अवश्य सफलता हात पर्दो रहेछ भन्ने लाग्न थालेको छ।

■ २५ वर्षअघि निर्माण भएको सुपरहिट चलचित्र कुसुमे रुमालको सिक्वेलको निर्माण कार्य तीव्र गतिमा भैरहेको छ। गोपीकृष्ण ब्यानरले ड्रिम प्रोजेक्टका रूपमा सार्वजनिक गरेको सिक्वेल कुसुमे रुमालले प्रदर्शन हुनुअगावै पर्याप्त चर्चा पाइसकेको छ। बाबु पुस्ताले काम गरेको पुरानो कुसुमे रुमालको सिक्वेलमा भने छोरा पुस्ताले काम गरिरहेका छन्। निर्माण पक्षदेखि कलाकारसम्म सबै नयाँ रहेको यो चलचित्रका प्रमुख नायक पनि नयाँ नै छन्। झापाका नीरज बराल यो ड्रिम प्रोजेक्टका ड्रिम हिरो हुन्।

**बाँकी पृष्ठ १० मा**

## क्यासेट



### हर्ट


गायक सुनील जोशीको एकल गीतिसंग्रह 'हर्ट' श्रोतामाझ आएको छ। राजेश लामाका शब्द तथा संगीत रहेको यो संग्रहलाई ब्ल्याक हर्स इन्टरटेनमेन्ट फिल्मले बजारमा ल्याएको हो। आठवटा गीत संग्रहीत हर्टको एउटा गीत गायक स्वयंले लेखेका हुन्।

### सुवाघाटको पुल



सुर्खेतस्थित सुवाघाटको पुल दुर्घटनामा परेकाहरूको स्मृतिमा गायक गायिका चन्द्र सुनार र साधना पराजुलीले गीतिसंग्रह 'सुवाघाटको पुल' श्रोतामाझ ल्याएका छन्। तरेली संगीत कुञ्जको प्रस्तुतिमा बजारमा आएको यो संग्रहमा स्वर प्रकाश छेत्री, चन्द्र सुनार, देवी घर्तीमगर तथा साधना पराजुलीको छ। संग्रहको भाग १ मा घटनाको आलो घाउले होलान् कति रुनी र भाग २ मा कसको छाती चिरिन्न र काखै रित्तो बन्दा गीत सुन्न सकिन्छ। गीतको शब्द चन्द्र सुनारले लेखेका हुन्।

### भुमो



गायक सुजिल कर्माचार्यको एकल गीतिसंग्रह 'भुमो' श्रोतामाझ आएको छ। द रिवेल क्रियसनले बजारमा ल्याएको यो संग्रहका सबै गीतको शब्द तथा संगीत गायक कर्माचार्यको आफ्नै हो। आठवटा गीत संग्रहित यो संग्रहका गायक सुजिल 'द सिजन्स ब्याण्ड' का सदस्य हुन्।

## रंगमञ्च

• नवप्रभात समूह बहेडुवाले गत शुक्रबार गाईघाटमा मनसुन पूर्व-प्रकोपसम्बन्धी सडक नाटक प्रदर्शन गरेको छ। एक्सनएड नेपाल गाईघाटको सहयोगमा प्रस्तुत सडक नाटक भूक्षय, बाढी, पहिरो, दैवी प्रकोप, भूकम्प आदि आउनुपूर्व कसरी बच्न सकिन्छ भन्ने विषयमा केन्द्रित थियो। नाटकको बीच-बीचमा जनचेतनामूलक गीतमा स्थानीय कलाकारहरूले नृत्य प्रस्तुत गरेका थिए।

• लागूऔषध दुर्व्यसन रोक्न हिमालयन थिएटरले अघिल्लो बिहीबार मञ्चन गरेको नाटक 'टाढै बसौं' दर्शकले रुचाएका छन्। रंगकर्मी जेबी रुवालीद्वारा लिखित उक्त नाटकलाई विश्व लागूऔषध नियन्त्रण दिवसको अवसर पारेर मञ्चन गरिएको हो। बढ्दो बेरोजगारी, पारिवारिक बेवास्ता, कुलतमा लागेका साथीको संगतजस्ता विविध कारणले युवापुस्ता दुर्व्यसनमा फसेको विषय नाटकमा समेटिएको थियो।

• रत्नपार्क, कोटेश्वर तथा चाबहिलमा चेतनामूलक सडक नाटक 'नबुझ्दाको परिणाम' मञ्चन गरिएको थियो। एचआईभी एड्सविरुद्ध जनचेतना जगाउने उद्देश्यले हिमालयन थिएटरले मञ्चन गरेको उक्त सडक नाटकमा सानो गल्तीले जिन्दगी भत्किएको कथा समेटिएको थियो। रामबाबु रेग्मीद्वारा निर्देशित उक्त नाटकले स-साना कमजोरीले जीवनमा ठूलो परिवर्तन ल्याउने हुँदा सतर्क रहनु पर्ने सन्देश त बोकेकै छ यसबाहेक पुरुषप्रधान समाजमा नारीमाथि थोपरिने आरोप तथा गरिने तीतो व्यवहारसमेत नाटकमा समेटिएको थियो।

## ग्यालरी

• पत्रकारिताका विद्यार्थीहरूको तेस्रो फोटो प्रदर्शनी यही असार ७ गते नेपाल कला परिषद्, बबरमहलमा सुरु भएर असार ११ गते बुधबार सम्पन्न भयो। काठमाडौंका २१ वटा उच्चमाध्यमिक विद्यालयका ६५ जना आम-सञ्चारका विद्यार्थीका ६५ वटा तस्विर प्रदर्शनीमा राखिएका थिए। संस्कृति, सम्पदा, वातावरण तथा राजनीतिजस्ता विषयमा आधारित उक्त फोटो प्रदर्शनीको आयोजन नेसनल फोटोग्राफी तथा प्रायोजक स्टुडियो सेभेनले गरेका थिए। प्रदर्शनीमा आगन्तुकहरूको मतका आधारमा तीन जनालाई पुरस्कृत गरिएको थियो। अत्यधिक मतका आधारमा पुरस्कार प्राप्त गर्नेमा युनिभर्सल एकेडेमीकी सुश्री प्रीति श्रेष्ठ, ओरियन्ट कलेजका आशिष मानन्धर तथा सिद्धार्थ एकेडेमीका पुष्कर खनाल रहे। त्यस्तै अग्रज फोटोपत्रकारहरूको निणार्यक मण्डलद्वारा तीन उत्कृष्ट तस्बिर छनौट गरियो। उत्कृष्ट तीन फोटोग्राफरमा रेडन कलेजका करणबहादुर खत्री, नेसनल क्याम्पसका कञ्चन तामाङ तथा काठमाडौं मोडेल कलेजकी रीता श्रेष्ठ रहे।

• कलाकार ज्ञानमणि रायले तयार पारेका कलाकृतिहरूको प्रदर्शनी गत बुधबार सम्पन्न भएको छ। अघिल्लो बुधबारदेखि एक सातासम्म चलेको प्रदर्शनीमा कलाकार रायसहित नेदरल्यान्डकी चित्रकार जोलान्डा औकोटका कलाकृतिसमेत समावेश थिए। 'नेपाल स्केप्स' शीर्षकमा सिद्धार्थ आर्ट ग्यालरीमा सञ्चालित प्रदर्शनीमा रायका १४ तथा औकोटका २२ थान कलाकृति समावेश थिए। प्रदर्शनमा समावेश गरिएका चित्रकला आफूले देशभरि डुलेर विभिन्न ठाउँका संस्कृति तथा धार्मिकस्थलमा आधारित भएको कलाकार राय बताउँछन्। उनका कृतिहरू जात्रा, मन्दिर, घण्टी तथा सिम्बोलिज श्रृंखलाअन्तर्गत प्रदर्शित थिए। विदेशी नागरिक औकोटले भने राजधानीदेखि चितवनसम्म पुगेर तयार गरेका सिर्जनाहरू प्रदर्शन गरेकी थिइन्। उनले नेपाली समाजलाई क्यान्भास तथा चित्रपटमा आकर्षक ढंगले उतार्ने प्रयास गरेकी छिन्।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

घरेलु समस्याले सताउनेछ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। कुरा काट्नेहरूबाट सजग रहनुहोला। गलत विचार बढ्नेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले हात बढाउन सक्छन्। काममा अवरोध आउनाले मनोबल घट्नेछ। काममा गोपनियता अपनाउनुपर्ने बेला छ।

### वृष

पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने सम्भावना छ। मान-सम्मान पाउनुहोला। अरूबाट सहयोग हासिल हुनेछ। ठूला व्यक्तिसित संवाद हुनेछ। अध्ययनमा सफलता पाइनेछ। सन्तानको सफलताले खुसी बढ्नेछ। व्यवसायमा लाभ मिल्नेछ। विवादमा अघि नबढ्नु नै उचित हुनेछ।

### मिथुन

विवादबाट टाढै रहनुहोला। धनमाल हराउन सक्छ। आइतबारदेखि पराक्रम बढ्ने, काममा सफलता मिल्ने एवं प्रसन्नता बढ्ने योग छ। व्यवसायमा लाभ मिल्नेछ। लाभदायक यात्रा हुनसक्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। अरूबाट सहयोग पाइने सम्भावना छ।

### कर्कट

मान-सम्मान पाइने सम्भावना छ। काममा सफलता मिल्नेछ। सभा-सम्मेलन एवं भोजभतेरमा सहभागी हुने अवसर जुट्नेछ। पराक्रम बढ्नेछ। धेरै अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग पाइनेछ। रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला।

### सिंह

खर्च एवं विवाद बढ्नेछ। काममा सफलता पाउन गाह्रो छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। रिसको मात्रा बढ्नेछ। समयमा निर्णय नहुँदा अरूबाट आलोचित हुनुपर्नेछ। आइतबारदेखि मान-सम्मान पाइने, काममा सफलता मिल्ने, धन आर्जन हुने तथा व्यवसाय बढ्ने योग छ। अरुबाट प्रशंसा पनि पाइनेछ।

### कन्या

खर्च बढे पनि प्रशस्तै आम्दानी होला। काममा सफलता पाइने बेला छ। व्यवसायमा प्राप्त हुने लाभ कायमै रहनेछ। अरूको विश्वास जित्न सकिनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। बोलीको प्रभाव बढ्नेछ। अध्ययनमा अवरोध खडा हुनसक्छ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### तुला

समय राम्रो छ। काममा सफलता मिल्नेछ भने व्यवसायमा लाभ प्राप्त होला। पराक्रम बढ्नेछ। धेरै अधुरा काम पूरा हुनेछन्। नयाँ काम हात लाग्न सक्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। मान-सम्मान एवं महत्त्वपूर्ण जिम्मेवारी पाइने सम्भावना छ। बुधबार तथा बिहीबार चिन्ता एवं अस्थिरता बढ्न सक्छ।

### वृश्चिक

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछ। स्वास्थ्य गडबड हुनसक्छ। आइबारपछि मान-सम्मान पाइनेछ। धन आर्जन हुने देखिन्छ। पराक्रम बढ्नेछ भने अध्ययनमा सफलता मिल्नेछ। भाग्यले साथ दिनेछ। अरूको मन जितेर सफलता प्राप्त हुनेछ।

### धनु

स्वास्थ्य गडबड रहन सक्छ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। नैराश्यता एवं उदासीनता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। मंगलबारदेखि भाग्यले साथ दिन थाल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने सम्भावना छ। व्यवसायमा सुधार आउनेछ। सफलताका लागि गोपनियता अपनाउनु राम्रो हुनेछ।

### मकर

व्यवसाय बढ्नेछ। काममा सफलता मिल्नेछ भने मन प्रसन्न रहनेछ। अध्ययनमा सफलता पाइनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। पहिलो भेटमै अरूको विश्वास जित्न सकिनेछ। सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### कुम्भ

परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको विश्वास जित्न सकिनेछ। पराक्रम बढ्नेछ भने मान-सम्मान पनि पाइने सम्भावना छ। व्यवसायमा सफलता हात लाग्नेछ। यात्रा हुनसक्छ। अध्ययनमा सफलता हासिल हुनेछ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहन सक्छ। मन चिन्तित हुने योग पनि छ।

### मीन

गलत विचार बढेर काममा अवरोध आउन सक्छ। चिन्ता एवं घरेलु समस्या बढ्न सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। सोमबारपछि धन आर्जन गर्न सकिनेछ। व्यवसायबाट लाभ होला। अध्ययनमा सुधार आउनेछ। अरूबाट सहयोग पनि पाइने सम्भावना छ भने प्रसन्नता बढ्नेछ।

### यो साताको पञ्चाङ्ग

असार २० गते : जगन्नाथ रथयात्रा, २३ गते : विश्व सहकारी दिवस, २५ गते : गंगामाई रथयात्रा, २६ गते : बीपी स्मृतिदिवस, बालकृष्ण सम स्मृतिदिवस।



## साता संक्षेप

**असार १३ गते शुक्रबार**

• संविधानसभाको बैठकमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा राजीनामाको घोषणा,सहकार्यमा अघि बढ्न सात दललाई आग्रह ।

• मधेसवादी दलहरूको माग समेटिनुपर्ने माग राख्दै रोस्टम घेराउपछि संविधानसभाको बैठक अवरुद्ध, तत्कालीन संयुक्त मधेसी मोर्चा तथा सरकारबीच भएको सहमति लागू गर्नुपर्ने माग ।

• संविधानसभा अवरोधका कारण नयाँ सरकार निर्माणमा कठिनाइ, संविधान संशोधन नहुँदा राष्ट्रपति चयनमा पनि अवरोध ।

• नेपाली युवक चन्द्रशेखर यादवलाई कतारको पुनरावेदन अदालतद्वारा मृत्युदण्डको फैसला, इन्डोनेसियाली युवतीको हत्या गरेको अभियोग ।

• सेती नदीमा खसेकी साढे दुई वर्षकी बालिकाको उद्धार गर्ने कमल नेपालीलाई सहयोगको ओइरो, जेभियर इन्टरनेसनल कलेजद्वारा स्नातकसम्मको अध्ययन गराउने हस्ताक्षर ।

• माओवादीद्वारा हत्या गरिएका पत्रकार डेकेन्द्र थापाको चार वर्षपछि उत्खनन, उत्खननमा राष्ट्रिय मानवअधिकार टोलीका विशेषज्ञहरूको संलग्नता ।

• पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिन चार साना दलद्वारा उपत्यका बन्द, जनजीवन कष्टकर ।

**असार १४ गते शनिबार**

• नेकपा (माओवादी) तथा नेकपा (एमाले) द्वारा मधेसवादी दलले उठाएको 'एक मधेस प्रदेश' संविधानमा समेट्न अस्वीकार, मधेसवादी दलको अडान कायमै ।

• जुम्लामा झाडापखालाबाट ६ को मृत्यु ।

• नोएडा हत्याकाण्डमा एक भारतीय किशोरी तथा एक जना नेपालीको हत्या भएको विषयमा अनुसन्धान गर्न अर्का नेपाली गिरफ्तार, नेपालीलाई फसाउने षड्यन्त्र भएको भन्दै प्रवासी नेपालीद्वारा विरोध ।

• मूल्यवृद्धिपछि पनि पेट्रोलियम पदार्थको हाहाकार, सरकार तथा पेट्रोल डिलर एसोसिएसनबीचको वार्ता असफल ।

**असार १५ गते आइतबार**

• समग्र तराई एक प्रदेशको माग जायज नभएको भन्दै तराईका थारुहरूद्वारा विरोध, मधेसवादी दलले संविधानसभा अवरुद्ध गरे आन्दोलनको चेतावनी ।

• डिजेल अभावले तराई क्षेत्रमा रोपाइँ अलपत्र, पहाडी क्षेत्रमा ४० प्रतिशत रोपाइँ सकियो ।

• पर्सामा पानीसम्बन्धी विवादमा गोली चल्यो, १२ जना घाइते ।

**असार १६ गते सोमबार**

• मधेसवादी दलहरूद्वारा स्वायत्त मधेस तथा सेनामा समूहगत प्रवेश विषयलाई लिएर सदन अवरुद्ध भएको विषयमा एक भएर जान प्रमुख तीन दल सहमत, सरकारसँग विगतमा भएका सम्झौता कार्वान्यन गर्न कार्यदलको गठन ।

• सरकारले अनमिनको म्याद थप, केही अधिकार कटौती गरिने ।

• पोखराको खोँचबाट अढाई वर्षकी बालिका बचाउने कमल नेपालीलाई सरकारद्वारा ३ लाख रुपैयाँ सहयोग, बढी सहयोग गरेको अवस्थामा बालमनोविज्ञानमा असर पर्ने चिकित्सकको दावी ।

• बढ्दो विद्युत्को मागका कारण वर्षामा पनि लोडसेडिङ हटेन, बर्खा सकिएपछि लोडसेडिङको समय बढ्दै जाने विद्युत् प्राधिकरणको भनाई ।

• पेट्रोलियम व्यवसायीद्वारा बन्द गरिएको तेलको बिक्री पुनः प्रारम्भ, आयल निगमले पर्याप्त नदिएका कारण अभाव कायमै ।

• कालिकोटको छाप्रेमा पखालाबाट २ को मृत्यु, ८ सिकिस्त ।

**असार १७ गते मंगलबार**

• गुलरियाका पूर्व नगरप्रमुख गोविन्द पाण्डेको जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताद्वारा हत्या ।

• भारतको जम्मु कस्मिरमा काम गर्न गएका २ नेपालीको मृत्यु ।

• समलिंगी भएको आरोपमा नेपाली सेनामा कार्यरत एउटी महिला बर्खास्त, तेस्रो लिंगी भएकै कारण बर्खास्त गरिनु गैरकानुनी भएको ब्लु डाइमन्ड सोसाइटीको प्रतिवाद ।

• सिराहा, सिसवनीका अन्तर्जातीय विवाह गर्ने जोडीलाई गाउँ निकाला, गाउँ निकालापछि घर जलाइयो ।

**असार १८ गते बुधबार**

• मोरङ्को डाँगीहाटमा जन्तीबस दुर्घटना हुँदा ४ को मृत्यु, ५ घाइते ।

• मोरङको मझारेमा रहेको डनबस्को बोर्डिङ स्कुलका प्रिन्सिपल जोनप्रकाशको अज्ञात समूहद्वारा गोली हानी हत्या ।

• स्वायत्त मधेसका विषयमा प्रमुख तीन दल तथा मधेसवादी तीन दलबीच संविधान संशोधन गर्ने विषयमा सहमति ।

• शुक्लाफाँटा वन्यजन्तु आरक्षमा बाघको सङ्ख्या घट्यो, भारतीय सिकारी पल्केको आशंका ।

# बालसौन्दर्य प्रतियोगिता

वीरगन्ज – स्थानीय नटराज डान्स स्कुलको आयोजनामा बालसौन्दर्य प्रतियोगिता 'तराई किड क्विन- २००८' शनिबार साँझ वीरगन्जमा सम्पन्न भयो । प्रतियोगिताको मुकुट १२ वर्षीया प्रिशु शर्माले पहिरिन । दोस्रो स्थानमा सुप्रिया अर्याल र तेस्रो स्थानमा निलिसा खड्गी रहे । ८ देखि १३ वर्षसम्मका बालिकालाई सहभागी गराइएको कार्यक्रममा १५ जनाले प्रतिस्पर्धा गरेका थिए ।

स्थानीय बालिकाहरूले आफ्नो प्रतिभा देखाउन पाउने भएकाले यस्तो प्रतियोगिता गर्न अघि सरेको आयोजक निभा दास बताउँछिन् । श्रीमती दासको अगुवाइमा यसअघि वीरगन्जमा तीन पटक बालसौन्दर्य र एकपटक श्रीमती सौन्दर्य प्रतियोगिता भैसकेको छ । सामूहिक नृत्य, क्याटवाक तथा परिचय, ट्यालेन्ट र प्रश्नोत्तर राउन्डमार्फत विजेता चयन गरिएको थियो ।

प्रतियोगी बालबालिकाहरूलाई त यस्तो प्रतियोगिताले उत्साही बनाउने गरेको छ नै, अभिभावक वर्ग पनि सौन्दर्य प्रतियोगिताप्रति सकारात्मक हुँदै गएका छन् । यस्ता प्रतियोगितामा भाग लिँदा नानीहरूको आत्मविश्वास वृद्धि हुन्छ, मासमा प्रस्तुत हुने आँट आउँछ । आठ वर्षीया छोरी दीक्षा नगरसभागृहमा धक नमानी प्रस्तुत भएपछि गदगद भएका लक्ष्मण थापा भन्दै थिए, 'एक महिनाको ट्रेनिङले छोरीको आत्मविश्वास बढेछ ।'



बालबालिकाको व्यक्तित्व विकासमा सघाउ पुर्‍याउने भए पनि विपन्न परिवारका नानीहरू सौन्दर्य प्रतियोगितामा सहभागी हुन सजिलो छैन । प्रतियोगिताका लागि चाहिने थरीथरीका लुगाफाटा, महिनौं लामो तालिमका लागि आवश्यक पैसा जुटाउन विपन्न परिवारलाई कठिन छ । यो प्रतियोगितामा सरकारी स्कुलमा पढ्ने एक जना पनि बालिका नपर्नुले पनि बालसौन्दर्य प्रतियोगिता उनीहरूको पहुँचबाहिर भएको देखाउँछ ।

**– सुजित महत**





पासहुनेगरी पढ्न आउनुहोस् ।
भर्ना खुल्यो !
समय: बिहान/दिउँसो/बेलुका
माध्यम: अंग्रेजी/नेपाली
SLC पूरक परिक्षा-064
'पढ्ने पढाउने त कला हो' Maths/Science/English तथा अन्य पनि विषय सजिलै पास गर्नेको लागि CAPSULE कक्षा सञ्चालन भइरहेछ । समयमै भर्ना भई मौकाको फाइदा लिनुहोस् ।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, ✆ 4422105

तु आवश्यकता
NGO द्वारा विगत ४ वर्षदेखि सञ्चालित संस्थालाई कर्मचारीहरुको आवश्यकता । पार्टटाइम, फुलटाईम जबको व्यवस्था ।
तलब-७००० +गाडीभाडा
संख्या: १९ जना
योग्यता: साधरण लेखपढ, Test-SLC +2 दिएर बसेका विद्यार्थीहरुका लागि उपयुक्त
सम्पर्क:
२०६४०५९, ९८०३०७५९८१, ९८४१४९३०२६
नोट : विद्यार्थी, महिला लाई प्राथमिकता
शनिबारपनि अफिस खुल्ला रहनेछ

भरपर्दो उपचार
-अनुहारमा भएका दाग,कोठीहरु हटाउन
-अप्रेशनपछिको दागहरु हटाउन
-पोलेको घाउको उपचार
-ट्याटुहरु हटाउन
-मंगोलियन आँखाको उपचार
-कष्मेटिक सम्बन्धि सम्पूर्ण कोर्षहरु
सम्पर्क:
०१६९१०५३२, ९८०३८८३५७७

NGO को सहयोगमा संचालित
नि:शुल्क ब्युटिसियन तालिम लिई स्वरोजगार बनौं ।
❊ वर्षौं अनुभवी प्रशिक्षकद्वारा सिकाइने ।
❊ आधुनिक मेसिनबाट सिकाइने ।
❊ विदेश जानेको लागि Special Class
❊ उत्कृष्टहरुलाई रोजगारीको अवसर
ग्यारेन्टीका साथ
Basic/Advance/Diploma/ Hair Special/ Skin Care
सम्पर्क :
Princess Beauty Home
चाबहिल (श्रेष्ठ टेलरिङ्ग अगाडि)
मोबाइल : ९८४१७६६२१४, ९८४१४१५२१५


महिला तथा पुरूषहरूको लागी
नि:शुल्क व्यूटिसियन ट्रेनिङ्
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरुद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यारेन्टीका साथ Basic, Advance, Diploma,Hair Dressing Teacher Course र Advance Skin Therapy का साथै अन्य Special कोर्षहरुमा ग्यारेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
SLC दिएर बसेका विद्यार्थीहरुलाई विशेष ग्राह्यता
✪ विदेश जानेहरुको लागी विशेष कोर्षको पनि व्यवस्था छ ।
सम्पर्क:
एन्जल ब्यूटी होम
चावहिल चोक लेडिज एण्ड जेन्स् पार्लर -४४९००८७, डिल्लीबजार -४४२७३३१, लगनखेल पाटन अस्पताल संगै -९८४१३२३६३१, नयाँ बानेश्वर -४१०४०२०, क्षेत्रपाटी चोक -४२५५९९०, नारायणघाट धर्मचोक - ९८४५०५५७०५




होटल तालिम त्यो पनि छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
2003 मा स्थापित Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
EPS मा कोरियन भाषाको तालिम
- UK, Australia, Canada मा student visa मा जानेलाइ Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
होस्टलको पनि व्यवस्था छ
- ६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
Student Visa मा जानेलाई Special Discount
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
Bagbazar, Near P.K. Campus way to Ratnapark
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Tourism-Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200575, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

## सम्पादकीय

# अनियन्त्रित महँगी

कुनै पनि समाजसँग प्रत्यक्ष सरोकार राख्ने विषय भनेको त्यहाँको बजार मूल्य हो। बजारमा उपलब्ध दैनिक उपभोग्य वस्तुहरूमा हुने मूल्यवृद्धिले आमजनतालाई मात्र नभै सरकारलाई समेत अप्ठ्यारोमा पार्छ। कतिपय अवस्थामा पनि अनियन्त्रित बजारले नै सरकारको भविष्यको समेत निर्धारण गरेको उदाहरण पाइन्छ। अहिले हाम्रो मुलुक यस्तै अनियन्त्रित बजार मूल्यको चपेटामा परेको छ। अहिले उच्च रहेको बजारमा मूल्यवृद्धिदर (मुद्रास्फीति) का कारण मुलुकको अर्थतन्त्रले जटिल चुनौतीको सामना गर्नुपरिरहेको छ। त्यसो त मुद्रास्फीति अहिले नेपालमा मात्र नभै संसारभरि नै एउटा समस्याका रूपमा देखा परेको छ। तर अन्यत्रको मुद्रास्फीतिको तुलनामा हामी किन बढी मारमा परेका छौं भने अन्यत्र सरकार बजारमा हस्तक्षेप गर्ने हैसियतमा रहेको छ भने हामी कहाँ सरकार नै छ कि छैन ? भन्ने स्थिति देखिएको छ। सरकारको प्रभावकारी उपस्थितिको अभावमा नेपाली बजार जुन किसिमले अनियन्त्रित हुँदै गएको छ, त्यसले दैनिक मजदुरी गरेर जीवननिर्वाह गर्ने तल्लो तहका नागरिकहरूको मात्र नभै मध्यम तथा निम्नमध्यमवर्गका नागरिकहरूको दैनिक जीवनलाई समेत प्रभावित गरेको छ।

अहिले देखिएको मूल्यवृद्धिको चाप अनपेक्षित भएको र यो चाँडै नियन्त्रणमा आउने दावी गरिए पनि त्यो कसरी सम्भव छ ? भन्ने कुरामा हाम्रा अर्थविज्ञहरू मौन छन। उनीहरूले पछिल्लो छ महिनामा पेट्रोलियम पदार्थमा भएको दोब्बर वृद्धि र त्यसले अन्तर्राष्ट्रिय बजारमा पारेको प्रभावका कारण नेपालमा बजार मूल्य बढेको शास्त्रीय तर्क दिँदै आएका छन्। कतिपय दृष्टिकोणबाट हेर्दा उनीहरूको तर्क ठीक देखिए पनि सरकारले सीमान्तवर्गका नागरिकहरूलाई दिनुपर्ने न्यूनतम राहतका लागि जे–जस्ता कदमहरू चालिनुपर्थ्यो त्यस्तो कदम चाल्नबाट हाम्रो सरकार चुकेको छ। संविधानसभा निर्वाचनपछि स्थिर हुन पुगेको मुलुकको राजनीतिका कारण यस्तो अवस्था सिर्जना भएको हो। संविधानसभा निर्वाचनपछि मुलुकले बेहोर्दै आएको सबैखाले गतिरोधहरूको अन्त्य भै मुलुक नयाँ युगमा प्रवेश गर्नेछ भने पूर्वाअनुमानका विपरीत परिस्थिति सिर्जना भएपछि बजार मूल्य थप अनियन्त्रित हुन पुगेको तर्फ आँखा चिम्लिन मिल्दैन। यस्तो स्थितिमा अझै केही समय जारी नै रहने संकेत राजनैतिक घटनाक्रमहरूले देखाएका छन्। यस्तो स्थितिमा निकट भविष्यमा बजार मूल्य नियन्त्रित हुन्छ भन्ने आशा सायदै कसैले गरेको होला। तसर्थ अहिलेको अवस्थामा सरकारले कामचलाउ भए पनि जनतालाई तत्काल राहत महसुस हुने कार्यक्रमहरू ल्याउन थप ढिलाइ गर्नु हुँदैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### शिक्षक–शिक्षिकालाई सल्लाह

विद्यार्थी जीवन भनेको आफ्नो भविष्य उज्ज्वल तुल्याउन अभ्यास गर्ने बेला हो। विद्यार्थी जीवनमा राम्रोसँग अध्ययन गरिएन वा भनौं नराम्रो बाटोमा लागियो, अर्थात् पाइला बिराइयो भने भोलि पछुताउनुपर्छ। यसकारण विद्यार्थी जीवनमा अध्ययनका अतिरिक्त अरू नकारात्मक कुरामा जिज्ञासा राख्नु घातक हुन्छ।

आजभोलि स्कुल पढ्दादेखि नै प्रेम गर्ने फेसन चलेको छ। कक्षा पाँच र छ उक्लिरहेका केटाहरूबीच केटा साथी र केटी साथीका बारेमा कुरा चलिहाल्छ। तिम्रो ब्याइफ्रेन्ड को हो ? एउटीले अर्कीसँग सोधे प्रश्न सामना गर्ने लाजले भुतुक्क हुन्नन्, बरु मेरो फलानो हो, तिम्रोचाहिँ को हो नि ? भनेर उल्टो प्रतिप्रश्न गर्छिन्। एक हिसाबमा सानै उमेरमा आएको यो स्पष्टता सकारात्मक पनि हो, तर विद्यार्थी जीवनमा प्रेमका कारण कैयन्को भविष्य चकनाचूर भैरहेको छ। कैयन् अभिभावकका सपना पनि यिनै कारणले धूमिल भैरहेको छ।

चलचित्रको प्रभावले गर्दा नै कलिला नानीहरू रंगीन संसारमा तानिएका हुन्। निजी स्कुलले लादेको शैक्षिक चापले पनि विद्यार्थीहरू यस्ता बाटामा डोरिँदै गएका छन्। प्रेम गरे पढाइको टेन्सन हुँदैन भन्ने भावना तिनीहरूको मनमा छ।

प्राचीन कालमा गुरुकुलमा गुरुले शिक्षा दिँदा पहिलो कक्षामा नै विद्यार्थी जीवनमा पालना गर्नुपर्ने नियमका बारेमा जानकारी दिन्थे। विद्यार्थी जीवन भनेको ब्रह्मचर्य जीवन हो भनेर आफ्नो उज्ज्वल भविष्य पछ्याउन गुरुहरूले सल्लाह दिन्थे, न कि प्रेमको। अहिले यस्तै नैतिक शिक्षाको खाँचो छ। विद्यार्थीवर्गमा पनि गुरुभक्ति सेलाउँदै गएको छ भने गुरुले दिने शिक्षा पनि आफ्नो भविष्यको स्वार्थमा प्रेरित छ। कुनै पनि शिक्षकले सातामा एकपटक मात्र भए पनि विद्यार्थी जीवनमा गरिने प्रेम र राखिने शारीरिक सम्पर्कको दूरगामी प्रभावलाई औंल्याइदिने हो भने विद्यार्थीहरूको किताबसँगको बढ्दो दूरी केही इन्च भए पनि घट्न सहयोग पुग्थ्यो, तर आफ्नो भविष्यको स्वार्थमा प्रेरित शिक्षक र शिक्षिकाहरूले कक्षा पाँच र छ पढ्ने बालबालिकाको प्रेम चाल पाएर पनि आँखा तर्छन्।

गुरुकुलमा जस्तो आजको समयका गुरुहरूमा पनि गुरुत्व भैदिएको भए गुरुको पाउमा औंला चढाउने एकलव्यहरू आज पनि निस्कन्छन्। शिक्षक–शिक्षिका आफ्नो भविष्यको स्वार्थतिर तानिँदा, विद्यार्थीहरू पनि आफ्नै भविष्यको स्वार्थमा लीन हुन थालेका हुन्। आज विद्यार्थीलाई आफ्नै छोराछोरी जस्तो माया गर्ने शिक्षक–शिक्षिकाहरूको खाँचो छ। जसरी छोराको बिग्रँदो पथलाई त्याग्न बाबुले इसारा गर्छ, त्यस्तै इसारा आज शिक्षक र शिक्षिकाहरूले बिग्रिरहेका विद्यार्थीहरूका निम्ति पनि गर्नुपर्छ। यसका लागि गुरु र विद्यार्थीमा मैत्रीभाव हुनुपर्छ, फलस्वरूप गुरुको आज्ञा शिरोपर गर्न विद्यार्थीहरू लालायित हुन्छन्। जनसंख्या तथा स्वास्थ्य पढाउने शिक्षकको आवाज 'क्यान्सर' पढाउँदा उचो हुनु र 'भिरुङ्गी' पढाउँदा तल हुनुमा मैत्री भावको अभाव नै कारक हुन्छ। त्यस्तै गुरुले आफ्नै विद्यार्थीलाई कामुक नजरमा हेर्नुमा र विद्यार्थीले आफ्नै गुरुआमालाई कामुक नजरले डाम्नुमा पनि मैत्री भावको अभाव नै कारकका रूपमा देखिन्छ।

विद्यार्थी जीवनमा गुरुको स्थानको ठूलो महत्व छ। यसकारण शास्त्रमा 'मातृदेवो भवः पितृदेवो भवः गुरुदेवो भवः' भनिएको छ। यो श्लोकले गुरुलाई माता–पिताको स्थानमा उभ्याइदिएको छ। गुरुले विद्यार्थीको जीवनमा माताले जस्तो स्नेह र पिताले जस्तो कर्तव्य दिने भएकाले शास्त्रले गुरुलाई यो स्थान दिएको हो, तर आजभोलिका कतिपय गुरु शास्त्रको ठीक विपरीत देखा पर्न थालेका छन्।

कुनै कुनै निजी स्कुलले विद्यार्थीहरूलाई तह लाउन स्कुलको प्राङ्गणमा केटाले केटीको हात समातेको, चुम्बन गरेको वा समष्टिमा माया गरेको दृश्य देखिए दुवैलाई निष्कासन गर्ने नियमसम्म बनाएका छन्। यस्ता नीतिले विद्यार्थीहरूलाई मानसिक रूपमा विचलित बनाउँछ। यस्तो व्यवस्थाले विद्यार्थीहरूको मनमा विद्यालय प्रशासनप्रति एक प्रकारको घृणा उब्जन्छ। विद्यालयको प्रतिबन्ध तिनीहरूका निम्ति प्रणय ऊर्जा हुन पुग्छ र उनीहरू प्रशासनको आँखा छली लुकी–लुकी माया गर्न थाल्छन्।

काँचो उमेरमा चलचित्र अरू प्रभावले केटाकेटी विपरीत लिङ्गप्रति आकर्षित हुनु नौला कुरा होइन। पुस्तकको संसारबाट विश्राम पाएर मायालुको काखमा निदाउने चाहना किशोरावस्थाको पहिलो तरङ्गमा नै हुने हो। यी कलिला नानीहरूको मानसिकता बुझेर, शिक्षक र शिक्षिकाहरूले तिनीहरूसँग मैत्री भाव राखेर तिनीहरूलाई भविष्यप्रति सजग बनाउन पहल गर्नुपर्छ। असमयमा स्थापित शारीरिक सम्पर्कहरूको दुष्परिणाम सुनाएर, उमेर र शारीरिक सम्पर्कको समीकरणका बारेमा धक नमानी जानकारी दिनुपर्छ। यसो भए मात्र केही वर्षका लागि प्रत्येक बालबालिकाको प्रेमी–प्रेमिका पुस्तक हुन्छ र उनीहरू उज्यालो भविष्यतर्फ डोरिन्छन्।

–प्रेमकृष्ण श्रेष्ठ

## तीतो सत्य

• कसैप्रति छिटो विश्वास गर्नु नै आफ्नो कमजोरीको पर्खालमा अरू एउटा इँटा थप्नु हो।

**बद्रीगोपाल रिसाल, इटहरी**

• जीवन एउटा यात्रा हो, जुन सबैले हिंड्नैपर्छ।

• राम्रो काम आजै गर, किनकि आजको दिन भोलि फेरि फर्केर आउँदैन।

• तिमीले जान्यौ भने यो जीवन सुन्दर छ, त्यसैले ठीक तरिकाले यसलाई प्रयोग गर।

• घमन्ड जीवनको सबैभन्दा ठूलो शत्रु हो।

**रेसमकुमार सुनुवार**

• मानिस बूढो हुन्छ तर लोभ कहिल्यै बूढो हुँदैन।

• सच्चा माया गर्नेले अर्काको कुरा पनि सुन्दैन र अर्कालाई झट्टै विश्वास पनि गर्दैन।

• माया र प्रेमबीच धन तगारो बन्न सक्दैन।

• वास्तविक प्रेम गर्नेहरू आफ्नो मनको कुरा भन्न डर र लाज मान्छन्।

• दुःख, परिश्रम र मेहनतविना सुखी जीवनको कल्पना गर्नु मुर्खता हो।

**नारायण प्रेमी, लिवाङ, रोल्पा**

• हिलो लागेर सफा गर्नुभन्दा, हिलो लाग्न नदिनु उत्तम हो।

• मन वचन र कर्मद्वारा नै मानिस शुद्ध हुन्छ।

• ठूला नदीहरूको साथमा मिलेर, सानो नदीले पनि समुद्र भेट्टाउँछ।

• मित्र बनाउन भन्दा मित्रता कायम राख्न कठिन हुन्छ।

• सामूहिक प्रयासमा कठिन काम पनि सजिलै पूरा गर्न सकिन्छ।

**प्रेम मायालु भाट, बैतडी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## नीति नियम

यदि कुनै विपत्तिग्रस्त मानिस (नदीको बाढी, आगो, चोर, सिंह आदिले झम्टेको) ले आफ्नो सर्वस्व तथा छोरालाई कसैकहाँ तलबको रूपमा, आफैंलाई कुनै रक्षककहाँ राख्ने अनुरोध गरेमा त्यसको रक्षकले जे–जति तलब दिने निर्णय गर्छ त्यति नै पाउँछ। त्यस अवस्थामा रक्षा हुनु नै ठूलो कार्य हो। दुःख परेको बखत तलबको उचित निर्णय गर्न पनि सकिँदैन।

सरकारी उद्योगहरूमा जहाँ तलब लिएर थुप्र मजदुर काम गरिरहेका हुन्छन् तिनीहरूमध्ये जसले तलब लिएर पनि राम्रो किसिमबाट काम गर्दैन भने उसलाई बाह्र पण दण्ड–जरिवाना गर्नुपर्छ। अझ बढी कामको उपेक्षा गर्छ भने कैदको सजाय पनि दिन सकिन्छ। यदि मजदुरलाई कुनै कठिन कार्य वा विपत्ति आइपरेको छ भने उसले छुट्टी लिएर जान सक्छ, तर उसले आफ्नो ठाउँमा अरू कुनै कामदार सट्टा राखेर जानुपर्छ। काम ढिला भए मालिकलाई हर्जाना समेत दिनुपर्छ।

यदि कुनै मजदुर काममा उपस्थित भएको छ तर उसलाई कममा लगाइएन भने उसलाई पनि तलब दिनुपर्छ, तर भनाइमा काम गरेपछि मात्र तलब दिन उचित हुन्छ, विनाकाम कसैलाई पनि तलब दिन सकिँदैन। यदि मालिकले मजदुरलाई थोरै काम लगाउँछ, सबै काम लगाउँदैन भने उसलाई पूरै दिनको तलब दिनुपर्छ।

-कौटिल्यको अर्थशास्त्र

अनुवाद : रामहरि बन्जारा

नयाँगाउँ, पोखराकी अनिता पुनले मिस टिन पोखरा–२००७ मा सहभागी भएपछि मोडलिङतर्फको यात्रा प्रारम्भ गरेकी हुन्। उक्त प्रतियोगितामा उनले मिस क्याटवाक र मिस ब्युटीको मुकुटसमेत हासिल गरेकी थिइन। मुसुमुसु हाँसिरहने उनको बानीले सबैलाई प्रभावित तुल्याउँछ। अनितालाई यो क्षेत्रमा लाग्न उनकै घरपरिवारले हौसाएको हो। त्यसो त अनितालाई पनि सबैमाझ सजिलै चिनिन सक्ने क्षेत्र मोडलिङ निकै मन पर्छ। ब्युटीकन्टेस्टमा सहभागी भएर आफूमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न पाउँदा उनी आनन्दित छिन्। फरासिली र सबैसँग मिलनसार व्यवहार प्रदर्शन गर्ने अनिता ५ फिट ४ इन्च अग्ली छिन्। सर्लक्क मिलेको जीउडाल, काला आँखा र सिल्की केशराशिमा अनिता आकर्षक देखिन्छिन्। कक्षा ११ मा अध्ययन गरिरहेकी अनिताले पहिलो प्राथमिकता अध्ययनलाई नै दिएकी छिन्। घरकी कान्छी छोरी अनिताले अभिभावकहरूको पर्याप्त माया पाएकी छिन्। निकट भविष्यमै पोखरामा हुन लागेको मिस मगर प्रतियोगितामा उनले कोरियोग्राफी गर्ने जिम्मेवारीसमेत पाइसकेकी छिन्। नृत्य, पत्रपत्रिका अध्ययनका साथै साथीहरूसँग घुम्न मन पराउने अनिताका आकर्षक तस्बिरहरू सारासंसार डटकममा हेर्न सकिन्छ।

–शिव शर्मा







## वाइन सिकाउने हरि

ठमेलको किलरोयज रेस्टुराँमा सेतो सर्ट, कालो पाइन्ट र घाँटीमा चाँदीको मोटो सिक्रिमा झुन्ड्याइएको चाँदीको सानो कचौरा भिरेका हरि बगालेलाई हरेक साँझ भेट्न सकिन्छ। उनी वाइन पिउन, पिलाउन र जाँच्न खप्पिस वाइन स्पेसियलिस्ट हुन्। 'वाइन पिउन योग्य छ कि छैन भनेर जाँच्न यो कचौराको प्रयोग गरिन्छ।' -हरिले कचौरा हातमा खेलाउँदै भने। एघार वर्ष जतिअघि एसएलसी उत्तीर्ण गरेपछि गोरखाको एउटा गाउँबाट उच्च अध्ययनका लागि राजधानी छिरेका हरिले आईकम सकेपछि ठमेलको एउटा क्याफेमा वेटरको जागिर खाए। त्यसपछि उनी किलरोयजमा वेटरकै जागिर खाइरहेका थिए। सन् २000मा वाइन स्पेसियलिस्ट रोबर्ट इ.डिजार्डेन किलरोयजमा आए। उनी नेपालीहरूमा वाइन कल्चर विकास गर्न चाहन्थे। रोबर्टले नेपाली वाइन स्पेसियलिस्ट बनाउन हरिलाई रोजे। उनले हरिलाई आधारभूत ज्ञान दिएपछि वाइनको उद्गम स्थल फ्रान्स पठाए। त्यहाँ हरिले विभिन्न वाइनका बारेमा अध्ययन गर्ने अवसर पाए। त्यसपछि हरि फेरि एकपटक फ्रान्स गए। उनी अहिले किलरोयजमा सञ्चालन भैरहेको वाइन उत्सवको केन्द्रविन्दु भएका छन्। त्यहाँ आउने सबैलाई उनी वाइन संस्कृति सिकाइरहेका भेटिन्छन्। 'फरक खालको काम गर्न थालेको छु, रमाइलो लागेको छ,' -हरिले आफ्नो अनुभव सुनाए।

## मुखाले

अदालत झूट बोल्ने तथा झूट बक्ने थलो बन्दै गएको छ।

**मीनबहादुर रायमाझी**
**प्रधान न्यायाधीश**

विधि र प्रक्रियालाई नमान्ने हो भने संविधानसभाको औचित्य रहँदैन।

**डा. प्रकाशचन्द्र लोहनी**
**सभासद् राष्ट्रिय जनशक्ति पार्टी**

सात दलबीच जुन किसिमको दलीय राजनीति प्रारम्भ भएको छ, त्यसले गणतन्त्र दिगो हुनेमा आशंका उब्जाएको छ।

**ओमकारप्रसाद श्रेष्ठ**
**नेता, नेपाली कांग्रेस**

कांग्रेसले आफू सानो दल भएका कारण प्रतिपक्षमा बस्छु भनेको होइन, राष्ट्रपति पद नपाउने भएपछि प्रतिपक्षमा बस्छौं भनेको हो।

**झलनाथ खनाल**
**महासचिव नेकपा (एमाले)**

माओवादीको लक्ष्य जनगणतन्त्र हो भन्ने कुरामा कसैलाई शंका छ भने उसले धोका पाउँछ।

**दमननाथ ढुंगाना, संविधानविद्**

समग्र मधेस एक प्रदेशको माग संविधानमा समायोजन नगरे फेरि मधेस आन्दोलन सुरु हुन्छ।

**उपेन्द्र यादव, अध्यक्ष**
**मधेसी जनअधिकार फोरम**

नेपालमा मधेस नै छैन, यस्तो अवस्थामा स्वयत्त मधेसको माग राख्नुको अर्थ छैन।

**केशव मैनाली**
**अध्यक्ष, चुरे भावर एकता पार्टी**

एक मधेस प्रदेश समाधान होइन, यो त एउटा ठूलो समस्या हो।

**राजकुमार लेखी, महामन्त्री**
**थारु कल्याणकारिणी सभा**

# छोटो समयमा नै पिनाकल उ. मा. वि./कलेज अग्रस्थानमा

## गुणस्तरिय शिक्षाको परिणाम

**उत्कृष्ट शैक्षिक परिणाम पिनाकलको सान हो, उच्च शिक्षाको क्रममा यो कलेजमा भर्ना भएका प्रत्येक विद्यार्थीको लक्ष्यलाइ साकार बनाउन कलेज सफल छ । पढाइ मात्र होइन, अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै ध्यान दिएकाले पिनाकल कलेज विद्यार्थीको पहिलो रोजाइमा छ।**



- उच्च माध्यमिक शिक्षा परिषद बोर्डद्धारा संचालित प्लस टु परिक्षामा उत्कृष्ट परिणाम ल्याउन सक्नु नै पिनाकलको मुख्य उपलब्धी हो । यो वर्ष प्लस टु कालागि दशौं ब्याच भर्ना लिने तरखरमा रहेको यो कलेजले विद्यार्थीको शैक्षिक विकास मात्र होइन, उनीहरूको सर्वाङ्गिण विकासमा ध्यान दिँदै आएको छ।
- ऐश्वर्या विद्यापदक विजेता सुनिता घिमिरे उच्च माध्यमिक शिक्षा परिषद बोर्ड (२०६१-२०६२) को परीक्षामा सर्वोत्कृष्ट विद्यार्थी हुन् । सुनिताले प्लस टु मा ८८.२० प्रतिशत ल्याएकी थिइन् । उनी हाल नेपालगञ्ज मेडिकल कलेजमा पूर्ण छात्रवृत्तिमा एमविविएस अध्ययनरत छिन् । सुनिता वाहेक यसकलेजबाट प्लस टु उत्तिर्ण गरेका दर्जनौं विद्यार्थीहरूले एमविविएस/विडिएस, इन्जिनियरिङ, हेल्थ साइन्स, चार्टड एकाउन्टेन्ट (सिए) मा आफ्नो क्यारियर विकास गरेका छन्।
- केही समय अघि मलेसियामा आयोजना भएको प्रेसिडेन्ट कप फुटबल प्रतियोगितामा ह्याट्रिक गरेका जुमानु राई यस कलेजका अर्का शान हुन् । उनी पिनाकल कलेजमा अध्ययनरत छन् । राष्ट्रिय खेलाडीहरु युगलकिशोर राई, निराजन खड्का लगायत अण्डर नाइन्टिनका अधिकांश युवा खेलाडीलाई पनि कलेजले छात्रवृत्ति प्रदान गरेको छ।




- अहिलेसम्म करिब चार हजार विद्यार्थीले प्लस टु उत्तिर्ण गरि सकेको यो कलेजका पूर्व विद्यार्थीहरूले पिनाकल एल्मुनाइ एसोसिएसन नामको संस्था गठन गरेका छन् । एसोसिएसनले पिनाकल सेभिङ्ग एण्ड क्रेडिट को-ओपरेटिभ संचालनमा ल्याएको छ ।
- विद्यालय तहमा कान्तिपुरी माध्यमिक विद्यालय संचालन गरेको यो कलेजले प्लस टु मा विज्ञान, व्यवस्थापन र मानविकी तिनवटै संकायमा अध्यापन गराउँदै आएको छ । त्यसवाहेक बिबिएस, बिएस्सी माइक्रोबायोलोजी, बिएस्सी फिजिक्स, डिप्लोमा फार्मेसी कार्यक्रममा अध्यापन गराउँदै आएको यो कलेजले यो वर्षदेखि एमबिएस कार्यक्रम पनि संचालन गर्ने भएको छ । उत्कृष्ट शिक्षालयको सुचिमा अग्रणी पहिचान बनाइसकेको पिनाकलको अबको लक्ष्य विश्वविद्यालयमा रूपान्तरित हुनु हो ।
- मनोरञ्जन संचारको क्षेत्रमा पनि पिनाकलका उत्पादन अब्बल सावित भएका छन् । कान्तिपुर टेलिभिजनमा कार्यरत नवराज आचार्य, चलचित्र सहायक निर्देशक सुदन केसी, एभिन्युज् टेलिभिजनकी समाचार वाचिका गीता न्यौपाने, अमेरिका अनलाइन टिभी डिसि नेपाल डट कम मा कार्यरत रिमा विक, पुर्व मिस ललितपुर अनु श्रेष्ठ लगायत अन्य थुप्रै प्रतिभाशाली विद्यार्थीहरू यस कलेजका गौरब हुन् ।




- उच्च भौतिक पुर्वाधार, सुविधासम्पन्न प्रयोगशाला, पुस्तकालय, र शहरका सबै मुख्य स्थानमा यातायातको व्यवस्था छ । त्यस्तै अनुशासित शैक्षिक वातावरणमा अध्यापन गराईन्छ । छात्रावासको व्यवस्था समेत छ।
- निम्न र मध्यम वर्गिय परिवारका विद्यार्थीहरूलाई लक्षित गरि स्थापना गरिएको यो कलेजमा औषत शुल्कमा विद्यार्थीलाई उच्च शिक्षाको अवसर प्रदान गरिएको छ । प्राध्यापन पेशामा लामो समयदेखि संलग्न प्राध्यापकहरु आफैले यो कलेजको व्यवस्थापन गरेका छन् ।
- कलेजमा प्राध्यापन गर्ने शिक्षकहरु आफै नै पाठ्य पुस्तक लेखक भएकाले प्राज्ञिक क्षेत्रमा कलेजको छुट्टै पहिचान छ । कलेजले शैक्षिक स्तरियता कायम राख्न आन्तरिक परीक्षामा विशेष जोड दिएको छ ।
- आर्थिक रूपमा कमजोर भएका, प्रवेशिका राम्रो अंक ल्याएका विद्यार्थीहरूलाई अवस्था हेरी छात्रवृत्ति प्रदान गरिएको छ । त्यसैगरि दलित, जनजाती, दुर्गम, द्वन्द्वपिडित विद्यार्थीहरूका लागि पनि छात्रवृत्ति उपलब्ध छ ।
- कलेजको युनिट टेस्टमा उत्कृष्ट हुने विद्यार्थीलाइ महिनाभरको शुल्क मिनाहा, अतिरिक्त क्रियाकलापमा पनि त्यतिकै जोड । बास्केटवल, भलिवल, टेबल टेनिसकोर्टको व्यवस्था ।

## 'सबैका लागि शिक्षा नै हाम्रो उद्धेश्य हो ।'

**-ऋषी तिवारी (प्रिन्सिपल)**



**प्लस टु कलेजहरूको सुचीमा पिनाकलको उपस्थिती कहाँनेर छ ?**

-स्तरिय अध्यापन र व्यवस्थापनका कारण पिनाकल एकेडेमी उत्कृष्ट कलेजहरूको सुचीमा अग्रपंक्तीमा छ । यो सफलता प्राप्त गर्नमा प्राध्यापन, व्यवस्थापन समुह र विद्यार्थी तथा अभिभावक सबैको योगदान छ । पिनाकलले भर पर्दो शैक्षिक प्रतिष्ठानको रूपमा परिचय बनाएको छ ।

**कुन वर्गलाइ लक्षित गरेर कलेज स्थापना गर्नुभएको हो ?**

आर्थिक स्थिति कमजोर भएका जेहन्दार तथा लगनशिल विद्यार्थीहरुलाई विभिन्न आधार मा छात्रबृत्ति दिई शिक्षा सबैकालागि भन्ने उद्धेश्यबाट कलेज निर्देशित छ । साथै मध्यम परिवारबाट आएका विद्यार्थीहरुलाई गुणस्तरिय शिक्षा दिई विश्व मञ्चमा समेत प्रतिस्पर्धि बन्न सकुन भन्दै सुशिक्षित सामाजिक नागरिक उत्पादन गर्नु नै यस कलेजको प्रमुख ध्येय हो ।

**कलेजको मुख्य विशेशता ?**

-औसत शुल्कमा विद्यार्थीलाइ पर्याप्त सुविधा प्रदान गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्नु हाम्रो विशेशता हो । अनुशाशनमा पनि त्यतिकै ध्यान दिएका छौं ।

नियमित अध्यापन वाहेक अन्य **कुनै सुविधा छन ?**

-हो, विद्यार्थीले अहिले क्यारियर निर्माण गर्ने बेला हो। त्यसैले उनीहरूको रूची अनुसारको क्यारियर परामर्श सेवा समेत उपलब्ध गराइएको छ ।

**अन्त्यमा पिनाकलको भनाइ ?**

-सर्वप्रथम एसएलसी पास गर्ने सबैमा मेरो हार्दिक शुभकामना तथा बधाई छ । एसएलसी उत्तिर्ण गरेर उच्च शिक्षाको लागि कलेज छनौट गर्ने योजनामा रहेका विद्यार्थीहरूको निम्ती पिनाकलको ढोका खुल्ला छ ।

## पिनाकल नै किन ?

उत्कृष्ट विद्यार्थीहरूको रोजाइ बनेको पिनाकल कलेजले छोटो समयमै आफुलाई स्तरिय कलेजहरूको सुचीमा उभ्याउन सफल भैसकेको छ। गत वर्षको कक्षा ११ र १२ को परिक्षामा उत्कृष्ट ल्याउन सफल यो कलेज ललितपुरको सुगम स्थल लगनखेलमा अवस्थित छ । 'उच्च शिक्षाको क्रममा कुन कलेज छनौट गर्ने दुविधा थियो । ऐश्वर्या विद्यापदक विजेता सुनिता घिमिरेले भनिन्- 'आखिर पिनाकलको छनौट मेरो क्यारियर विकासको निम्ती सही ठहरियो ।' एमबिबिएस अध्ययनरत सुनिताको यो भनाइले पनि शैक्षिक अध्ययनको लागि पिनाकल मार्गदर्शक बन्न सक्छ भन्ने पुष्टि गर्छ ।

बोर्डकै परीक्षामा ८७ प्रतिशत अंक ल्याएर तृतिय स्थान हासिल गरेका तथा मणिपाल कलेजमा पूर्ण छात्रवृत्तिमा एमविविएस अध्ययनरत विश्वम्भर थापाले भनें- पिनाकलको शिक्षण विधि उत्कृष्ट रहेकाले नै विद्यार्थीले पढेको कुरा राम्ररी बुझ्न सक्छन् । यि उदाहरणले योग्य शिक्षक, उत्कृष्ट व्यवस्थापनका बीचमा पिनाकलको अबको परिचय भरपर्दो शैक्षिक प्रतिष्ठानको रूपमा अगाडी आइसकेको छ ।

कलेजले सिटिइभिटीको सम्बन्धनमा ३ वर्षे फार्मेसी डिप्लोमा पनि गराउँदै आएको छ । ४० सीटका लागि लिइने फार्मेसीका लागि प्रवेशिका उत्तिर्ण गरेको हुनुपर्छ। मध्यम र निम्न मध्यमवर्गिय परिवार का विद्यार्थीलाई लक्षित गरेर स्थापना भएको यो कलेजको मुख्य उद्देश्य औसत शुल्कमा गुणस्तरिय शिक्षा प्रदान गर्नु हो । प्राज्ञिक पृष्ठभुमी भएका शिक्षकहरूको सक्रियतामा संचालित यो कलेजले उच्च शैक्षिक वातावरणमा अध्यापन गराउँदै आएको छ ।

**PINNACLE COLLEGE**
Lagankhel (Eastern Part of Bus Park), Lalitpur, Nepal
Tel: 5544023, 5544024, 5524723
Email: adpinnacle@wlink.com.np
info@pinnacle.edu.np
Web: www.pinnacle.edu.np

Advt.

# एसएलसी पूरक परीक्षाको उपयोग कसरी गर्ने ?



एसएलसी परीक्षाको ७४ वर्षे इतिहासमै यसपटक सबैभन्दा बढी ६३ दशमलव ७३ प्रतिशत विद्यार्थी उत्तीर्ण भए भने ३६ दशमलव २७ प्रतिशत विद्यार्थी भने यो फलामे ढोकाबाहिरै रहन बाध्य भए । यद्यपि सरकारले बढीमा दुई विषय सम्म अनुत्तीर्ण हुनेलाई पूरक परीक्षाको व्यवस्था अघिल्ला वर्षमा झैं यस वर्ष पनि गरेको छ । त्यसैले असफल भएँ भनेर चिन्ता लिएर बस्नुभन्दा पूरक परीक्षाको अधिकतम उपयोग कसरी गर्ने भन्नेतर्फ विचार पु¥याउनु बुद्धिमत्ता हुन्छ । साउन तेस्रो सातादेखि सुरु हुने पूरक परीक्षाका लागि कम्मर कसेर लाग्ने हो भने अझै केही बितेको छैन । किनभने पूरक परीक्षामा उत्तीर्ण हुनेले समेत यसै वर्ष कलेज पढ्न पाउने भएकाले वर्ष गुम्ने कुरा भएन ।

त्यसैगरी असफल भै एक पटक पाएको शिक्षा भविष्यका लागि मार्गदर्शक बनिदियो भने त्यो नै ठूलो कुरा हो । अनुसन्धानहरूले के पनि देखाएको छ भने एसएलसीमा पूरक परीक्षामा उत्तीर्ण भएका धेरै विद्यार्थी प्लस टु लेभलमा राम्रो अंकका साथ उत्तीर्ण भएर नियमित तर्फ उत्तीर्ण भएका विद्यार्थीहरूले भन्दा राम्रो गरिरहेका पनि छन् । त्यसैले विगतबाट पाठ सिकेर पूरक परीक्षाको तयारीमा जुट्न ढिलाइ गर्नु हुँदैन । यसका लागि परीक्षा दिने विद्यार्थी स्वयम् जागरूक हुनु आवश्यक छ भने विद्यालय, शिक्षक तथा अभिभावकहरूले सहयोगी वातावरणको सिर्जना गरिदिनुपर्छ ।

एसएलसी पूरक परीक्षा दिने विद्यार्थीहरूका लागि विशेष व्यवस्था नहुँदा धेरै विद्यार्थीले यो अवसरको उपयोग गर्न सकिरहेका छैनन् । स्पष्टसँग भन्नुपर्दा जसले व्यक्तिगत पहल गऱ्यो, ऊ उत्तीर्ण हुन्छ, होइन भने पुनः फेल भै बस्नुपर्ने विडम्बना हामीकहाँ छ । त्यसैले कम्तीमा पनि सबै विद्यालयले पूरक परीक्षामा सामेल हुने आफ्ना विद्यार्थीलाई एकत्रित गरेर यथेष्ट अभ्यासको मौका प्रदान गर्नुपर्छ । विशेष गरी धेरै विद्यार्थी गणितमा असफल हुन्छन् भने गणित विषयका लागि बढी अभ्यास आवश्यक हुन्छ । त्यसैले अबको एक महिना पूरक परीक्षामा सहभागी हुने विद्यार्थीहरूलाई विद्यालयमा नै डाकेर दैनिक कम्तीमा तीन घण्टाको कक्षा लिन सकियो भने यसको नतिजा राम्रो आउनेमा कुनै शंका छैन । किनभने भर्खरै आठ-आठवटा विषयका लागि तयारी गरेका विद्यार्थीका लागि एक वा दुई विषयको तयारी गर्नु कुनै ठूलो कुरा हुँदैन ।

यस प्रकारको अभ्यासले तीन घण्टाभित्र तोकिएका सबै प्रश्न हल गर्ने बानीको विकास हुन्छ नै साथसाथै पूरक परीक्षाका लागि चाहिने आत्मविश्वास पनि थपिन्छ । अभिभावकहरूले पनि आफ्ना नानीहरूको साथ छाड्नु हुँदैन । उनीहरूलाई निरन्तर हौसला प्रदान गरेर पूरक परीक्षाको तयारीमा जुट्न सहयोग गर्नुपर्छ । विषयवस्तु नजानेर भन्दा पनि मेसो नपाएर कतिपय विद्यार्थी असफल हुन्छन् । यस प्रकारका विद्यार्थीहरूलाई शिक्षकले विशेष निगरानीमा राखेर परीक्षाका दृष्टिले महत्त्वपूर्ण प्रश्नहरूको तयारी गर्न लगाउनु फलदायी हुन्छ ।

परीक्षाका लागि चाहिने अनिवार्य तत्त्व भनेको सकारात्मक सोच र आत्मविश्वास नै हो । त्यसैले पूरक परीक्षामा सहभागी विद्यार्थीहरूले पनि भर्खरै दिएको परीक्षालाई अनुभवका रूपमा लिएर यस मौका परीक्षालाई शतप्रतिशत उपयोग गर्नुपर्छ । म असफल भएँ, सबै साथीले उछिने, अब त खत्तम भइयो, बेइज्जत भयो भन्नेजस्ता निराशावादी भावनाहरू मनमा आउन दिनु हुँदैन । आठवटा विषयमा छ-सातवटा कट्यो भने अब एक-दुईवटा विषय कटाउन मलाई कुनै अप्ठेरो छैन, उचित तयारी गऱ्यो भने सजिलै उत्तीर्ण हुन सक्छु भन्ने सकारात्मक सोच भए सफलता पर रहने कुरै आउँदैन ।

एसएलसी पूरक परीक्षाको तयारी गरिरहेका विद्यार्थीहरूका लागि समय तालिका सफलताको गतिलो आधार बन्न सक्छ । किन भने एक वा दुई विषयका लागि बाह्र-पन्ध्र घण्टाको समय राम्रोसँग व्यवस्थापन गर्न सकियो भने जतिसुकै बाधा-व्यवधान आए पनि सफलतालाई रोक्न सक्दैन ।

पूरक परीक्षामा सफलता चाहने विद्यार्थीहरूले परीक्षा आयो भनेर तनाव बढाउने होइन कि मेहनत बढी गर्नुपर्छ । परीक्षाका बारेमा सोचेर तनाव बढ्यो भने न त पढ्न नै सकिन्छ, न सोचेजस्तो नतिजा नै आउँछ । त्यसैले परीक्षालाई हाउगुजीको दृष्टिले हेर्नु हुँदैन । परीक्षा दिन जाने दिन पनि समयमा नै परीक्षा केन्द्रमा पुग्ने, प्रवेश पत्र लैजान नबिर्सने, कम्तीमा दुईवटा कलममा मसी भरेर लाने, ज्यामिति बक्सजस्ता आवश्यक सामग्री बोक्न नभुल्ने, साथै सफा कपडा, हँसिलो अनुहार भए सोचेजस्तो नतिजा हात पर्न गाह्रो हुँदैन ।

**–कविता पराजुली**

# शैक्षिक मेलामा विद्यार्थीको आकर्षण

**शिव मुखिया**

काठमाडौं– एसएलसीको नतिजा आएलगत्तै उच्च शिक्षाका लागि आफूले रोजेको विषय र क्याम्पस छनौट गर्ने एवं आवश्यक शैक्षिक परामर्श लिने अवसर एकै थलोमा पाएर बानेश्वरकी पूनम घिमिरे दंग परिन् । 'कलेज खोज्दै हिँड्नुपर्ने समस्या भएन ।' एसएलसी प्रथम श्रेणीमा उत्तीर्ण पुनमले भनिन्- 'एकै ठाउँमा विभिन्न क्याम्पस र त्यस क्याम्पसमा पढाइ हुने विषयका सम्बन्धमा बुझ्ने अवसर पाइयो, आफूले कुन विषय अध्ययन गर्ने वा कस्तो कलेज रोज्ने भन्ने अन्यौल रहेन,' प्राविधिक विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिएकी पूनमले त्यहाँ प्राविधिक शिक्षा दिने दर्जनौं शैक्षिक संस्था फेला पारिन् । त्यसो त पूनम मात्र होइन, उच्च शिक्षाको खोजीमा लागिरहेका युवायुवतीहरूका लागि डाइरेक्सन नेपालले प्रा.लि.ले आयोजना गरेको शैक्षिक मेला उपयुक्त गन्तव्य बन्यो । उच्च शिक्षाको तयारी गरिरहेका साथै विभिन्न विषयमा दक्षता हासिल गर्न चाहने युवायुवतीलाई लाक्षित गरेर सञ्चालन भएको छैटौं हायर एजुकेसन एन्ड क्यारियर फेयर-२००८ मा युवायुवतीको बाक्लो जमघट थियो ।

६० वटा स्टलमा नेपाललगायत भारत, अस्ट्रेलिया, युकेजस्ता मुलुकहरूका विभिन्न शैक्षिक संस्थाले आफ्नो शैक्षिक कार्यक्रमका सम्बन्धमा परामर्श दिएका थिए । व्याचलर डिग्री इन मोबाइल फेसन टोक्नोलोजी, इन्टरियर डिजाइन, फरेस्टि कलेज, साइकोलोजी क्लब, चार्टर एकाउन्टेन्ट, होटल म्यानेजमेन्ट, मास कम्युनिकेसनजस्ता शैक्षिक कार्यक्रमहरूले विद्यार्थी एवं अभिभावकको मन तानेको थियो ।

आफ्नो क्यारियरका सम्बन्धमा सचेत युवायुवतीहरूका लागि यो शैक्षिक मेला निकै फलदायी भएको डाइरेक्सन नेपालका दीपक थापाले बताए । 'आफ्नै निर्णयमा कलेज तथा विषय छनौट र त्यसका लागि आवश्यक तयारीका सम्बन्धमा बुझ्ने राम्रो मौका हो ' थापा भन्छन्-'एकै थलोमा विभिन्न शैक्षिक कार्यक्रमका सम्बन्धमा विस्तृत जानकारी पाउनु नै मेलाको मुख्य आकर्षण हो ।'

विद्यार्थीको क्षमता एवं घरको आर्थिक अवस्थाअनुरूप कस्तो शिक्षा आर्जन गर्ने भन्ने विषयमा मनोवैज्ञानिक परामर्श लिनेहरूले पनि कम्ती थिएन । विभिन्न प्राविधिक विषयमा शिक्षा लिन चाहने साथै नेपालबाहिरका



मुलुकहरूमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूका लागि पनि यो मेला निकै प्रभावकारी रह्यो ।

आमाबाबुले रोज्ने डाक्टर, इन्जिनियरभन्दा पृथक् विषयहरूमा शिक्षा लिएर क्यारियर बनाउन चाहने विद्यार्थीहरूक्दै गएको मेलामा सहभागी सनिज श्रेष्ठले बताए । कलेज अफ फेसन टेक्नोलोजीको स्टलबाट उक्त शैक्षिक कार्यक्रमका सम्बन्धमा परामर्श दिइरहेका सनिजकाअनुसार परम्परागत शिक्षाप्रणालीभन्दा व्यावहारिक एवं प्रयोगात्मक शिक्षामा युवायुवतीको रुचि बढेको छ ।

आफ्नो रुचि र क्षमताविपरीत अभिभावकको करकापमा आर्जन गरेको शिक्षाले विद्यार्थीको भविष्य बिग्रने डर भएको नेसनल इन्स्टिच्युट अफ साइकोलोजीका परामर्शदाता अनुप भण्डारी बताउँछन् । प्रतिस्पर्धात्मक समयमा पराम्परागत ढंगबाट दिइने शिक्षाले विद्यार्थीको हित नगर्ने बरु उल्टै समय, श्रम र पैसा खेरो जाने मेला अवलोकन गरिरहेका झापाका श्याम बरालले बताए ।

विभिन्न नयाँ शैक्षिक कार्यक्रमहरूको समेत आर्कषण रहेको मेलामा व्याचलर डिग्री इन मोबाइल एप्लिकेसनप्रति पनि विद्यार्थीले रुचि देखाएका थिए । काठमाडौंस्थित कमलपोखरीमा यसै वर्षदेखि सुरु हुने यो शैक्षिक कार्यक्रम दक्षिण एसियामै पहिलो भएको धुव्र सेनको दावी छ । परामर्शदाता सेनका अनुसार मोबाइलको प्रयोगकर्ता बढ्दै गएको वेला मोबाइलका सफ्टवेयर विकास गर्न सिकाइने यो शिक्षा आफ्नो क्यारियर बनाउने राम्रो माध्यम हो ।

गत बिहीबारदेखि आइतबारसम्म युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको डाइरेक्सन एक्जिविसन एन्ड कन्भेन्सन सेन्टरमा सञ्चालन भएको यो शैक्षिक मेलाबाट शैक्षिक संस्थाको खोजीमा भौंतारिहेका हजारौं विद्यार्थी एवं अभिभावक लाभान्वित भए ।

२० हजारदेखि लाखौं रुपैयाँसम्मको शैक्षिक कार्यक्रम रहेको मेलामा क्याम्पसका सम्बन्धमा प्रत्यक्ष अन्तर्क्रिया गर्न पाउँदा अवलोकनकर्ताहरू हर्षित देखिन्थे । कतिपय शैक्षिक संस्थाले सोही मेलामा भर्ना गर्नेहरूका लागि विषेश छुटको समेत व्यवस्था गरेका थिए । डाइरेक्सन नेपाल प्रा.लि.ले बर्सेनि आयोजना गर्दै आएको उक्त शैक्षिक मेलाको अवधिभर शिक्षाका विभिन्न विषयमा छलफल गोष्ठीसमेत आयोजित गरिएको थियो ।


**अर्जेन्ट आवश्यकता**

NGO बाट विगत ५ वर्ष देखि सञ्चालित संस्थालाई महिला विद्यार्थी कर्मचारीको आवश्यकता:

तलब: ७५००+गाडीभाडा
योगयता: साधारण लेखपढ Test / SLC + Above
संख्या: १७ जना

सम्पर्क:
२००४३८७, ९८०३४६४३३४, ९८४१५८५८७५

नोट: SLC दिएर बसेका विद्यार्थी तथा महिला गृहिणीलाई विशेष प्राथमिकता (शनिवार पनि अफिस खुल्ला रहने छ)



**कुकिङ्ग तालिम**

चाइनिज, इण्डियन, कन्टिनेन्टल, इटालियन कुकिङ्ग र अचारहरु

बेकरी, आइसक्रिम, चकलेटहरु, जाम र केचप

अभियान पर्यटन तथा होटल तालिम केन्द्र
कुपण्डोल बस स्टप
५५३६०५७, ५५२३०८२
९८४१२०८७४९






**होटेल तालिम मोडर्नमा**

**Switzerland & UK** बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
**Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper** तथा सम्पूर्ण **Hotel Management** सम्बन्धि तालिम दिइन्छ ।

www.modernhoteltraining.com.np
Modern Management Modern Technology
**MODERN HOTEL** Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
**Ph:- 4363215, 2315801**

# विद्यार्थीको पकेट खर्च

**एकराज सुवेदी**

सलिना भट्टराई राजधानीको कोलम्बस कलेजमा प्लस टुमा पढ्छिन्। उनीसँग शिक्षा ढकाल पनि प्रायः साथै हुन्छिन्। खिाजा र गाडी भाडामा उनीहरूको बढी पैसा खर्च हुन्छ। हल्का मेकअपका लागि पनि समय-समयमा उनीहरू यही पैसा उपयोग गर्छन्। महिनामा हजारदेखि पन्ध्र सयको हाराहारीमा अभिभावकले उनीहरूलाई पकेट खर्च उपलब्ध गराउँछन्।

सुमनप्रसाद खतिवडा मदन भण्डारी मेमोरियल कलेज, उत्तम कार्की समिप इन्टेन्सिभ इन्टरनेसनल कलेज र प्रेरित देवकोटा गोल्डेन गेट इन्टरनेसनल कलेजका विद्यार्थी हुन्। उनीहरूको पकेट खर्चमा अलिकति फरक छ। उनीहरूलाई मेकअपका लागि छुट्टै पैसा आवश्यक पर्दैन। बरु केही पैसा बचिहाल्यो भने स्टेसनरीलगायतका सामानमा खर्च गर्छन्।

**खाजा**

विद्यार्थीको पकेट मनिमध्ये धेरैजसो भाग खाजामा खर्च हुन्छ। प्रायः कलेजहरू बिहान सञ्चालन हुन्छन्। बिहान घरबाट निस्किएपछि ९/१० बजेको हाराहारीमा कलेज ब्रेकको समय हुन्छ। यही समयलाई उनीहरू खाजा खानका लागि उपयोग गर्छन्। खाजामा समोसा, चाउचाउ, पकौडा आदि नै धेरैको रोजाइ हुने सुमन बताउँछन्। यसबाहेक कुरकुरे, लेजजस्ता जंक र ड्राइ फुड पनि आफूहरूको रोजाइ हुने शिक्षाको भनाइ छ। यी जंक फुडले शरीरलाई फाइदा गर्दैनन् भन्ने कुरा उनीहरूलाई पनि थाहा छ। 'तर के गर्ने खान मन लागिहाल्छ, कन्ट्रोल गर्नै सकिँदैन। आखिर सधैं यही खाइने त होइन नि ? कहिलेकाहीं मात्र खाँदा त्यस्तो बढी असर गर्दैन होला'- सलिनाले बताइन्।

अहिलेका विद्यार्थीहरूमा चुरोटलगायत अन्य पदार्थ सेवन गर्ने लत पनि देखिन्छ। यही कुरालाई निरुत्साहित गर्न आफ्नो कलेजले खाजाका लागि कम्पाउन्डबाहिर जान निषेध गरेको छ तर उनीहरू कलेजको गेटपालेको रोहवरमा बाहिरबाट स्न्याक्स मगाएर खान भने सक्छन्।

कलेजको क्यान्टिनमा साथीभाइहरूसँग हाँस्दै गफ गर्दै खाँदा निकै रमाइलो हुन्छ। आफूलाई खान मन लागेको चीज उनीहरू आफैं अर्डर गर्छन्। पैसा तिर्दा भने प्रायः इटीपीएस सिस्टम अपनाउने सलिना बताउँछिन्। इटिङ टुगेदर पेइङ सेपरेट्लीलाई छोटकरीमा उनीहरू इटिपीएस भन्छन्। यद्यपि कतिपय साथीभाइ पालो गरेर एक दिन एक जनाले र अर्को दिन अर्कोले पनि तिर्छन्।

**क्यान्टिनमा गफ**

क्यान्टिन फुर्सद सदुपयोग गर्ने र रिफ्रेसमेन्ट गर्ने उपयु क्त माध्यम हो। यो समयमा विद्यार्थीहरूबीच विभिन्न विषयमा गफगाफ चल्छ। ती गफ भर्खरै पढेका विषयवस्तुमा केन्द्रित हुनुपर्ने हो तर वास्तविकता सधैं त्यस्तो हुँदैन। अन्नपूर्ण कलेजकी मुना नेपाली र सगरमाथा कलेजकी विनिता अधिकारीका अनुसार गफ खासगरी चलचित्रका बारेमा केन्द्रित हुन्छन्। यो गफले विशेषगरी शुक्रबार व्यापकता पाउँछ। शुक्रबार चलचित्र रिलिज हुने भएका कारण पनि ती चलचित्रका बारेमा उनीहरूमा बढी कौतूहलता हुन्छ। यही गफकै क्रममा कतिपय अवस्थामा चलचित्र हेर्ने योजना समेत बन्छन्। आखिर चलचित्र हेर्नकै लागि पनि उनीहरू आफूले छुट्याएको पकेट खर्चकै उपयोग गर्छन्। न्यु समिट कलेजकी दीपा थापाका अनुसार स्नातक तहमा जान थालेपछि परिपक्वताको विकास हुँदै जाने भएका कारण पनि उनीहरू सिरियलका बारेमा बढी चासो राख्न थाल्छन्। सिरियलका बारेमा हुने गफ पनि बढ्दै गएको पाइन्छ। यसबाहेक शिक्षकका बारेमा पनि गफहरू हुन्छन्। शिक्षकको व्यक्तित्वदेखि लिएर पढाउने तरिकाका बारेमा पनि गफ हुन्छ।

**नराम्रा लत पनि**

कतिपय विद्यार्थी कलेजभन्दा बाहिरका चिया पसलदेखि लिएर रेस्टुराँसम्म पनि पुग्न भ्याएका हुन्छन्। यो अवस्थामा चुरोट खाने चलनले समेत फेसनको रूप लिएको छ। इन्टेन्सिभ इन्टरनेसनल कलेजका उत्तम कार्की राजधानीका कतिपय रेस्टुराँमा खासगरी बिहानको समयमा यस्ता दृश्य प्रशस्तै देख्न पाइने बताउँछन्। यस्ता विद्यार्थीले अति नै भएपछि कलेजको ट्वाइलेटलाई समेत लुकेर चुरोट पिउने थलो बनाउँछन्। गोल्डेन गेट इन्टरनेसनल कलेजका प्रेरित देवकोटाका अनुसार कतिपयले साथीहरूसँग 'ओए ५ रुपैयाँ दे न यार' भन्दै मागेर समेत चुरोट खान्छन्। कतिपय अवस्थामा पैसा उठाएर बियरसमेत खाने गरेको पाइन्छ। सगरमाथा मल्टिपल कलेजकी विनिता अधिकारीका अनुसार चुरोट खाने चलन छात्राहरूमा समेत बढ्दै गएको छ। कलेजको पढाइ र अन्य कुराको टेन्सनबाट छुट्कारा पाउने एउटा गतिलो बहानाका रूपमा समेत उनीहरूले यसको प्रयोग गरेको पाइन्छ।

**चलचित्रको नशा**

प्रायः परीक्षा सकिएको दिन अथवा भोलिपल्ट उनीहरू चलचित्र हेर्न हलमा पुग्छन्। यसबाहेक अलि पब्लिसिटी भएको चलचित्र छ भने अन्य अवस्थामा पनि उनीहरू समय मिलाएर चलचित्र हेर्न जान्छन्।



कतिपय कलेजका दिनमा पनि चलचित्र हलमा पुगेको पाइन्छ। शिक्षा भन्छिन्- कलेज बंक गर्ने चलन पनि बढेको छ। कतिपय विद्यार्थी कलेज बंक गर्नुलाई नै आफ्नो बहादुरी मान्छन्। सलिना भन्छिन्- यसो हुँदा उनीहरू मैले बंक हान्न सकें भनेर गर्व गर्छन्। कतिपय अवस्थामा कलेज नगएर बाटोबाटै कलेज ड्रेसमै पनि उनीहरू फिल्म हलमा पुग्छन्।

सचेत कलेजहरूले आफ्ना छोराछोरीलाई कलेज नपठाएको विषयमा जानकारी लिनका लागि सम्बन्धित अभिभावकलाई फोन पनि गर्छन्। यो अवस्थाका लागि समेत त्यस्ता विद्यार्थीहरूले चलाखी अपनाउने गरेको पाइन्छ। उनीहरूका अनुसार कतिपय छात्रहरूले बुबाको र छात्राहरूले आमाको मोबाइल फोन भनेर सम्पर्क नम्बर उपलब्ध गराएका हुन्छन् तर त्यो दिन बुबा अथवा आमा भनेर कलेजबाट फोन आयो भने उनीहरू नै बुवा अथवा आमा बनिदिन्छन्।

छोरो बिरामी छ अथवा छोरी कतै फलानो काममा गएकी छे भनेर फोनमा भनिदिए पुग्यो। त्यतिका विद्यार्थीमा सबैको स्वर चिन्ने कुरा पनि भएन। यसलाई यो पुस्ताका छात्रछात्रामा पलाएको एउटा विकृतिका रूपमा लिनुपर्छ।

सलिनाका अनुसार छात्राहरू लभ स्टोरी भएको चलचित्र हेर्न रुचाउँछन्। उनको विचारमा छात्राहरू एक्सन र थ्रिलर चलचित्र रुचाउँछन्। यद्यपि यो कुरामा अरूले प्रतिवाद गरे। उनीहरूका अनुसार मानिसको स्वभाव र रुचिले यो कुरामा भूमिका निर्वाह गर्छ।

**प्रविधिको चासो**

भर्चुअल संसारमा रमाउन पनि उनीहरूले पकेट मनि नै खर्च गरेको पाइन्छ। घरमा साइबर जानका लागि छुट्टै पैसा माग्नु उपयुक्त पनि नभएको उनीहरूको तर्क छ। सामान्यतः दुई दिनको फरकमा आफू साइबर जाने गरेको सलिना बताउँछिन्। सुमनको भने यस्तो नियमितता छैन। उनी कहिलेकाहीं प्रत्येक दिनजसो साइबर पुग्छन्, कहिले भने एक हप्तासम्म पनि नजाने बताउँछन्। खासगरी मुड र फुर्सदले यसमा भूमिका खेल्ने उनको भनाइ छ। यो कार्य बिदाका दिनमा अलि बढी हुने पनि उनी बताउँछन्।

खासगरी मेल चेक तथा अनलाइन च्याटिङ गर्नमा बढी समय बित्ने उनीहरू सबैको धारणा छ। मनोरञ्जन क्षेत्रका साइटहरू पनि उनीहरूको रोजाइमा पर्छन्। यसमा पनि फिल्म क्षेत्रकै साइटहरू उनीहरू बढी हेर्छन्। बलिउडको प्रभाव यहाँ पनि छ। इन्डिया डट कम, बलिउड डट कम जस्ता साइटहरू आफूले हेर्ने गरेको शिक्षाले बताइन्।

संसारभरिका युवा पुस्तामाझ लोकप्रिय बन्दै गएका सामाजिक सञ्जालहरूको नशा भने उनीहरूमा अझैसम्म नचढेको पाइयो। माइस्पेस, हाइफाइब जस्ता साइटका बारेमा पढेका र सुनेका भए पनि तिनको प्रयोग भने नगरेको उनीहरू सबैले बताए।

**बिदाका दिन**

बिदाका दिनमा सरसफाइ लगायतका कार्यमा उनीहरूको बढी समय बित्छ। यस बाहेक साथीभाइसँग फोनमा पढाइका बारेमा पनि केही छलफल हुन्छ। केही समय टेलिभिजनका रमाइला कार्यक्रमहरू पनि हेर्ने गरेको उनीहरू बताउँछन्। उनीहरू कहिलेकाहीं साथीहरूसँग विभिन्न स्थानमा घुम्न पनि जान्छन्। घुम्नका लागि न्युरोड, बालाजु पार्क, गोदाबरी जस्ता स्थान उनीहरूका रोजाइमा पर्छन्। उनीहरू पार्कहरूमा रमाइलोका लागि पुग्छन् भने न्युरोड जस्ता स्थानमा त्यहाँको रमझम हेर्न पुग्छन्।


केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before Rs. 750/-Herbal44 After
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

Learn to Speak English
20% Offer for S.L.C.& all ★ 2 & 3 Months Packages
★ 1 Month Special & Speaking Course
★ Audio & Visual in American & British Tone
★ Situational conversation & Practices
★ विदेश जाने,जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese / Korean / Chinese /French/ Spanish/ German
IELTS / Visa/Job interview Pre.
OASIS Language Centre
Galkopakha Thamel & Kalimati chock
4359170, 2024700

अन्तिम अवसर
◆ प्राइभेट Tst/SLC (2065)
◆ मौका परिक्षा (Math, Science,English)
◆ निःशुल्क Waiter/waitress तालिम
धमाधम भर्ना लिइदैछ WAVE HAMS ACADEMY
नयाँ वानेश्वर चोक - ४७८०२२८

Admission Notice
Gillette College proudly announces new admission in Grade XI(10+2) under the faculties of
Management (Travel & Tourism/HM/OMSP/BOOM)
Science (Physics/ Chemistry/Biology/ Maths)
Humanities (Eng./Maths/Sociology/ Mass Comm./Rural Dev.)
Education (Edu. Pedagogy/ Child dev. & Learning)
Admission form distribution from: 13th Ashadh Onwards.
Entrance Tests: 20th, 25th, 30th Ashadh and 4th Shrawan 2065 at 7:30 AM
Orientation Class: 7th Shrawan 2065.
Classes begin: 12th Shrawan 2065.
A College with advanced physical infrastructure and equipped with modern science lab, Computer lab, sports materials, attractive café etc. For more information, feel free to visit College Reception which is open from 7:00 AM to 6:00 PM everyday.
Gillette College, Kalimati, Kathmandu
Contact No: 4283036 / 4279521 E-mail: gillette@wlink.com.np

BST COLLEGE (10+2 & BBS)
Admission open in XI
✓Science
✓Manajement
✓Humanities
Scholarship up to 100%
Gongabo, KTM (Opposite new Buspark)
Tel : 01 4354704 / 016211795
Website :www.bstcollege.edu.np

# क्यारियर योजनाका लागि केही उपयोगी जानकारी



जीवनमा के गर्ने भन्ने योजना लामो र जटिल लागे केही सजिलो उपाय अवलम्बन गर्नु उपयुक्त हुन्छ। यसका लागि पाँच मुख्य सुझावमा ध्यान दिनु आवश्यक हुन्छ।

**आफ्नो रुचि वा चाहना** : यदि तपाईंलाई कुनै कार्य ज्यादै मन पर्छ। उक्त कामप्रति लगाव छ वा त्यो कार्य गर्न आनन्द आउँछ र जाँगर चल्छ भने यसबाट तपाईंको रुचि केमा छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ। यद्यपि हरेक मन पर्ने कार्य क्यारियर बन्नुपर्छ भन्ने छैन। आफूलाई मनपर्ने कार्य पनि एउटा सीमासम्म मात्र गर्न सकिन्छ। कुनै पनि क्यारियरको प्राथमिक लक्ष्य आर्थिक आवश्यकता पूर्ति हो भने अन्तिम लक्ष्य आत्मिक सन्तुष्टि। कुनै पनि कामलाई टाइम पास वा सौखका रूपमा लिनु क्यारियर होइन। क्यारियर निर्माणका लागि आवश्यकताअनुसार रुचिमा पनि परिवर्तन ल्याउनुपर्छ। क्यारियरमा आफ्नो परिवर्तित रुचि र चाहनाले विशिष्टि महत्त्व राखेको हुन्छ। किनकि रुचिपूर्वक गरिएको काम राम्रोसँग सम्पन्न गर्न सकिन्छ र आत्म सन्तुष्टि पनि प्राप्त हुन्छ।

**क्षमता र योग्यता** : निश्चित दायित्व पूरा गर्न व्यक्तिमा जिम्मेवारीअनुसारको योग्यता र क्षमता आवश्यक हुन्छ। योग्यताका लागि शिक्षा आवश्यक भएझैं कुनै ठीक र उपयुक्त निर्णय लिने, सामयिक निर्णय लिने एवं समयमै कदम चाल्ने क्षमता आवश्यक हुन्छ। त्यसैले व्यक्तिले आफ्नो चाहनाअनुसारको क्यारियर रूपरेखा तयार गर्दा आफ्नो योग्यता र क्षमतालाई पनि ध्यान दिनुपर्छ। व्यक्तिले आफूले गर्न खोजेको काम कम उमेरमै पाए व्यक्ति अघि बढ्ने र उच्च पदसम्म पुग्ने सम्भावना हुन्छ। कुनै पनि काम सानो ठूलो हुँदैन। बढ्दो जनसंख्या र प्रतिस्पर्धाका बीचमा पनि नयाँ सिर्जनात्मक सोच र क्षमताका साथ अघि बढ्दा अवश्य पनि काम पाउन सकिन्छ।

**उपयोगिता र आवश्यकता** : काम गर्नुअघि उक्त कामले कति क्षेत्र ओगटेको छ भन्ने कुरामा ध्यान दिनुपर्छ। उक्त कामको माग कति छ ? समाजमा त्यसको उपयोगिता, स्थान र आवश्यकता कति छ ? कामको परिवेश के हो ? व्यवसायबाट कति आयआर्जन गर्न सकिन्छ ? आदि। ग्रामीण भेकमा क्यारियरको अलग क्षेत्र पनि हुन सक्छ तर सहरमा आधुनिक विकासका क्षेत्रहरू नै क्यारियर निर्माणका क्षेत्र हुन्। सञ्चारमाध्यम, इन्जिनियरिङ, चिकित्सा, इलेकट्रिकल, होटल म्यानेजमेन्ट, पर्यटन, इन्टेरियर डेकोरेसन, डिजाइनिङ, मोडलिङ विज्ञापन, ब्युटिसियन, व्यापार-व्यवसाय, उत्पादन उद्योगधन्धामा विशेषज्ञता आदि क्षेत्रमा काम र नाम दुवै पाउन सकिन्छ। सरकारी जागिरको क्षेत्र बृहत्तर हुँदाहुँदै पनि यस क्षेत्रमा तीव्र प्रतिस्पर्धा पनि छ। यसका साथै दिन-प्रतिदिन सुविधा र आकर्षण घट्दै गएकाले निजी व्यवसाय वा क्षेत्र पनि क्यारियरका लागि उपयुक्त प्रगतिमूलक तथा सुखद बाटो बन्नसक्छ।

**महत्त्वाकांक्षाको आँकलन** : कुनै महत्त्वाकांक्षा र उद्देश्य नै नभएको व्यक्ति समाजमा हुँदैन। उद्देश्यविहीन मान्छेको जीवन बाँच्नुको कुनै अर्थ पनि हुँदैन। महत्त्वाकांक्षाको अन्त्य हुनु भनेको व्यक्तिको प्रगतिको पनि अन्त्य हुनु हो। त्यसैले वर्तमान आधुनिक र प्रतिस्पर्धात्मक युगमा उच्च मनोबल र महत्त्वाकांक्षा राख्ने व्यक्ति नै प्रगतिको शिखर चढ्न सक्छ। मनोविश्लेषकहरूका अनुसार महत्त्वाकांक्षी व्यक्तिले आफ्नो आर्थिक हैसियत, योग्यता र क्षमताभन्दा ठूलो सपना देख्नु हुँदैन। हैसियतभन्दा ठूलो महत्त्वाकांक्षा पूरा नहुन सक्छ। त्यसैले आफ्नो प्रतिभा, योग्यता, क्षमता तथा आर्थिक हैसियतसँग सामञ्जस्य हुने महत्त्वाकांक्षा र उद्देश्य लिएर प्रगतिको शिखर चढ्नुपर्छ।

**मानसिक एवं शारीरिक अनुकूलता** : यदि क्यारियर व्यक्तिको मानसिक एवं शारीरिक स्वास्थ्य अनुकूल छैन भने सम्पूर्ण कुरा गौण हुन पुग्छ। आपाङ्गले पनि अनौठो काम गर्न सक्ने क्षमता राख्छ। यस दृष्टिले सवलाङ्गका लागि केही असम्भव छ भन्ने छैन तर आफ्नो स्वास्थ्य अवस्था अनुकूलको कार्यक्षेत्र रोज्दा कार्य अझ सरल र सफल हुन्छ। त्यसैले आफ्नो स्वास्थ्य अनुकूलको कार्यक्षेत्रप्रति ध्यान केन्द्रित गर्नु आवश्यक छ।

**परिस्थिति र प्रियजन** : आफ्नो काममा परिवार, सामाजिक परिवेश र मित्रले कत्तिको सहयोग पुऱ्याउन सक्छन् ? कत्तिको जानकारी उपलब्ध गराउन सक्छन् ? विचार पुऱ्याउनुपर्छ। पुँजी जुटाउने, जानकारी उपलब्ध गराउने, सरसल्लाह उपलब्ध गराउनेलगायत अन्य कुरामा पनि परिवार र साथीभाइको सहयोग आवश्यक हुने भएकाले उनीहरूको भूमिकालाई महत्त्व दिनुपर्छ। ठूलो डिग्री हासिल गरेपछि एकैपटक ठूलै पद पाइन्छ भन्ने सोच्नु हुँदैन। त्यसैले सबैतिरबाट परिस्थितिलाई अनुकूल बनाउन सकरात्मक सोच एवं दृढ अठोट लिएर अघि बढ्नुपर्छ।

## औद्योगिक प्रदर्शनी मेला

गाईघाट- सीप सिकौं, उद्यमी बनौं भन्ने नाराका साथ गाईघाटमा गत वर्षझैं यो वर्ष पनि तीनदिने औद्योगिक घरेलु प्रदर्शनी मेला सम्पन्न भएको छ। उक्त मेला स्थानीय स्तरका सर्वसाधारणहरूको सीप र कलाबाट तयार पारिएका सामग्रीहरूको बजार विस्तार एवं प्रोत्साहन गर्ने उद्देश्यले साना तथा घरेलु उद्योग महासंघ गाईघाटले आयोजना गरेको हो। प्रदर्शनी अवलोकन गर्न उदयपुर जिल्लाका विभिन्न भेगबाट आएका सर्वसाधारणको भीड लागेको थियो। प्रदर्शनीमा अन्य जिल्लाका उद्यमी एवं अवलोकनकर्ताहरूको समेत उल्लेख्य उपस्थिति देखिएको थियो।

प्रदर्शनीमा विभिन्न सातवटा घरेलु उत्पादन सम्बद्ध उत्कृष्ट उद्यमीहरूलाई नगद ५ सय तथा प्रमाणपत्र प्रदान गरिएको थियो। पुरस्कृत हुनेहरूमा ढाका कपडा, खाद्यान्न वस्तु, सिलाइ-कटाइ, हाते होजियारी, वनजन्य तथा जडिबुटी उत्पादन, धातुजन्य सामग्रीका उत्पादनकर्ता उद्यमीहरू छन्। विगत चार वर्षदेखि उदयपुर सदरमुकाम गाईघाटमा आयोजना हुनुपर्ने क्षेत्रीय औद्योगिक मेला भने व्यवस्थापनका लागि पूर्वाधार नभएका कारण हुन नसकेको उद्यमी रुद्र श्रेष्ठले बताए।

SLC & +2 students
Qualify CAT, ACCA & MBA within 3 to 4 years
Oxford Brookes Uni.
World Class Professional & Rewarding Carrier with
fpi
Preparation for A-level, CA, CAT, ACCA & MBA
Oxford Brookes Uni.
Financial Professional Institute
G.P.O.Box: 10615, New Baneshwor, KTM
☎ 4782209, Janakpur-9744001526
E-mail: fpiedu@hotmail.co.uk

आवश्यकता
दिक्षान्त बचत तथा ऋण सहकारी संस्थाको लागि योग्य अनुभवी
Marketting Officer-6,500/-+Allowance+OT
Supervisor-5,500/-+Allowance+OT
Receptionist-4500/-(B.Sc., Computer Diploma)
कार्यालय समय:- वार्षिक बोनस सुविधा
बिहान ९:00 बजे देखि १७:00 बजे सम्म ।
सम्पर्क कार्यालय
शेयर मार्केटसँगैको सिद्धी बिनायक कम्प्लेक्स, पुतलीसडक, काठमाण्डौं
फोन : 4240102, 4423575
मोबाइल नं. 9851039459 (बिजय विक्रम श्रेष्ठ)
9841-781963, 9841-733102, 9841-816805

अब गर्व गरौं
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
अन्तराष्ट्रिय होलोग्राम सहित
डेलिभरी सुविधा
0% side effect 100% effective
100% आयुर्वेदिक औषधि
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौन: लिङ्गको विकास, शीघ्र पतन, दुर्वलता
स्तन: बढाउन, घटाउन र टाइट गर्न
शरीर: ३ महिनामा 12kg घटाउन, बढाउन
कुलत: जाँड रक्सीबाट पूर्ण मुक्ति 061-240234
4672065, 2084130
2172882, 9841883397

ब्यूटी सोलुसन

स्तन:-आयुर्वेदिक पद्दती तथा विदेशी व्यायम उपकरणद्वारा आवश्यकता अनुसार घटाउन बढाउन र टाइट गर्न, अनुहारको चाया पोतो दाग हटाउन
फ्रि होम डेलिभरी १००% ग्यारेण्टी
Z.T. कामाण्डौ : 2389243, 9803538706
इटहरी: 9804391702

# झगडा-मुद्दामा पनि व्यस्त निखिल



अभिनेता निखिल उप्रेती चलचित्रमा जति व्यस्त हुन्छन्, त्यत्तिकै झगडा-मुद्दा आदिमा फसिरहन्छन्। चलचित्रको पर्दामा साहसी स्वभाव प्रस्तुत गरेजस्तै वास्तविक जीवनमा पनि त्यही स्वभाव प्रस्तुत गर्ने उनको बानीका कारण झगडा-मुद्दाले उनलाई सताइरहने चलचित्रकर्मीहरू बताउँछन्। चलचित्र निखिल दाइको भुक्तानी नभएको विषयमा निर्माता सुनील मानन्धरसँगको निखिलको झगडाले सिनेवृत्तमा मात्र नभै बाहिर पनि त्यत्तिकै चर्चा पाएको थियो। सुनील मानन्धरले निर्माण गर्न लागेको अर्को चलचित्र 'दिदीभाइ' मा काम गर्ने भनेर नगरेपछि निर्माणपक्षले उनलाई चलचित्र खेल्न दिएको दबाबको विषय त्यस बेला हनुमानढोका पुगेर साम्य भएको थियो।

निखिलको भनाइमा अहिलेसम्म पनि निखिलदाइकै पेमेन्ट नपाइसकेको अवस्थामा त्यही ब्यानरको अर्को चलचित्रमा कसरी काम गर्ने भनेर त्यो विवाद बढेको थियो। निखिलले दिदीभाइका निम्ति लिएको पैसा पनि फर्काइदिएका थिए। त्यसअघि छवि ओझाको चलचित्र 'हिम्मत' मा काम गर्ने भनेर साइनिङ अमाउण्ट लिएका निखिलले पछि उक्त चलचित्रमा पनि काम गरेनन्। ५० हजार रुपैयाँ साइनिङ अमाउन्ट लिएका निखिलले हिम्मतमा काम नगरेबापत हर्जानासहित १ लाख रुपैयाँ बुझाए। रेखा थापा निर्मातृ रहेको हिम्मतमा काम नगरेपछि नायिका रेखा र नायक निखिलबीच आरोप-प्रत्यारोपको खेल सुरु भयो। त्यसपछिका कुनै पनि चलचित्रमा यी दुवैले एकसाथ काम नगरेका मात्र होइनन्, एक-अर्काका विषयमा कटाक्ष गर्न पनि दुवै अग्रपंक्तिमा छन्। नायक निखिल उप्रेती चलचित्र उद्योगमै सबैभन्दा बढी विवादमा आइरहन्छन् भन्ने उदाहरण अरू पनि छन्। 'जो बढी चल्छ, त्यसकै विषयमा बढी खोजिनिती हुने भएकाले मेरा झगडा-मुद्दा लुक्न सक्दैनन्,' विवादमा आइरहेको कुरा स्वीकार गर्दै निखिल भन्छन्- 'झगडा-मुद्दाले मेरो प्रोफेसनल क्यारियरमा कुनै समस्या ल्याएको छैन।'

नायक निखिल उप्रेतीले केपी पाठकले निर्माण गर्ने भनिएको चलचित्र 'अग्नि' मा समेत काम गरेनन्। साइनिङ अमाउन्ट ५० हजार लिएका उप्रेतीले उक्त चलचित्रमा काम गर्न नभ्याएको बताए। दिइएको डेटमा नायकले साथ नदिएपछि निर्माता पाठकले त्यो चलचित्र निखिलकै माध्यमबाट चिरञ्जीवी बस्नेतलाई बेचिदिए। पाठक भन्छन्- 'यो चलचित्रमा धोका पाएपछि मैले यस्ताका पछि लागेर चलचित्र बनाउँछु भन्ने सोच नै त्यागिदिएँ।'


द्वन्द्व निर्देशक राजेन्द्र खड्गीले निर्माण गरेको चलचित्र 'महासंग्राम' मा पनि साइनिङ अमाउन्ट लिएर निखिलले काम गरेनन्। मुहूर्तको दिन मुख्य नायक नै उपस्थित नभएपछि निर्माता खड्गीले अर्का नायक सुमन सिंहलाई उक्त चलचित्रको नायक लिए। 'दिएको डेटमा काम गर्न नसकेपछि अग्नि र महासंग्रामको टेन्सन थपिएको हो,' निखिल भन्छन्- म पेसाले नै कलाकार हुँ। मैले घरमा सुतेर उहाँहरूको चलचित्रमा काम नगरेको होइन्।' चलचित्रमा काम गर्दै जाँदा घाइते भएर वा बिरामी भएर बसेको अवस्थामा डेट सार्ने कि भन्ने प्रस्ताव आफूले राखेको निखिल बताउँछन्। स्टन्ट हिरोका रूपमा स्थापित नायक निखिल उप्रेती स्टन्टकै कारण आफू दुर्घटनामा परिरहने बताउँदै भन्छन्- म कसैलाई धोका दिने नियतले काम गर्दिनँ, उहाँहरूले जसरी भए पनि काम गरिदिन गरेको आग्रहका कारण डेट दिने गरेको तर उक्त समयमा आफू अशक्त हुने परिस्थिति आइदिँदा धोका दिएजस्तो देखिने गरेको छ।

सोभित बस्नेतले निर्देशन गरेको चलचित्र 'अग्निपथ' मा पनि दिएको डेटमा काम नगरेपछि उनलाई अपहरणकै शैलीमा नारायणगढस्थित सुटिङ स्पट पुऱ्याइएको थियो। बस्नेतका भाइ नायक जयकिसन बस्नेतको नेतृत्वमा ३० जनाको समूहले उनलाई नारायणगढ लगेको थियो।

नायक भुवन केसीसँग निखिलको विवाद पनि चर्चित रह्यो। भुवन केसीको पछिल्लो चलचित्र 'म तिमीबिना मरिहाल्छु नि' मा काम गर्ने भनेर निखिलले धोका दिएको भुवनले बताएपछि निखिलले उक्त चलचित्रमा काम गर्ने कुनै लिखित सहमति नभएको बताए। उनले सित्तैंमा चलचित्र खेलिदिन आग्रह गरेका थिए, निखिल भन्छन्- तिमीलाई पाँचतारे होटलको खाना र लेविस गाडीमा सयर गराउँछु तर पैसा दिन्न भनेपछि मैले त्यो सुविधा आफैं व्यवस्था गर्न सक्ने बताउँदै काम नगर्ने भनेको हो। भुवनको सित्तैंमा काम गराउन खोज्ने प्रवृत्तिका विरुद्ध आफूले काम नगरेको निखिल बताउँछन्।

विवादका घटनामा आइरहने निखिल अहिले पनि विभिन्न मुद्दामा अल्झिरहेका छन्। 'मेरो क्यारियरमा थुप्रै विवाद आए, तर ती विवादकै कारण म झगडालु प्रवृत्तिको मान्छे भन्ने सावित गर्नु मुर्ख्याइँ मात्र हो' निखिल भन्छन्- 'काममा व्यस्त भएकाले यी विवादका सम्बन्धमा प्रेसमा आफ्नो कुरा भन्न नपाउँदा म छुच्चोजस्तो देखिएको छु।' निखिलका अनुसार चलचित्र उद्योगमा सबैभन्दा धेरै उठाउन बाँकी रकम कसैको छ भने त्यो निखिल उप्रेतीको हो। चलचित्रमा पूरा पारिश्रमिक नपाए डबिङमा समय दिन नसक्ने अड्को थाप्न सक्ने ठाउँ हुँदासम्म पनि समस्या परेको हुनसक्छ भन्दै काम गरिदिएको उनी बताउँछन्। निखिलकै शब्दमा अहिले पनि १० लाख भन्दा बढी पैसा उठाउनै बाँकी छ। चलचित्र सावधानको एउटा प्रिन्ट सुनिल मानन्धरकै समूहले भारतमा बेचेको थाहा पाए पनि व्यस्तताका कारण केही गर्न नसकेको उनी बताउँछन्।

केही दिनअघि मात्र निखिलले चलचित्र विकास बोर्डमा एउटा मुद्दा हाले। छायांकन नसकिँदै तुहिएको चलचित्र खोलावारि खोलापारिमा उनले अभिनय गरेको फुटेजलाई समायोजन गरिएको विषयलाई लिएर निखिलले उक्त मुद्दा दायर गरेका हुन्। अहिले कृष्ण नाम राखेर प्रदर्शनमा आउन लागेको उक्त चलचित्रमा कृष्णको भूमिकामा नायक निखिल उप्रेती देखिनेछन्। 'दुई युवा चलचित्रको गेस्ट रोलमा अभिनय गरिदिन आग्रह गर्दै म कहाँ आएका थिए, नयाँ कलाकारलाई राखेर काम गर्ने भनिएको त्यो चलचित्रमा काम गर्ने सम्झौतापछि पनि कुनै चलचित्रमा लगेर फुटेज नजोड्ने सहमति भएको थियो।' निखिल भन्छन्- 'तर अचानक प्रदर्शनमा आउन नसकेको पुरानो चलचित्रको दृश्य अप्रासङ्गिक ढंगले जोडिएको थाहा पाएपछि मैले मुद्दा हालेको हो।' निखिलले बोर्डबाट सहयोग पाउने वचन पाइसकेको उल्लेख गरे। तपाईं आफैं भन्नुहोस् त ? प्रतिप्रश्न गर्दै उनले भने- यस्ता प्रवृत्ति नहटेसम्म नेपाली चलचित्र उद्योग उँभो लाग्ला त ?



यसबाहेक पनि निखिलले चलचित्र उद्योगमा धेरैसँग दुस्मनी मोल्नुपरेको छ। चलचित्र निर्माणका क्रममा राम्रो सम्बन्ध रहे पनि चलचित्रको पोस्टप्रोडक्सनसँगै धेरैसँग विवाद गर्नुपरेको घटना उनी सम्झन्छन्। निखिल भन्छन्- नेपाली चलचित्र उद्योगमा काम सकिएपछि कुरा काटेर बस्नेहरूको संख्या उल्लेख्य छ, तर यस्ताहरूकै बीचमा मेरो यात्रा अविचलित रूपमा अघि बढिरहनेछ।

● विदुर खतिवडा



# आए हिरोहरू

पृष्ठ १ बाट जारी

यतिखेर नेपाली चलचित्र उद्योगमा लगभग एक दर्जन नयाँ नायक आफ्नो भाग्य अजमाउन आइपुगेका छन् । फरक पृष्ठभूमिबाट आएका यी नायकहरूमध्ये ६ जनालाई सम्भावित स्टारका रूपमा लिएर उनीहरूको उद्योगमा आगमनको कथा प्रस्तुत गर्ने जमर्को साप्ताहिकले गरेको छ ।

### जीवन लुइँटेल

आलोक नेम्वाङले निर्देशन गरेको चलचित्र 'सानो संसार' प्रदर्शनको तयारीमा छ, जसमा जीवन लुइँटेलले अभिनय गरेका छन् ।

सन् २००२ मा मिस्टर नेपाल बनेका जीवन लुइँटेल पुरुष मोडलका रूपमा त्यसयता निरन्तर मोडलिङ क्षेत्रमा सक्रिय छन् । मिस्टर कोसी भएर काठमाडौं आएका यी नायकका निम्ति मिस्टर नेपालको उपाधिले नयाँ बाटो खोलेको थियो । धेरैका निम्ति मोडलिङ पेसा बन्न नसकिरहेको अवस्थामा जीवनले यही क्षेत्रलाई आफ्नो पेसा बनाए । दर्शकहरूको एउटा वर्गले चकलेटी अनुहारलाई पर्दामा पनि हेर्न चाहिरहेको बेला जीवनको चलचित्रमा आगमन आफैंमा एउटा नयाँ प्रयोग थियो । 'यो बीचको समयमा मोडलिङमा पहिलो रोजाइमा रहेर काम गर्न सफल भएँ,' जीवन भन्छन् । आफूलाई सेक्सी, 'योङ्ग लभर ब्वाइ' का रूपमा दर्शकले सजिलै ग्रहण गर्ने विश्वास लिएका जीवन चलचित्र 'सानो संसार' लाई आफ्नो जीवनको टर्निङ प्वाइन्ट मान्छन् । 'यो चलचित्रमा म मुख्य हिरो नभए पनि कमर्सियल हिरोका रूपमा आउँदैछु,' जीवन भन्छन्- 'त्यसपछि चलचित्र क्षेत्रमा मेरो पहिचान स्थापित हुनेछ ।' सानो संसारमा काम गरेलगत्तै उनले सुदर्शन थापाको निर्देशनमा निर्माण भैरहेको चलचित्र मेरो एउटा साथी छ मा काम गरिरहेका छन् । यसबाहेक विकास आचार्यको निर्देशनमा चलचित्र 'नसिब' मा पनि उनी मुख्य भूमिकामा छन् । 'यो वर्षलाई त म प्याक भैसकें,' गर्विलो आवाजमा जीवनले भने- 'विकास आचार्यकै अर्को चलचित्र आरजु पनि साइन गरें, यसबाहेक अन्य दुईवटा चलचित्रमा काम गर्ने पक्का भैसकेको छ ।' चलचित्रमा काम गर्ने चाहना कत्तिको थियो ? जीवनले भने- 'बाल्यकालमा एक प्रकारको जुनुन थियो, चलचित्रलाई बुझिसकेपछि त्याग, तपस्या र समर्पण गरियो, अहिले आएर चलचित्र र अभिनय भनेकै जीवन हो ।' ५६-५७ तिर हिमालय फिल्म्स ब्यानरमा प्रदीप श्रेष्ठले निर्देशन गरेको मेघा सिरियल 'पृथ्वीनारायण शाह' मा पृथ्वीनारायण शाहको भूमिकामा जीवनले अभिनय गरेका थिए, तर उक्त सिरियल समयसापेक्ष नभएको निष्कर्ष निकाल्दै अचानक स्थगित भयो । 'यसले एक प्रकारको निराशा ल्याएको थियो,' जीवन सम्झन्छन् ।

### अर्जुन कार्की

अर्जुन अभिनीत पहिलो चलचित्र दिदीभाइ प्रदर्शनको तयारीमै छ, तर यो चलचित्रमा काम गरिसकेपछि अर्जुनका निम्ति कुनै दिन फुर्सदिला बनेनन् । अभिनय गरेको पहिलो चलचित्र प्रदर्शन हुनुअगावै अर्जुनले करिब एक दर्जन चलचित्रमा काम पाए । अर्जुनको चलचित्र आगमनको कथा पनि रोचक छ । ५२ सालमा एसएलसी दिएर मोरङबाट काठमाडौं हान्निएका यी युवकले कामको खोजीका क्रममै चलचित्र क्षेत्रलाई रोजेका थिए । गाउँमै हुँदा सिकेको मार्सल आर्टलाई पर्दामा देखाउने सपना साँचेका कार्कीले त्यस बेलासम्म हिरो हुने कल्पना पनि गरेका थिएनन् । एक दशकदेखि चलचित्र क्षेत्रमा प्राविधिकका रूपमा काम गरेका अर्जुनलाई एक दिन शिव श्रेष्ठले तिमी हिरो हुन सक्छौ, मेहनत गर भनेर उक्साइदिए । चलचित्रमा फाइटरको अभिनय गर्न तथा नायकहरूको डुप्लिकेट स्टन्ट गर्न अर्जुनको खोजी हुन्थ्यो । यसबीच उनले केही द्वन्द्व निर्देशकको सहायक भएर पनि सीप देखाएका थिए । अर्जुन भन्छन्- मैले



लक्ष्य र लेखान्तमा द्वन्द्व निर्देशक भएर काम गरेको थिएँ ।

'महत्त्वाकांक्षा त थिएन', उनले भने- 'तर आफैं मेहनत भने गर्दै थिएँ ।' हिरोगिरीको सपना साँचेको चार-पाँच वर्ष बित्दा पनि उनले निरन्तर पुरानै कर्ममा व्यस्त हुनुपरिरहेको थियो । एक दिन बाबु बलामीले एलसिडी चलचित्र जंगली मान्छेमा प्रमुख नायकका रूपमा अभिनय गर्न आग्रह गरे । अर्जुन भन्छन्- 'त्यसमा मैले र जंगली मान्छे दुवैले सफलता पायौं ।'

निरन्तर चलचित्र पाउनुको रहस्य बताऊँ ? उनले बगिरहेको कथासँगै रहस्यमय प्रस्ताव तेर्स्याए, कुरा रै'छ बन्न नसकेको चलचित्र ड्याडीको । शुभमुहूर्त गरेर अघि बढ्न नसकेको यो चलचित्रको मुहूर्तको दिन उनले ५०-६० वटा फलामे किला शरीरमा आधा इन्चजति खोपेर बलिरहेको इँटालाई टाउकोले फुटाएको सट दिएका रहेछन् । त्यो देखेपछि निर्माता सुनील मानन्धरले आफ्ना पाँचवटा चलचित्रमा हिरो बनिदिन प्रस्ताव गरे । पहिलो चलचित्र दिदीभाइका लागि ५० मिटर माथीबाट बाइक उडाएको स्टन्टले उनलाई अझ चर्चामा ल्यायो । 'त्यसपछि मैले केही गर्नैं परेन,' अर्जुनले भने- 'त्यसपछि अहिले दुई सिफ्टमा काम गर्नुपरिरहेको छ ।' अर्जुनको व्यस्तता एक्सन स्टारहरू निखिल उप्रेती र विराज भट्ट दुवैका निम्ति चुनौती बनेको एक निर्देशक बताउँछन् । अर्जुन भन्छन्- 'नेपाली चलचित्र उद्योगले नयाँ परिवर्तन खोजिरहेको छ, यदि मैले आफूलाई त्यसअनुरूप ढाल्न सकें भने मात्र सफलता पाउनेछु ।

### आर्यन सिग्देल

'अहिले पनि बाटोमा हिंड्दा ओ पार्ली के छ खबर ? भनेर सोध्छन्' कान्तिपुर टेलिभिजनबाट प्रसारित टेलिश्रृङ्खला 'हाउसफूल'का पार्ली अर्थात् आर्यन भन्छन्- 'धेरैलाई पार्लीको त्यो क्यारेक्टरले प्रभावित बनाएको हुनुपर्छ, त्यतिमात्र होइन, हाउसफूल प्रसारणमा आएपछि मेरा निम्ति अवसरका धेरै बाटा खुलेका हुन् ।' स्टेज पर्फमेन्सअन्तर्गत नाटक तथा नृत्यमा काम गर्ने सिग्देल विभिन्न सांस्कृतिक कार्यक्रम गरेको सम्झन्छन् । यी नायकले अभिनय गरेको पहिलो चलचित्र किस्मत सुपरहिट भएपछि उनले पछाडि फर्केर हेर्नुपरेको छैन । आर्यन आगामी वर्षसम्मका लागि प्याक भैसकेका छन् । आर्यनले पहिलो टेलिश्रृङ्खला 'चिताको ज्वाला' मा अभिनय गरेका थिए, जुन आजसम्म प्रसारण भएको छैन ।

एसएलसी दिएलगत्तै अभिनयलाई पेसा बनाउने निधो गरेका आर्यनलाई टेलिश्रृङ्खलामा मौका मिले पनि पैसा दिने कुरा नभएपछि उनले काम गर्न आवश्यक मानेनन् । उनले आधा दर्जनजति म्युजिक भिडियोमा समेत काम गरेका थिए । यसबीच उनी रियालिटी सो सुपरएक्टिङ कम्पिटिसनको सञ्चालकका रूपमा पनि देखिए । खुसी पलभरमा काम गर्दागर्दै उनले किस्मतको अफर पाएका थिए । त्यसपछि उनले संजय कुटुको निर्माणमा बनेको चलचित्र मौसममा समेत अभिनय गरिसकेका छन्, जुन अहिले प्रदर्शनको पर्खाइमा छ । मौसमलगत्तै उनी सुदर्शन थापाद्वारा निर्देशित 'मेरो एउटा साथी छ' मा मुख्य भूमिकामा अभिनय गरिरहेका छन् । ठूलो बजेटको यो चलचित्रलाई उनी ड्रिम प्रोजेक्टको संज्ञा दिन्छन् ।

नेपाली चलचित्र उद्योगका पुराना हिरोहरूको क्याटोगरीमा आफू नपर्ने आर्यनको जिकिर छ । म लभस्टोरीको चकलेटी हिरो हुँ, आर्यन भन्छन्- 'आधुनिक कथामा अहिलेका युवाहरूको प्रतिनिधिपात्र हुनसक्छु जस्तो लाग्छ, जसमा विविधता छ, उसले यो उद्योगमा सजिलै आफूलाई जमाउन सक्छ,' आर्यन भन्छन्- 'मसँग एक्टिङ, डान्स र फेस भएकाले हिरो हुनका निम्ति योग्य छु जस्तो लाग्छ ।'

### सुमन सिंह

तुलसी घिमिरेले मोडल सुमन सिंहलाई देखेपछि हिरो बनाउने निर्णय गरे । नेपाली चलचित्र उद्योगकै सफल निर्देशकले दिएको त्यो अफर सुमनले सहजै स्वीकार गरे । यो कुरा हो चलचित्र दुई किनाराको । दर्पण छायाँजस्तो सुपरहिट चलचित्र निर्देशन गरेका घिमिरे यो चलचित्रमा भने असफल ठहरिए । चलचित्र सफल हुन ब्यानर र निर्देशकमात्र पर्याप्त हुँदैनन् भन्ने बुझेपछि सुमनले पनि अभिनय यात्रालाई निरन्तरता दिन मेहनत गर्न आवश्यक माने । त्यो बीचको समयमा हिरो हुन 'केही चाहिन्छ' भन्ने कुरालाई फुलफिल गरेको उनी बताउँछन् । गत वर्ष सिंहद्वारा अभिनीत अर्को चलचित्र घातक प्रदर्शन भयो, यो चलचित्रले उल्लेखनीय सफलता नपाए पनि सुमन नेपाली चलचित्र उद्योगमा सम्भावना बोकेका नायकमा दरिए ।

यो बीचको समयमा उनी सानो पर्दामा बढी व्यस्त भए । सुमनलाई प्रज्ञा जोशीले निर्माण गरेको टेलिश्रृङ्खला सिन्दूरले राम्रो पहिचान दियो । लभरब्वाइ र एक्सन हिरो दुवै विधामा काम गर्न सक्ने शारीरिक बनावटले उनलाई फेरि ठुलो पर्दामा आउनसक्ने सम्भावना प्रदान गरेको थियो । सुमन भन्छन्- 'मलाई सानो पर्दाले माया गर्‍यो, जसबाट मैले धेरै कुरा सिक्ने मौका पाएँ ।' सुरज श्रेष्ठ निर्देशित म्युजिक भिडियो गाजलुले आँखै छोपी क्या राम्री मेरी मायालु....ले उनलाई अझ बढी चर्चा दियो । करिब एक दर्जन म्युजिक भिडियोमा छाएपछि उनलाई चलचित्र राज्यमा काम गर्ने अवसर मिल्यो । राज्यमा काम गरेलगत्तै उनी पनि व्यस्त नायकको सूचीमा पर्न थाले । तपाईं आफूलाई कुन क्याटोगरीको हिरो मान्नुहुन्छ ? सुमनले भने- लभ र एक्सन दुवैमा मज्जाले काम गर्न सक्छु जस्तो लाग्छ । सानो पर्दालाई पनि माया नमार्ने बताउने सुमन अब नेपाली चलचित्र उद्योगमा नयाँ पुस्ताको दबदबा रहनेमा ढुक्क हुन आग्रह गर्छन् । सिंह भन्छन्- 'अब पालो हाम्रै हो, जसले दर्शकलाई नयाँ स्वाद दिनसक्छ ।'

### राजबल्लभ कोइराला

रियालिटी सो सुपर एक्टिङ कम्पिटिसनमा राजबल्लभले गरेको अभिनयले निर्णायकहरूको मन यति छोयो कि उनलाई त्यहीं चलचित्र खेल्ने अफरसमेत आयो । हातमा आएको दानवीय शक्तिको आक्रमण आफैंले सामना गरेको दृश्यमा उनले गरेको जीवन्त अभिनयले निर्णायकको मात्र होइन, सबैको मन जितेको थियो । निर्देशकहरू दीपक श्रेष्ठ र नारायण पुरीले आफ्ना आगामी चलचित्रमा राजबल्लभलाई लिने घोषणा त्यही कार्यक्रममा गरेका थिए । दीपक श्रेष्ठले त आफ्नो वाचा पूरा गरे, तर नारायण पुरीले त्यो घोषणा पनि बिर्सिसके होलान् । यी पोखरेली युवक सानो उमेरदेखि नै चलचित्रको पर्दामा आफू नायक भएको कल्पनामा डुब्थे । त्यही कल्पनाशीलताले उनमा अभिनयप्रतिको गहिरो मोह जगाइदियो । कोइरालाको सपना त्यतिबेला मात्र सफल ठहरियो, जब उनको पहिलो चलचित्र पर्खिबसें एकैपटक मुलुकभर प्रदर्शन भयो । गोपीकृष्ण ब्यानरको महत्त्वाकांक्षी चलचित्र पर्खिबसें प्रदर्शनमा आएलगत्तै उनलाई एकाएक नयाँ चलचित्रमा काम गर्ने अफरहरू आउन थालेका छन् ।

पोखरा गैरेपाटनका राजबल्लभले चार वर्ष पोखरा एफएममा आरजेका रूपमा काम गरेका थिए । त्यसपछि काठमाडौं आएर कलेज अफ फिल्म्स स्टडिज आएर अभिनयमा स्नातक तह अध्ययन गर्न थाले । काठमाडौं गएर त्यही विषयमा अध्ययन गरियो भने नेटवर्किङ र पब्लिक रिलेसन बढ्छ, अनि मेरो सपना पुरा हुन्छ जस्तो लाग्यो, उनले भने- नभन्दै चलचित्र अभिनयसम्बन्धी राम्रोसँग बुझ्ने मौका पाएँ, त्यसपछि मैले राम्रो कलाकार बन्छु भन्ने उद्देश्य बनाए । राज चलचित्रको कथाअनुसारको हिरो हुने आकांक्षा रहेको बताउँछन्, हावादारी हिरो होइन, उनी भन्छन्- आफू र चलचित्र दुवै सुहाउँदो होस् । चलचित्रको मुख्य पक्ष अभिनय भएकाले नायकका निम्ति आवश्यक पर्ने महत्त्वपूर्ण गुण आफूमा रहेको उनी बताउँछन् । कोइराला भन्छन्- त्यसो त एक्सन, द्वन्द्व र नृत्य पनि उत्तिकै आवश्यक हुने भएकाले त्यसमा पनि फिट हुने प्रयासमा छु । नेपाली चलचित्र उद्योगमा जम्न एक्सन अनिवार्य भएको कुरा राम्रोसँग बुझेका यी नायक अबका दिनमा प्राविधिक रूपले मात्र होइन बलियो कथामा चलचित्र बन्ने भएकाले त्यस्ता चलचित्रमा नयाँ पुस्ताकै दबदबा रहने बताउँछन् ।

### नीरज बराल

एउटा संयोग मिस्टर नेपाल २००२ मा मुख्य उपाधि जीवन लुइँटेलले पाएका थिए भने दोस्रो अर्थात् फस्ट रनरअपको उपाधि नीरज बरालले हात पारेका थिए । मिस्टर झापा भएर मिस्टर नेपालमा प्रतिस्पर्धा गर्न काठमाडौं आएका नीरज मुख्य उपाधि जीवनबाट खोसिएपछि उनी अर्को दह्रो प्रतिस्पर्धाको खोजीमा थिए । नेपाल कमर्स क्याम्पस, मीनभवनमा बीबीए अध्ययनरत हुँदा उनले अर्को अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धामा भाग लिने मौका पाए । शैक्षिक रूपमा योग्य हुनेहरूले प्रतिस्पर्धा गर्न पाउने मिस्टर युनिभर्सिटी इन्टरनेसनल-२००६ मा प्रतिस्पर्धा गर्न उनी छनौटमा पर्न सफल भए । प्रतिभाको कदर हुन्छ, यो भनाइ नीरजमा लागू भयो । अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताको शीर्ष उपाधि जितेर उनी नेपाल फर्किए । एकाएक नेपाली मिडियामा उनको चर्चा चुलियो, नीरजको प्रोफेसनल मोडलिङ क्यारियरका निम्ति मात्र होइन, समग्र नेपालका निम्ति यो उल्लेखनीय उपलब्धि थियो ।


नीरजका निम्ति संगीता श्रेष्ठले निर्देशन गरेको दुईवटा म्युजिक भिडियोमा अभिनय गर्नु टर्निङ प्वाइन्ट बन्यो । गोपीकृष्ण ब्यानरले ड्रिम प्रोजेक्टका रूपमा निर्माण गर्न लागेको कुसुमे रुमालको सिक्वेलका लागि एक वर्षदेखि कलाकारको खोजी भैरहेका बेला म्युजिक भिडियोमा देखिएका नीरजलाई निर्माणसमूहले उपयुक्त व्यक्ति मान्यो । निर्देशक निरक पौडेलले नीरजमा ड्रिम हिरो हुनसक्ने खुबी देखेकै कारण उनलाई मुख्य भूमिकामा अभिनय गराउने निर्णय गरे । 'कुसुमे रुमाल साइन गर्नुअघि चलचित्रमा काम गर्ने कुरा सोचिसकेको थिइनँ,' निरजले भने- 'तर निरकजीसँग भेट भएपछि नयाँ टिमका साथमा नयाँ कन्सेप्टमा काम गर्नु राम्रो हुन्छ भन्ने लाग्यो । उक्त चलचित्रमा काम गरेपछि उनले नेपाली चलचित्र निर्माणमा व्यापक परिवर्तन आएको हो कि भन्ने महसुस गरेको बताए । मोडलिङमा उपल्लो स्तरको उपलब्धि हासिल गरेका यी नायक चलचित्र उद्योगबाट पनि त्यस्तै उपलब्धि पाउने कुरामा आशावादी देखिन्छन् । ट्रेन्ड परिवर्तन भएर नेपाली चलचित्र उद्योगले नयाँ बाटो लिए आफूजस्ता नयाँ हिरोहरूको भविष्य राम्रो हुने उनले बताए । नीरज भन्छन्- 'चलचित्रमा आफूलाई समर्पण गरेको छु, हेरौं प्रतिफल कस्तो पाउने रहेछु ।'

## फिल्मी खबर

• छ महिनाअघि छायाङ्कन आरम्भ भएको चलचित्र 'पलपलमा'को छायाङ्कन बीचमा रोकिए पनि गत साता उक्त चलचित्रको सबै छायाङ्कन सम्पन्न भएको छ। चलचित्रका निर्देशक उकेश दाहालका अनुसार नायक रमित ढुंगाना अमेरिका जाने भएकाले दुई साताअघि छायाङ्कन गर्न रमितलगायत उक्त चलचित्रका सबै जना तीन रात चार दिन ननिदाई अनवरत काम गरिरहे। त्यसपछि अर्का नायक दिलीप रायमाझी, नायिका उषा पौडेल तथा नायक विक्रान्त बस्नेतका दृश्यहरू छायाङ्कन गरेपछि हाल उक्त चलचित्रको सम्पादन गर्ने तयारी भैरहेको छ। चलचित्रमा पुरुष वेश्याको कथा समेटिएको छ।

• हास्यकलाकार सिपी पौडेल कार्यकारी निर्माता रहेको चलचित्र 'सिलसिला'मा प्रेम तथा मित्रताको निरन्तरतालाई समेटिएको छ। पौडेलका अनुसार उक्त चलचित्रको छायाङ्कन सम्पन्न भएको छ। विराज भट्ट, रेखा थापा, मिथिला शर्मा, राज तिमिल्सिना, सोनिया केसी, गोविन्द ढुंगाना, मञ्जु श्रेष्ठ, आरपी पन्त, सँरवीर पण्डित, सुशील पोखरेल आदि कलाकारले अभिनय गरेको यो चलचित्रमा वसन्त थापाको संगीत, दिपक वान्तवाको छायाङ्कन, हिमाल केसीको द्वन्द्व तथा शान्ता नेपालीको नृत्य निर्देशन हेर्न पाइनेछ। राजेन्द्र उप्रेतीको निर्देशनमा बनेको यो चलचित्रमा नायिका रेखा थापा 'टम ब्वाइ'को चरित्रमा देखा पर्दैछिन्।

• निर्माता, निर्देशक तथा नृत्य निर्देशक राजु शाह अर्को चलचित्रको छायाङ्कन युरोपमा गर्ने तयारी गरिरहेका छन्। प्राप्त जानकारीअनुसार हाल नाम नजुराइएको उक्त चलचित्रमा विराज भट्ट, ऋचा घिमिरे, दीपकराज गिरी, दीपाश्री निरौला आदि कलाकारले अभिनय गर्दैछन्। चलचित्रको छायाङ्कनका लागि आगामी महिना युनिट युरोप प्रस्थान गर्ने तयारीमा छ। शाहको निर्माण एवं निर्देशन रहेको अघिल्लो चलचित्र 'सपनाको नौलो संसार' राजधानीमा प्रदर्शनको तयारीमा छ।



## लभ गुरु रेखा



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

म २२ वर्षीय युवक हुँ। केही वर्षअघि गाउँनजिककी एउटी किशोरीसँग मेरो जिनजानी भयो। भेटघाट हुन थालेपछि त्यो सम्बन्ध प्रेममा परिणत हुन पुग्यो। प्रेमले गम्भीर रूप लिएपछि हामी एक्लै भेटेर अँगालोमा बाँधिएर रुन्थ्यौं। हामी एक-अर्कामा कहिलै नछुट्टिने कसम खान्थ्यौं। एकपल्ट मैले आफ्नो औंला काटेर रगतले उनको सिउँदो पनि रङ्ग्याए। उनले पनि आजदेखि तिमी मेरो पति भयौ भनी अँगालो हालेर रोइन्। यसरी हाम्रो कलिलो मनले एक-अर्कालाई जीवनभरि साथ दिने निर्णय गऱ्यो। म पनि भावी श्रीमतीको जीवनलाई कसरी सुखी बनाउने भनेर चिन्तित हुन थाले। यद्यपि आजभोलि उनी मसँग टाढिएकी छिन्। शारीरिक रूपमा टाढिए पनि उनले फोन, चिठी वा मौखिक सन्देश पठाएर हाम्रो प्रेम यथावत् रहेको सन्देश दिन सक्थिन्। त्यो पनि बन्द भएको छ। उनी मबाट मुक्त हुन खोजेको कुरा थाहा पाउन थालेको छु। यसले मलाई ठूलो पीडा दिएको छ। म के गरौं ?

**रबिन**

चलचित्रको पर्दामा जस्तो, काल्पनिक उपन्यासमा वर्णन गरिएको जस्तो तपाईंको प्रेम देखेर मलाई पनि रमाइलो लाग्यो। तर तपाईंहरू एक-अर्काबाट टाढा हुन थालेको कुरा पढ्दा भने नरमाइलो लाग्यो। मैले बुझेसम्म नेपाली महिलाको जीवन उनीहरूको हातमा मात्र छैन। उनीहरू अभिभावक, समाज एवं परिस्थितिसँग लड्न डराउँछन्। यस्तो बेलामा पुरुषले बुद्धि पुऱ्याएर काम लिनुपर्छ। जहाँसम्म उनी तपाईंबाट मुक्त हुन खोजेको कुरा उल्लेख छ, त्यसले तपाईंकै कमजोरीतर्फ सङ्केत गर्छ। मानिस त्यसबाट मुक्त हुन खोज्छ, जसबाट उसले बन्धनमा परेको महसुस गरेको छ। यदि उनी परिवार तथा समाजबाट दबाब महसुस गर्दिनन् भने तपाईंको प्रेममा कुनै खोट छ। तपाईंले नै उनलाई प्रेमका नाममा बन्धनमा पार्नुभएको हुनसक्छ। प्रेम भनेको दिनु हो, लिनु होइन। खुसी बनाउनु हो, दुःखी बनाउनु होइन। त्यसैले उनको भावना बुझेर व्यवहार गर्नुहोस्। यदि तपाईंबाट गल्ती भएको छ भने माफी माग्नुहोस्। गलत व्यवहार सच्याउनुहोस्। त्यसपछि दुवै जना मिलेर अभिभावक एवं समाजसँग लड्नुहोस्। दुवै काममा तपाईंलाई सफलता मिलोस्, मेरो शुभकामना।

# मोहनी-मीराको मिठासको

नेपालयले 'आर' शालामा हरेक अंग्रेजी महीनाको अन्तिम शुक्रबार आयोजना गर्ने गरेको पलेंटी श्रृंखलामा यसपटक डिग्बोइ, आसामबाट आएकी शास्त्रीय सङ्गीतकी विशारद मीरा थापाले उपस्थित दर्शक-श्रोतालाई हरिभक्त कटुवालले आसाममा रहँदा रचेका नसुनिएका गीतहरू सुनाइन्। लामो समयदेखि सक्रिय गायनबाट टाढा रहेकी यी गायिकाले पहिलो पटक एकल कार्यक्रम प्रस्तुत गरेकी हुन्। मीराले 'यो देशको माटोले भन्छ' गीतबाट कार्यक्रमको सुरुवात गर्नासाथ उनको बंगाली संगीतमा सधिएको स्वरको मिठासले श्रोताहरूलाई मोहनी लगाइसकेको थियो, साथै उनले रवीन्द्र सङ्गीत र आखामिया लोकगीत पनि गाएर वातावरणलाई रोचक बनाएकी थिइन्।

'सुरुमा त म अलि हच्किएकी थिएँ, तर श्रोताहरूको माया र हौसलाले मलाई यो मेरो जीवनको पहिलो एकल कार्यक्रम हो भन्ने महसुस हुन दिएन। मलाई त आफ्नै परिवारको बीचमा बसेर गाएको जस्तो सजिलो लाग्यो।' कार्यक्रम सकिएपछि उत्साहित मीराले भनिन्- 'नेपालमा आएर यसरी गाउन पाउनु गर्वको कुरा हो र म यो अनुभवलाई जीवनभर बिर्सन सक्दिनँ।' पलेंटीमा उपस्थित भएका वरिष्ठ गायक फत्तेमानले यति टाढा बसेर पनि नेपाली गीत सङ्गीतलाई माया गरेकोमा उनलाई धन्यवाद दिनुपर्ने बताए। मीरा थापाको नाम यहाँ त्यति परिचित नभए पनि यस पटकको पलेंटीका सबै टिकट अग्रिम बुकिङ्ग भैसकेका थिए।





# जम्काभेट

नेपाली चलचित्रमा एउटी सफा हृदयकी, झट्ट हेर्दा कुनै पुतलीजस्ती, सानी तर राम्री युवती अर्थात् नम्रता श्रेष्ठको आगमन भएको छ। दर्जनौं म्युजिक भिडियो तथा विज्ञापनमा अभियन गरिसक्दा पनि उनमा चलचित्र नायिका हुने सोच एक प्रतिशत पनि थिएन। अहिले नम्रताले अभिनय गरेको पहिलो चलचित्र 'सानो संसार' प्रदर्शनको तयारीमा छ भने 'मेरो एउटा साथी छ' को छायाङ्कन भैरहेको छ। उनले लगातार दुईवटा चलचित्रमा अभिनय गरिन्, अब उनी यसलाई निरन्तरता दिन्छिन् त ? यस्ता कतिपय प्रश्नबीच श्रेष्ठसँग जम्काभेट।

**नायिका हुँदाको अनुभव कस्तो छ ?**

रमाइलो ।

**सानो संसार र मेरो एउटा साथी छ मध्ये कुन समूहसँग काम गर्दा रमाइलो भयो ?**

यसरी दाँज्न मिल्दैन । 'सानो संसार' को समूहसँग म सात महिनासम्म रहेँ । उहाँहरूले केही प्रशिक्षण पनि दिनुभयो । 'मेरो एउटा साथी छ' समूहको काम गर्ने शैली अलिक फरक छ, तर उहाँहरूसँग पनि समय बितेको पत्तै पाइरहेको छैन ।

**चलचित्रमा अभिनय गर्दिनँ भन्नुहुन्थ्यो । फेरि किन खेल्न यो क्षेत्रमा ?**

अभिनय गर्दिनँ चाहिँ भनेको थिइनँ । स्नातक नसकी खेल्दिनँ भन्ने सोचाइ थियो । आलोक नेम्वाङले सानो संसारमा अफर गर्नुभयो । रोल राम्रो लाग्यो र अभिनय गरेँ । त्यसपछि 'मेरो एउटा साथी छ' को अफर आयो । केही समयसम्म त उहाँहरूलाई पनि अभिनय गर्दिनँ भनिरहेको थिएँ । पछि अनायासै अभिनय गर्ने निधो गरेँ, तर अब यो वर्ष स्नातक नसकी अर्को चलचित्रमा अभिनय गर्दिनँ।

**कस्तो भूमिका गर्न मन छ ?**

यस्तै भन्ने छैन । फरक हुनुपर्छ, त्यति हो ।

**नेपाली चलचित्र हेर्नुहुन्छ ?**

पहिले-पहिले तुलसी घिमिरेले बनाएका चलचित्र हेरेकी थिएँ । हालसालै 'किस्मत' र 'पर्खी बसेँ' हेरें ।

**कस्तो लाग्यो ?**


राम्रो ।

**पुराना चलचित्रकर्मीहरूले बनाउने चलचित्रमा अभिनय गर्नुहुन्छ ?**

पुराना चलचित्र सर्जकहरूले नयाँ सोचमा चलचित्र बनाउनुभयो भने अभिनय गर्छु, तर पनि म सधैं नायिका हुन सक्छु कि सक्दिनँ भन्ने कुराको निर्धारण हुन बाँकी नै छ। 'सानो संसार' र 'मेरो एउटा साथी छ' पछि दर्शक तथा सञ्चारकर्मीहरूबाट कस्तो प्रतिक्रिया आउँछ, त्यसपछि निर्णय गर्छु ।

## केवल एक प्रश्न

# तपाईंलाई कस्तो पुरुष मन पर्छ ?



पुरुषमा सुन्दरताभन्दा पनि विवेक हुनुपर्छ । नारीको दुख-सुखमा साथ दिने, हरेक पेसालाई सम्मान गर्ने र सबैको दुख बुझ्ने तथा पल-पलमा साथ दिने गुण भएको पुरुष राम्रो लाग्छ ।

**जेनी कुँवर, चलचित्र निर्मात्री**

पुरुषमा आकर्षण गर्ने कुनै तत्त्व नै हुँदैन, किनभने पुरुषमा प्राकृतिक कोमलता हुँदैन । पुरुषको त्यो आकर्षण गर्न नसक्ने कुरा नै मलाई मन पर्छ। मानिसलाई सधैं सकारात्मक कुरा मात्र होइन, नकारात्मक कुरा पनि राम्रो लाग्छ ।

**कोमल वली, गायिका**

हाँसो ..कस्तो पुरुष भन्ने ? यसको जवाफ नै थाहा भएन । एकछिन है, राम्रो ड्रेसअप गर्ने, प्रभावशाली बोलीवचन भएको, आधुनिक भए पनि आफ्नो संस्कृतिसँग मिल्ने, सबैसँग राम्रो व्यवहार गर्ने पुरुष राम्रो लाग्छ ।

**मौसमी गुरुङ, गायिका**

(लामो हाँसो...) मलाई त्यस्तो पुरुष मन पर्छ जो हेर्दा नायक जोन अब्राहमजस्तो होस्, युवा नेता गगन थापाको जस्तो व्यक्तित्व होस् अनि आफूलाई बुझ्ने होस् ।

**हिमानी डीसी, नायिका**

म जेन्टल, युवतीको भावना बुझ्ने, नारीलाई सम्मान गर्ने, साधारण र व्यक्तित्ववान् पुरुषप्रति म आकर्षित हुन्छु ।

**रेजिना उप्रेति, नायिका**

## चलचित्र




### जाने तुँ...या जाने ना

गत वर्ष 'तारे जमिन पर' को निर्माण तथा निर्देशन गरेर सफलता हासिल गरेका अभिनेता आमिर खानले अर्को चलचित्र निर्माण गरेका छन्, 'जाने तुँ...या जाने ना'। आमिर खान प्रोडक्सनको यो चलचित्रको सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुँदैछ। अब्बास टायरवालाको निर्देशनमा तयार भएको यो चलचित्रमा निर्माता खान कुनै पनि भूमिकामा देखिएका छैनन्, तर उनले आफ्ना भान्जा इमरान खानलाई यसैमार्फत अभिनेताका रूपमा बलिउडमा प्रवेश गराउँदैछन्। चलचित्रमा इमरान खानलाई दक्षिण भारतीय अभिनेत्री जेनेलिया डिसुजाले नायिकाका रूपमा साथ दिएकी छिन्। चलचित्रका अन्य कलाकारमा रत्ना पाठक, मञ्जरी फन्डिस, अनुराधा पटेल, जयन्त कृपलानी छन्। ए.आर.रहमानको संगीत निर्देशन रहेको यो चलचित्रका गीतमा संगीतकार रहमानसहित सुखविन्दर सिंह, रसिद अलि, मोहम्मद असलम, अनुपमा देशपाण्डे, बेन्नी दयाल आदि गायक-गायिकाको स्वर सुन्न सकिन्छ। युवा प्रेमको चञ्चल पक्षलाई उजागर गरिएको यो चलचित्रको कथा एउटा एयरपोर्टबाट प्रारम्भ भएर एयरपोर्टमै टुंगिन्छ। चलचित्र प्रदर्शन हुनुअघि नै यसका गीत-संगीत लोकप्रिय भैसकेका छन्। चलचित्रले युवा दर्शकको मन जित्ने कुरामा निर्माता आमिर खान ढुक्क छन्।

### लव स्टोरी २०५०

आमिर खानले आफ्ना भान्जालाई बलिउड भित्र्याउन निर्माण गरेको चलचित्र प्रदर्शन भएकै दिन अर्थात् आज शुक्रबार अर्का एक नयाँ अनुहार हरमन बाबेजाको पहिलो चलचित्र 'लव स्टोरी- २०५०' पनि प्रदर्शन हुँदैछ। हरमनका बुवा ह्यारी बावेजाले छोरालाई बलिउडमा स्थापिन गर्न निर्माण तथा निर्देशन गरेको यो चलचित्र प्रदर्शन हुनुअघि नै चर्चित छ। त्यसैले होला, चलचित्र प्रदर्शन हुनुअघि नै हरमनले आधा दर्जनभन्दा बढी नयाँ चलचित्रमा काम गर्ने अवसर पाइसकेका छन्। चलचित्रमा हरमनकै प्रेमिका प्रियंका चोपडाले नायिकाको भूमिका निर्वाह गरेकी छिन्। अनु मलिकको संगीत तथा जावेद अख्तरका गीतहरू समावेश भएको यो चलचित्रमा बोमन इरानी तथा अर्चना पुरनसिंहले पनि प्रमुख भूमिका निर्वाह गरेका छन्। चलचित्रको शीर्षकझैं यसमा आज भन्दा ४२ वर्षपछिको प्रेम कस्तो हुनेछ भन्ने कल्पनामा आधारित घटनाक्रमलाई समेटिएको छ। चलचित्रमा सन् २०५० को विश्वलाई चित्रण गर्न निर्देशकले स्पेशल इफेक्टको सहयोग लिएका छन्। चलचित्रमा नायकका काका बनेका बोमनले टाइम मेसिनमार्फत सन् २०५० को मुम्बईमा पुग्न सकिने प्रविधिको विकास गरेपछि हरमन, प्रियंका आदि कलाकार उड्ने कार, उड्ने रेल, दुई सय तल्लाभन्दा अग्ला घर भएको मुम्बईमा पुग्छन्। उनीहरू त्यहाँ पुगेपछि चलचित्रको कथाले रोचक मोड लिन्छ।

### अनुग्रह

कथित दलित र उच्च जातबीचको भेदभाव, छुवाछूत एवं वर्गीय असमानतालाई मूल विषय बनाएर निर्माण गरिएको चलचित्र अनुग्रहको विशेष प्रदर्शन पोखरामा गरिएको छ। बाइबललाई आधार बनाएर निर्माण गरिएको यो चलचित्रको कथा तथा निर्देशन राजेन्द्र अधिकारी अपूर्णले गरेका हुन्। परमेश्वरको सृष्टिमा सबै जातजाति समान हुन्छन्। जातीय र वर्गीय रूपमा कसैले कसैलाई होच्याउनु, दबाउनु वा अपहेलित गर्नु परमेश्वरको दृष्टिमा महापाप हो भन्ने सन्देश बोकेको यो चलचित्रले छुवाछुत र त्यसले निम्त्याएको सामाजिक विसंगतिलाई केलाउने प्रयास गरेको छ। चलचित्रमा कथित तल्लो जात र उपल्लो जातका केटाकेटीबीच वैवाहिक सम्बन्ध स्थापित गराएर सबै मानिस एक हुन् भन्ने सन्देश दिन खोजिएको छ। अनमोल फिल्म प्रोडक्सनको ब्यानरमा बनेको चलचित्रको छायांकन पर्वत जिल्लाको राम्जा तिलाहार र पोखरामा गरिएको छ। यो चलचित्रमा राजेन्द्र अधिकारी अपूर्णा, शर्मिला बस्नेत, दीपक पहारी, राजकुमार लामिछाने, सजना परियार, हंसराज खवास, पुष्कर थापा आदिले अभिनय गरेका छन्। सुनीता अधिकारी तथा अमोल अधिकारीले निर्माण गरेको चलचित्रको छायांकन दीपक पहारी र जितेश प्रधानले गरेका हुन्।

## सत्ताको चाकडीमा पुरस्कार



काठमाडौं- सोमबार राजधानीमा एउटा चलचित्र पुरस्कार समारोह आयोजित गरियो। कार्यक्रममा प्रमुख अतिथि थिए, नेकपा माओवादी नेता पुष्पकमल दाहाल 'प्रचण्ड'। उनले सर्वोत्कृष्ट २० जनालाई पुरस्कार प्रदान गरे। जसमा सातवटा पुरस्कार माओवादी जनयुद्धमा आधारित चलचित्रसँग सम्बन्धित चलचित्रकर्मीको पोल्टामा पारियो। वितरित कुल पुरस्कारमध्ये सबैभन्दा बढी (पाँचवटा) पुरस्कार 'जनयुद्ध' शीर्षकको चलचित्रलाई दिइयो।

चलचित्र विकास बोर्डको बागडोर अहिले माओवादीको हातमा छ। बोर्डले आफ्नो आठौं वार्षिकोत्सवको अवसर पारेर उक्त पुरस्कार वितरण गरेको थियो। जसमा माओवादी निकट चलचित्र वा चलचित्रकर्मीले धेरै पुरस्कार कुम्ल्याएको कुरा आलोचनाको विषय बन्यो।

रेखा थापा आफैंले बनाएको चलचित्र 'किस्मत'बाट उत्कृष्ट अभिनेत्री साबित भइन् भने उनको निर्देशक उज्ज्वल घिमिरे उत्कृष्ट निर्देशक दरिए। उक्त चलचित्रले अरू दुई विधामा पुरस्कार थापेर धेरै पुरस्कार पाउने चलचित्र 'जनयुद्ध'को हाराहारीमा आफूलाई उभ्यायो। अभिनेत्री माला सिन्हा र अभिनेता तथा गायक सिपी लोहनी आदि केही चलचित्रकर्मीको उपस्थिति रहेको उक्त पुरस्कार वितरण कार्यक्रम विवाद मुक्त भने रहन सकेन। सरकारी तवरबाट प्रदान गरिएको 'राष्ट्रिय पुरस्कार' पूर्वाग्रही भएको आरोप चलचित्रकर्मीहरूले लगाएका छन्। बोर्डका अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले यसलाई पुरस्कार नपाउनेहरूको विरोध बताएका छन्।

### पुरस्कार पाउनेहरू

| | | |
|---|---|---|
| चलचित्र | : | जनयुद्ध |
| निर्देशक | : | उज्ज्वल घिमिरे (किस्मत) |
| अभिनेता | : | आकाश अधिकारी (जनयुद्ध) |
| अभिनेत्री | : | रेखा थापा (किस्मत) |
| चरित्र अभिनेता | : | राजेश हमाल (मर्यादा) |
| चरित्र अभिनेत्री | : | तारा केसी (जनयुद्ध) |
| खलपात्र | : | रमित ढुंगाना (घातक) |
| कथा/पटकथाकार | : | विकास आचार्य (दाईको ससुराली) |
| संगीतकार | : | सुरेश अधिकारी (पर्खिबसैं) |
| गीतकार | : | सुरेश अधिकारी (जनयुद्ध) |
| नृत्य निर्देशक | : | वसन्त श्रेष्ठ (डर) |
| द्वन्द्व निर्देशक | : | कुमार एण्ड कुमार (लालसलाम) |
| छायाँकार | : | राजुविक्रम शाह (डर) |
| सम्पादक | : | बनिश शाह (जनयुद्ध) |
| कला निर्देशक | : | पासाङ टी शेर्पा (लालसलाम) |
| पार्श्वसंगीतकार | : | मनोहर सुनाम (दाइको ससुराली) |
| पुनर्ध्वन्यान्कर | : | मुकेश शाह (किस्मत) |
| वेशभूषा | : | तरुणिका क्रियसन (डर) |
| श्रृंगार | : | सरोज पाण्डे (किस्मत) |
| क्रिटिक्स अवार्ड | : | ब्रुहान (थारु भाषा) |

## नयाँ पुस्ताको इमेज एवार्ड

**साप्ताहिक समाचार**



काठमाडौं- सर्वोत्कृष्ट एल्बम रेश्मा सुनुवारको 'मै ठूली भै'छु रे', म्युजिक भिडियो निर्देशक सुरज श्रेष्ठ, छायाँकार पुरुषोत्तम प्रधान, गीतकार योगेन्द्रमणि दाहाल, रक गायक नरेन लिम्बू, समूह गायनमा नयपाल ब्याण्ड, नवकलाकार दावा गुरुङ, महिला गायन राधा राई, पप गायिका शशि रावल यस्ता थुप्रै नयाँ संगीतकर्मीहरू शनिबार पुरानालाई उछिन्दै थिए। शनिबार सम्पन्न इमेज एवार्डको दसौं श्रृंखलामा विगत दुई-चार वर्षयता उदाएका पछिल्ला पुस्ताका संगीतकर्मीहरूको वर्चस्व रह्यो। साँझ सवा चार बजे आरम्भ भएको इमेज एवार्ड कार्यक्रमको आरम्भ वसन्त चौधरीको रचना तथा न्ह्यु बज्राचार्यको संगीतमा दर्जन गायक-गायिकाहरूले एकै स्वरमा गाएको गीत 'शान्ति लुकाउँ कहाँ'बाट गरियो। कार्यक्रमको आरम्भमा विदेशी पुरस्कारहरूमा जस्तो 'रेड कार्पेड'मा चिरिच्याँट परेर 'फर्मल' पहिरनमा आउनुपर्छ भन्ने कुरा संगीतकर्मीहरूले सायदै थाहा पाएका थिए। 'रेड कार्पेट'मा उपस्थित हुने कलाकारहरूको पहिरन 'स्टाइलिस' हुनुपर्छ भन्ने मान्यता छ, तर इमेज एवार्डमा अधिकांश कलाकार भने जिन्स र टिसर्टमै आए।

हरेक वर्ष प्रदान गरिने इमेज एवार्डको दसौं श्रृंखलामा आएर उनीहरूलाई सम्मान गरिएकोमा सबै खुसी नै छन्। यसपटक आयोजक इमेज च्यानलले गायक योगेश वैद्य तथा गीतकार किरण खरेललाई लाइफ टाइम एचिभमेन्ट अवार्ड प्रदान गऱ्यो भने इमेज राष्ट्रिय वर्ष व्यक्तित्वबाट डा. सन्दुक रुइतलाई सम्मानित गरियो।

### इमेज एवार्ड विजेताहरू

| | |
|---|---|
| राष्ट्रिय भावनाको गीत : | 'शान्ति लुकाउँ कहाँ' (वसन्त चौधरी) |
| गीत रेकर्डिङ : | चम्पा (महेश्वर राजभण्डारी) |
| संगीत संयोजन : | रुमाल लुकाई (समीर मानन्धर) |
| चलचित्र संगीत : | डर (सुरेश अधिकारी) |
| लोकगीत : | कञ्चनजंघा शिर (गणेश न्यौपाने) |
| दोहोरी गीत : | पूर्वैमा झ्याल राखे (पुरुषोत्तम /लक्ष्मी न्यौपाने) |
| नेपाल भाषा गीत : | जीवन पासा (सुमन कपाली) |
| मैथिली भाषा गीत : | प्रेमके रस्तेमे (प्रबलदीप विश्वास र सुनिरा चौधरी) |
| म्युजिक भिडियो स्पेशल इफेक्ट्स : | तिमीलाई छुने (विश्वदीप लामिछाने) |
| म्युजिक भिडियो सम्पादक : | मै ठूली भै'छु रे (प्रकाश तुलाधर) |
| म्युजिक भिडियो छायाँकार : | गाजलुले आँखै छोप्ने (पुरुषोत्तम प्रधान) |
| म्युजिक भिडियो निर्देशक : | गाजुलुले आँखै छोप्ने (सुरज श्रेष्ठ) |
| म्युजिक भिडियो : | मलाई बिहान (आसिफ शाह) |
| नव गायक : | भन्दिन म (दावा गुरुङ) |
| संगीतकार : | म राम्रो र नराम्रो (राजु सिंह) |
| गीतकार : | तिम्रो साथ (योगेन्द्रमणि दाहाल) |
| समूह गायन : | नयपाल ब्याण्ड |
| रक गायन : | अन्तिम माया (नरेन लिम्बू) |
| पप गायिका : | चाहना सकियो (शशि रावल) |
| पप गायक : | भुमो (सुजिल कर्माचार्य) |
| गायिका : | खोपी राखुलाँ नि लैलै (राधा राई) |
| गायक : | ए बोतल (स्वरूपराज आचार्य) |
| गीत : | सुपारी दाना (कर्मा समूह) |
| एल्बम : | मै ठूली भइछु रे (रेश्मा सुनुवार) |

## सानो पर्दा

• 'मत खाइरहन्छु नि' भन्ने थेगो बोलेर चर्चामा आएका हास्यकलाकार विष्णु सापकोटा अब फेरि त्यही थेगोसहित देखिनेछन्। सापकोटा आफैंले निर्माण गरेको हास्य टेलिश्रृंखला 'भैगो नि त' मा उनी त्यो चरित्रमा देखिने भएका हुन्। हाल निर्माणको क्रममा रहेको उक्त टेलिश्रृंखलामा रहने अन्य कलाकारका बारेमा पछि बताइने सापकोटाले जनाए। हास्यकलाकार सापकोटा अचेल हास्यश्रृंखला 'तीतो सत्य'मा सक्रिय छन्।

• हरेक शुक्रबार राति पौने नौ बजे नेपाल टेलिभिजन–२ बाट प्रसारण भैरहेको नृत्य प्रतियोगिताको कार्यक्रम 'घिन्ताङ'मा उत्कृष्ट दसको छनौट भएको छ। कार्यक्रमका निर्देशक प्रसन्न पौडेलले बताएअनुसार अब कार्यक्रमलाई अझ रोचक ढंगबाट प्रस्तुत गरिनेछ। कार्यक्रममा सहभागी दस जना प्रतियोगी एक-अर्कालाई चुनौती दिने खुबी भएका छन्। अब कार्यक्रममा दस जनाबाट दर्शक एसएमएस मतका आधारमा उत्कृष्ट पाँच जनाको छनौट गरिनेछ। त्यसपछि सातापिच्छे एक-एक जना दर्शक मतकै आधारमा बाहिरिँदै जानेछन्। अबका कार्यक्रममा हरेक साता कोही न कोही सेलिब्रेटी अतिथि निर्णायकका रूपमा सहभागी हुने पौडेलले बताए।

• छुवाछूतविरुद्धको टेलिश्रृंखला 'दलन'को प्रसारण आरम्भ भएको छ। पूर्ण सिंह बराइलीले निर्माण गरेको उक्त श्रृंखला हरेक आइतबार राति ८:४० मा नेपाल टेलिभिजनबाट प्रसारण हुन्छ। निर्माण भएको चार वर्षपछि उक्त श्रृंखलाले प्रसारणको अनुमति पाएको हो। टेलिश्रृंखलाका निर्देशक नवीन सुब्बाले वि.सं. २००७ देखि ०५२सम्म छुवाछूतविरुद्ध नेपालका दलितवर्गले गरेको विभिन्न आन्दोलनलाई उनीहरूकै दृष्टिकोणबाट प्रस्तुत गरिएको बताए। यो श्रृंखलालाई नेपालको अहिलेसम्मकै सबैभन्दा महँगो श्रृंखला बताइएको छ। निर्माण पक्षका अनुसार एक भागको निर्माणका लागि ४ लाख रूपैयाभन्दा बढी खर्च लागेको छ।




श्रृंखलामा संवाद बोल्ने कलाकारहरू मात्र ३ हजारको हाराहारीमा छन्।

• कुनै पनि सेलिब्रेटीको दिनचर्या कस्तो हुन्छ ? उनीहरूको जीवनशैलीका बारेमा बुझ्न नेपाल वान टेलिभिजनले एउटा कार्यक्रम प्रसारण गर्न थालेको छ। 'माई डायरी' शीर्षक दिइएको उक्त कार्यक्रम साताको एकपटक हरेक मंगलबार साँझ साढे छ बजे प्रसारण हुन्छ। कार्यक्रमका निर्माता सुनिल श्रेष्ठ हुन्।



## साताको स्वर



## कमला सापकोटा

**फूलैफूलको मौसम तिमीलाई... रिमिक्स गर्नुको उद्देश्य ?**

तारादेवीको स्वरमा रहेको यो गीत असाध्यै मनपर्ने भएकाले रिमिक्स गरेकी हुँ । यो गीतलाई मैले नयाँ स्वरूपमा गाएको मात्र हो । यो गीत रिमिक्स होइन, रिसिङ मात्र हो ।

**यो गीतबाट तपाईंको क्यारियर अगाडि बढ्छ ?**

अहिले रिमिक्स गायनको ट्रेन्ड चलेकाले मैले पनि त्यसलाई पछ्याएको हो । सबैको स्वरमा आफ्नैपन हुन्छ, त्यसकारण विश्वस्त नहुने भन्ने छैन ।

**यो गीतको भाव कस्तो छ ?**

यो गीत रोमान्टिकबाट प्रारम्भ भएर स्याड बन्दै गएको छ । वियोगान्त प्रेमकथा भए पनि कसैप्रति समर्पित छ यो गीत, तर यो गीतमा नाच्न सजिलो होस् भनेर डान्स ट्र्याकमा तयार गरिएको छ ।

**गीतको प्रतिक्रिया कस्तो पाउनुभयो ?**

तारादेवीको स्वर मसिनो भएकाले र मेरो स्वर हस्कि भएकाले सबैले गीतमा नौलोपन आएको छ ।

**यो गीतका लक्षित श्रोता को हुन् ?**

मेलोडियस संगीत मन पराउने सबै श्रोतामा लक्षित छ ।

**गायक** निमा रुम्बा ब्रुनाई पुगेका छन् । ब्रुनाईमा रहेका लाहुरेहरूको संस्थाले आयोजना गर्ने कार्यक्रममा गायक रुम्बाले गीत गाउनेछन् । निमासँग गायिका सत्यकला राई, हास्यकलाकार जितु नेपाल, नृत्यकलाकारहरू सुसन तामाङ, क्रान्ति लामा, अनिता रञ्जितकार पनि त्यसतर्फ लागेका छन् ।

**हास्यकलाकार** तथा गायक किरण केसीले आफूले गाएका गीतहरूको अर्को एल्बम सार्वजनिक गरेका छन् । 'धरोधर्म माइली' शीर्षकको उक्त एल्बमसँगै कलाकार केसीको जीवनी पुस्तक 'शब्द चित्रमा किरण केसी' पनि विमोचित भएको छ । केसीको एल्बममा सुरेश अधिकारी, टीका भण्डारी, कमलकृष्ण, जयनन्द लामा आदिको संगीत छ भने म्युजिक भिडियोहरूमा उषा पौडेल, सौजन्य सुब्बा, प्रिया रिजाल, सूरवीर पण्डित आदिले अभिनय गरेका छन् । असार १५ गते उपस्थित सबैलाई दही-चिउरा ख्वाउँदै उनले उक्त एल्बम तथा पुस्तकको विमोचन गरी आफ्नो एकाउन्नौं जन्मदिन मनाएका थिए ।

**गायक** अनिल सिंहले गत आइतबार साँझ नजिकका आफन्त तथा साथीभाइहरूलाई समेटेर एउटा पार्टी सम्पन्न गरे । पार्टीको कारण थियो– उनका छोरा 'अश्रित' को पास्नी । पार्टीमा चलचित्र तथा संगीत क्षेत्रका विभिन्न व्यक्तिलाई आमन्त्रण गरिएको थियो । झन्डै डेढ वर्षअघि प्रेमिका श्रीतिसँग विवाह गरेपछि अनिल आफ्नो पहिलो सन्तानको पास्नीमा निकै खुसी देखिन्थे । उनलाई बधाई दिन पार्टीमा नायक श्रीकृष्ण श्रेष्ठ, नायिकाद्वय झरना थापा र रेखा थापा, गायकहरू सुगम पोखरेल, मोहित मुनाल, अराज केशव, स्वप्निल शर्मा तथा गायिकाहरू नलिना चित्रकार, प्राश्ना शाक्य आदि पुगेका थिए । पार्टीमा व्यस्त अनिलले साप्ताहिकसँग आफ्नो एल्बम 'ए स्क्वायर' यसै साता बजारमा गए पनि औपचारिक सार्वजनिक कार्यक्रम गर्न बाँकी रहेको बताए ।

**स्वरका** धनी गायक डम्बर नेपालीको एल्बम 'मलाई' मंगलबार सार्वजनिक भएको छ । रिबेल क्रियसनले बजारमा ल्याएको उक्त एल्बमका अधिकांश गीतमा डम्बरकै शब्द तथा संगीत सुन्न पाइन्छ ।

**संगीत** उत्पादक तथा वितरकहरूको सूचीमा साइरन म्युजिक कम्पनी पनि थपिएको छ । गत साता उक्त कम्पनीको उद्घाटन संगीतकार राजु सिंहले गरेका छन् । उद्घाटन समारोहमा कम्पनीका सञ्चालक सुरज खड्गीले कलाकारको हितमा रहेर काम गर्ने बताए ।

**संगीतकार** राहुल प्रधानले फरक शैलीको एउटा संगीत समूह गठन गरेका छन् । 'राहुल एन्ड द रिदम' नाम दिइएको उक्त समूहमा प्रधानबाहेक अन्य तीन जना महिला संगीतकर्मी छन् । तीनवटा देशको प्रतिनिधित्व हुने गरी समूहमा युरोपेली मुलुक लाटभियाकी इजे, भारतकी सलोमी र नेपालकी निमु छन् । उक्त समूहको पहिलो एल्बम भोलि शनिबारदेखि बजारमा ल्याइने संगीतकार प्रधानले बताए । संगीतकार प्रधान मुड, बुलेट द किलर, बुम आदि रिमिक्स एल्बम तयार पारी हाल चर्चामा छन् ।

**कलकत्ते** काइँयो रिमिक्स गीतबाट चर्चामा आएका गायक रोज मोक्तान आफ्नो एल्बम 'डम्फुरे'मा समावेश अर्को गीत 'रातो रातो गाला'को म्युजिक भिडियो बनाउने तयारीमा छन् । झरीका कारण छायाङ्कन कार्यमा ढिलाइ भए पनि वर्षा कम हुनेबित्तिकै उक्त गीतको म्युजिक भिडियो निर्माण हुनेछ ।

**इन्डियन** आइडल प्रशान्त तामाङसहितका कलाकारले केही समयअघि बुटवलमा प्रस्तुत गरेको सांगीतिक कार्यक्रमलाई भिसिडीमा हेर्न पाइने भएको छ । 'प्रशान्त लाइभ इन बुटवल' शीर्षकको उक्त भिसिडीमा गायक तामाङले कार्यक्रममा गाएका हिन्दी तथा नेपाली गीतका साथै उनीसँगै आएकी इन्डियन आइडलकी प्रतिस्पर्धी चारु सेमवाल तथा अतिथिका रूपमा सहभागी नेपाली गायकहरू राजेश पायल राई र क्रान्ति आलेका प्रस्तुतिहरू समावेश गरिएको छ । कार्यक्रमका आयोजक तथा गीतकार थापा वसन्तद्वारा प्रस्तुत उक्त भिसिडीलाई ड्रिम्स म्युजिकले बजारमा ल्याएको हो ।

**एकताका** युवापुस्ताले निकै रुचाएको गीत 'ब्युटिफूल गर्ल्स नक्कल नपार न्युरोडको बाटोमा'का गायक राजु गुरुङ फेरि गायनक्षेत्रमा छाउने तयारीमा छन् । गुरुङले 'बी-५२' शीर्षकको एल्बम बजारमा ल्याइसकेका छन् भने उक्त एल्बममा समावेश एउटा गीत 'कसम'को म्युजिक भिडियो पनि तयार पारेका छन् । निर्देशक सुरज शाहले मात्र पाँच घण्टामा छायांकन सकेको र उक्त म्युजिक भिडियोलाई दुईवटा कोठामा सीमित गरिएकोमा शाहले मेहनत नगरेको आरोप गायक गुरुङले लगाएका थिए । यस विषयमा शाह र गुरुङबीच सामान्य खटपट भए पनि हाल म्युजिक भिडियो हेरेर गायक गुरुङ सन्तुष्ट भएको बताइन्छ ।

**संगीतकार** आलोकश्री तथा गीतकार एस्पी कोइरालाको संयुक्त एल्बम 'उपमा' यसै साता सार्वजनिक भएको छ । मोबाइल प्रयोगकर्ताहरूमा कलव्याक टोनको निकै प्रयोग भैरहेकोले एल्बमको आवरणमा समावेश हरेक गीतलाई कलब्याक टोनका रूपमा डाउनलोड गर्न सकिने व्यवस्था गरि नम्बर पनि दिइएको छ । एल्बममा उदित नारायण झा, सान, रामकृष्ण ढकाल, दीप श्रेष्ठ, राजेश पायल राई, साधना सरगम, दीपक लिम्बु, सञ्जीवनी तथा मल्लिका कार्कीको स्वर समेटिएको छ। यो एल्बमलाई म्युजिक नेपालले बजारमा ल्याएको हो ।

## अफबिट



**तन्नेरी रमाइलो** : गायक डिल्ली शर्माको म्युजिक भिडियो छायाँङ्कनमा रमाइलो गर्दै मोडल सिमला रायमाझी तथा अन्य ।

**क्रिस्टल** समूहका गायक नितिन थापाको एकल एल्बम 'क्रिस्टल' बजारमा आएको छ, जसमा समूहका लिड गितारिस्ट भानुदीप राई, बेस गितारिस्ट मिलन राई तथा ड्रमर विरु श्रेष्ठले संगीत बजाएका छन् । एल्बमको बिक्रीबाट प्राप्त हुने रकम अन्धा तथा अपांगहरूको संस्थालाई प्रदान गर्ने गायक थापाले जनाएका छन्।

**लोकगायिकाहरू** आगामी भदौ महिनामा पर्ने महिलाहरूको मात्र पर्व हरितालिका तीजका लागि गीतिएल्बम तयार पार्ने काममा जुटिसकेका छन् । यसैक्रममा हरेक वर्ष तीजमा चर्चा पाउने गीतसहितको एल्बम बजारमा ल्याउने गायिका कोमल ओलीले पनि आफूले नयाँ तीज गीत तयार पारिसकेको बताएकी छिन् । गायिका ओलीले एल्बमको सबैकाम सकिएको बताउँदै भनिन्- 'यसपटक पहिलेको भन्दा तहल्का मच्चाउने गीत सुन्न पाउनुहुनेछ ।'

**गायक** कमल क्षेत्रीको पहिलो एल्बम 'नाचन'लाई रिबेल क्रियसनले बजारमा ल्याउने भएको छ । उक्त एल्बममा समावेश शीर्षगीतको म्युजिक भिडियो आगामी साता भिजे तथा म्युजिक भिडियो निर्देशक सुरजसिंह ठकुरीले तयार पार्दैछन् । म्युजिक भिडियोमा फरक शैली प्रस्तुत गर्न लागेको गायक छेत्रीले साप्ताहिकलाई बताए ।

**साँझपख** जब सम्झनामा किन आउनु गीत गाएर चर्चा पाएका गायक युवराज चौलागाईं यतिखेर रिमिक्स गायनमा व्यस्त छन् । विभिन्न म्युजिक कम्पनीले बजारमा ल्याउन लागेका कलेक्सन रिमिक्स-संग्रहमा गायक चौलागाईंले आफ्नो स्वर दिएका छन् । इन्द्रजित मिझारले गाएको चर्चित गीत 'टुङ्नाको धुनमा डाँडापीर जूनमा..' उदितनारायण झाद्वारा स्वरबद्ध चर्चित गीतहरू मीग्लनपारि..., त्रिशूली बगेर मर्स्याङ्दीमा...को रिमिक्स भर्सनमा गायक चौलागाईंले स्वर प्रदान गरेका छन् ।

## लाइभ शो

-मुख एवं दन्त स्वास्थ्य विज्ञानसम्बन्धी बृहत् प्रदर्शनी 'प्रथम ओरल हेल्थ साइन्स एक्जिविसन २००८' आज शुक्रबार प्रारम्भ हुने भएको छ । वसुन्धरास्थित कान्तिपुर डेन्टल कलेज, टिचिङ हस्पिटल एन्ड रिसर्च सेन्टरको प्राङ्गणमा तीन दिनसम्म सञ्चालन हुने यो प्रदर्शनी नेपालमै प्रथम पटक हुन लागेको आयोजकको दाबी छ । सम्पूर्ण शरीर स्वस्थ राख्नका लागि मुखको स्वास्थ्य अपरिहार्य हुने र मुखको स्वास्थ्यमा दाँतको भूमिका महत्त्वपूर्ण हुने भएकाले दन्त स्वास्थ्यसम्बन्धी यो बृहत् प्रदर्शनी अवलोकनकर्ताका निम्ति फलदायी हुने विश्वास गरिएको छ ।

- गाउँबेसीका गायक तथा संगीतकार गणेश रसिकलाई यस वर्षको इन्द्रमोहन स्मृति गुठी पुरस्कारले सम्मान गरिने भएको छ । नेपाली सहित्य, संगीत, कला र पत्रकारिता क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउने राष्ट्रिय व्याक्तित्वहरूलाई सम्मान गर्दै आएको यो गुठीले रसिकलाई संगीत क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएर लोकसंगीतको विकासमा पुऱ्याएको योगदानको कदरस्वरूप सो सम्मान गर्ने भएको हो ।

-राजधानीलगायत पोखरा, झापा, विराटनगर, वीरगन्ज, चितवन आदि ठाउँमा लिटिल क्विन एन्ड मास्टर किङ नामक प्रतिस्पर्धा अयोजना गरिसकेको एरो मोडलिङ एजेन्सीले यसपटक काभ्रेका बालबालिकाहरूको प्रतिस्पर्धा गराउने तयारी गरेको छ । भोलि शनिबार बनेपास्थित मयूर चलचित्र मन्दिरमा आयोजना गरिने लिटिल क्विन एन्ड मास्टर किङ काभ्रे शीर्षकअन्तर्गत काभ्रे जिल्लाका अधिकांश विद्यालयका ५० भन्दा बढी छात्रछात्राबीच यो प्रतिस्पर्धा सञ्चालन हुँदैछ ।



## सन्देश



ए लुरे ? कता हो ? हिजोआज त मकहाँ आउँदा पनि आउँदैनस् । क्या हो आफ्नो वचन आफैं बिर्सने ! मैले तँलाई होइन तैंले नै मलाई हत्ते गरेको थिइस् । किन अहिले निष्ठुरी ? एकपटक त फोन उठा ।

**के.**

रत्नपार्कमा टेम्पु चढ्ने क्रममा टाउको ठोक्किएको हेन्डसम केटा । मैले जानीजानी टाउको ठोकेको होइन । आई एम सरी एन्ड म तिम्रो जिन्दगीमा फेरि एकपटक आउन चाहन्छु । अनुमति छ भने आइतबार २ बजे चिडियाखानाको टिकट गेट अगाडि आऊ है, म त्यहाँ पाँच मिनेट मात्र बस्नेछु ।

**दुर्घटनाग्रस्त केटी**

कुमारी, म आशाको दियोमा विश्वासको तेल थप्दै तिम्रो र मेरो प्रेमको दीप प्रज्वलन गर्दै, त्यही दीपको उजेलीसँगै तिम्रो बाटो कुरिरहेको छु ।

**दावा**

रुजा, लोकतान्त्रिक गणतान्त्रिक नेपालको नागरिक भएकोमा हार्दिक बधाइ । साथै पुरानो नेपालमा असफल भएको हाम्रो प्रेम नयाँ नेपालमा सफल हुन्छ भन्ने अपेक्षा गर्छु ।

**मनोज**

असार महिनामा जन्मदिन परेका साथीहरू रुक्मिणी र सुस्मितालाई सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**आइसिंह डि. तामाङ**

सुरज, दीपक, सीता, सविता, अन्जु, गोविन्द, नारन साथै जमुना भाउजू, डल्ली दिदी र गंगा सबैलाई धेरै सम्झना अनि सबैलाई टावर टिप्ने ठाउँमा मोबाइल राख्न अनुरोध गर्दछु । म मुम्बईमा आरामै रहेको जानकारी गराउँछु ।

**विष्णुदेव पाण्डेय**

विजय, हाम्रो भेटघाट नभएको पनि धेरै भैसक्यो । धेरै-धेरै सम्झना एवं माया छ । तिमीलाई भेट्न मन लाग्यो भने फोन गर ल ।

**लक्ष्मी**

सवि, अटुट माया एवं स्नेह । तिम्रो माया पाएपछि मलाई यो सारा संसार जितेजस्तो लागिरहेछ । आज बाध्यतावश हामी टाढा हुनुपरेको छ, तर मनको दूरी कदापि घटनेछैन । म तिमीलाई यो भौतिक शरीर रहुन्जेल अटुट र निरन्तर साथ दिइरहनेछु ।

**दिलीप**

दक्षिणकाली जाने बसभित्र भेटका साथै कुराकानी पनि भयो । तिमीलाई सफलताको शुभकामना । फेरि भेट्ने चाहना हुँदाहुँदै आज टाढा जानुपर्ने बाध्यता छ तर पनि तिमीलाई सदा सम्झनेछु । थाहा छैन तिमीले के-कस्तो सम्झन्छ्यौ तर म सधैं चाहन्छु भगवान्ले तिमीलाई सदा खुसी अनि सुखी राखुन् ।

**राहुल**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## जीवनको गोरेटोमा

# अन्तिम चिठी

**प्रिय,**

हाम्रो प्रेमकथा कुनै चलचित्रको कहानी जस्तै भयो भन्दै हिँडेकी छयौ रे । हो, सही भन्यौ तिमी आखिर मेरो जिन्दगीको रङ्गमञ्चमा मायाको दमदार अभिनय गरेर सफल अभिनेत्री बन्यौ । बधाई छ तिमी र तिम्रो अभिनयका अब्बल सहयात्री, अङ्गरक्षक अनि अघोषित अर्धाङ्गलाई । जसले अरूको जिन्दगीलाई विछोडमा धकेलेर आफ्नो जीवनमा मिलन ल्याउनुलाई शौभाग्य मान्छ ।

चाहेर पनि तिमीलाई भुल्न सकिरहेको छैन । लाग्छ, तिमी मेरो जिन्दगीको कहिल्यै निको नहुने घाउ हौ, जसको कुनै ओखती छैन । साथ दिन्छु, माया गर्छु भनेर नाटक गर्दै विवाहको समेत टुङ्गोमा पुग्ने तिमी नै थियौ । हाम्रो प्रेमको सुखद अन्त्य हुँदै थियो । हामी दुवैको परिवारबाट हाम्रो विवाहका लागि तिथि, मिति र समय तय भै सम्पूर्ण तयारी भएर अन्तिम बिन्दुमा पुगेपछि तिमीलाई अरूको मीठो आश्वासनको खोलाले बगाएछ । स्वार्थको ओरालो भेट्नेबित्तिकै हामीले हिँड्ने गरेको मूलबाटो चटक्कै भुल्यौ तिमीले । हामीबीचको माया, त्याग र तपस्यालाई सहर्ष स्वीकार गर्ने हाम्रो दुवै परिवारको महानतालाई कति सजिलै कुल्चियौ ? मैले कैयौंपल्ट मेरो माया र खुसीको भीख मागें तिमीसँग तर म हारें । तिमीभित्र त पत्थरको मन रहेछ । मरुभूमिमा मूल फुटाउन र पत्थरमा फूल फुलाउन खोज्नु मिथ्यानै भयो ।

तिमी र मबीचको सम्बन्ध मायाप्रेमको मात्र थिएन । त्यो एक अघोषित वैवाहिक जीवन नै थियो । यदि मैले तिमीलाई आकर्षणको रूपमा मात्रै लिएको भए तिमीबाट मैले पाउनुपर्ने बाँकी केही थिएन । विवाह त औपचारिकता मात्र हुने थियो । यदि यो सत्य थाहा भएको भए म चुक्ने पनि थिइनँ अनि मेरो अबोध मायाको निर्मम हत्या हुने थिएन ।

मैले मित्रतामा पनि नमीठो घात पाएँ । मैले आफ्नो जीवन जत्तिकै प्यारो मानेको साथीले मेरो विश्वासको हत्या गरेर तिमीमाथि जुन पुरुषार्थ पोख्यो र तिमीले मौन स्वीकृति दियौ, त्यो नै मेरा लागि तीतो यथार्थ बन्यो । मित्रता भन्नु ठूलै भ्रम हो कि भन्ने लाग्दैछ मलाई । यदि यसरी नै सबै मित्रहरू यस्तै स्वार्थी हुन्छन् भने एउटा आमाले पनि अबदेखि शिशुको विश्वास गरेर ढुक्कसँग दूध नपिलाए हुने रहेछ । मलाई लाग्छ, तिमी दुईवीचको यो भौतिक सम्बन्ध क्षणिक मात्र हो । यो आकर्षण हो, ढोंगी माया हो । उसले तिमीलाई जीवनको कुनै घडीमा मरेको मान्छेलाई जुम्राले छोडेझैं अवश्य छाड्नेछ । यो मैले ती मित्रको संगतबाट सिकेको तीतो पाठ हो ।

प्रिय, तिमी जुन कुरामा उदार भएर समाजलाई नै चुनौती दिँदैछौ । हामी उभिएको सामाजिक आदर्शले त्यसलाई सही मान्दैन । त्यो अहिलेलाई थाँती राखे हुन्छ । एक्लो हुटिट्याउँ बनेर आकाश थाम्ने दुष्प्रयास नहोस् । हुन त म मात्रै सही भन्दिनँ । मेरो गल्ती भन्नु नै अविश्वास गर्नु हो । तिमीले एउटा जवानसँग एउटै सिरानी हाल्दा होस्, रात-बिरात सँगसँगै संसार चहार्दा होस्, कुनै अबोध साक्षी बालिकाले देखेर बोलेको नाजायज सम्बन्धको तीतो कुरामा होस् वा सार्वजनिक ठाउँमा ग्वाम्लाङ्ग अँगालो मार्दा होस्, उठबस गर्ने थलोमा दृश्य प्रदूषण नै किन नहोस्, बैंसको उन्माद छदैं आँखै अघि समवेदनशील अंगहरूसँग कपर्दी खेल्दा होस् वा भनौं सारा जगत्ले अघोषित सम्बन्ध र नाताको चर्चा र उपहास गर्दा नै किन नहोस्, यसलाई मित्रताको उपज मानेर चासो नदिई म मौन बस्नुपर्थ्यो । तर वास्तविक जिन्दगी भन्नु कुनै चलचित्र होइन । कुनै उत्ताउलो श्रीमान् र श्रीमतीले पनि तिमीहरूजस्तो जहींतहीं गाईजात्रा प्रदर्शन गर्न हिच्किचाउँछन् । आफ्नो सम्झनुको अर्थमा तिम्रो बढी नै रखवारी गर्नु मैले कर्तव्य सम्झेथें । हो, त्यसपछि मैले मेरो माया खोज्दा म दोषी ठहरिएँ ।

यति भन्छु- तिमी दुईको अघोषित सम्बन्धबाट भाइटीका र अरू आदर्श माइती-चेलीको आदर्श र अस्तित्वमाथि प्रश्न चिन्ह नलागोस् । दूधले नुहाए पनि चरित्रको दाग मेटिँदैन । तिमीसँगको हरेक सम्बन्धको प्रमाण मसँग छ । सबै पर्दाफास नभएकै जाती ।



तिमी अहिले मबाट सदाका लागि टाढिएर नयाँ संसारमा छौ । म पनि नयाँ जीवन बाँचेको छु तर अफशोच हामीबीचको नमीठो अतीतले मेरो नयाँ जिन्दगीको बाटोमा नरमाइलोसँग भिक्काइरहेको छ । म विवश छु । हाम्रो बाटो फरक भएपछि मीनभवनको बस बिसौनीमा तिमीसँग मेरो दुःखद जम्काभेट भएको क्षण भुलेको छैनौ होला । जब तिमीमा एक्कासि मेरा दुई नयन ठोक्किए, म स्तब्ध भएँ, आँखाहरू रसाए । मन थाम्नै सकिनँ । कुनामा बसेर एक सर्को रोएँ । हठात् सम्हालिएर तिमीसँग बोल्न खोज्दा तिमी शिर निहुराएर आफ्नो गन्तव्य नै छोडेर अर्कै बाटो लाग्यौ । म तिम्रो तीव्र पाइलातिर अवाक् भएर ब्याएसम्म हेरिरहें, हेर्दाहेर्दै तिमी ओझेल पर्‍यौ । मैले मन बुझाएँ- यो भ्रमको संसारमा हामीजस्ता प्रेमपथबाट विचलित यात्रीहरू त कति छन् कति ? आखिर थुप्रै दार्शनिक, विद्वान्हरू पनि त प्रेममा घाइते भएकै थिए । लाग्छ, प्रेमको गन्तव्य विवाह मात्र होइन । यो त अनन्त यात्रा हो । तिमीप्रति म मा कुनै पूर्वाग्रह छैन । तिमी मेरो पहिलो माया हौ । जीवनपर्यन्त भुल्नेछैन तिमीलाई....। जिन्दगीको कुनै मोडमा अर्को भेट कसो नहोला ?

**– के. आर**

## साप्ताहिक साथी



वैदशिक रोजगारीमा रहेका कमल लामा २३ वर्षका छन् । प्रवीणता प्रमाणपत्र तह अध्ययन गरेका लामा अविवाहित हुन् । ५ फिट ६ इन्च अग्ला कमल नम्र स्वभावका छन् । गहुँगोरो वर्णका लामालाई पत्रमित्रता एवं संगीतमा रुचि छ । नरिसाउने तथा पत्रमित्रतालाई निरन्तरता दिने साथीको खोजी गरिरहेका लामालाई छात्रेबाँझ-३, गहते, काभ्रेपलाञ्चोकमा पत्राचार गर्न सकिन्छ ।



धूमपान तथा मध्यपान नगर्ने भीमसेन आचार्य २४ वर्षका छन् । ६ फिट अग्ला भीमसेन विवाहित हुन् । प्लस टु उत्तीर्ण गरेका आचार्य सहयोगी भावनाका छन् । गहुँगोरो वर्णका आचार्य जागिरे हुन् । उनी आफूजस्तै धूमपान, मध्यपान नगर्ने बफादार एवं गणतन्त्रवादी साथीको खोजीमा छन् । उनलाई नाङ्लेभारे-१, पञ्चपाले, काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।



२२ वर्षीय राजु वाग्ले ५ फिट ४ इन्चका छन् । कलाकारितामा लागेका वाग्लेले बीबीएस उत्तीर्ण गरेका छन् । नृत्यमा रुचि राख्ने वाग्ले अविवाहित हुन् । गहुँगोरो वर्णका वाग्ले अरूलाई आदर गर्ने तथा नृत्यमा रुचि भएका युवा-युवतीलाई साथी बनाउन चाहन्छन् । उनलाई गुरुकूल डान्स सेन्टर, महाराजगन्ज, चक्रपथ, काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................................................

उमेर : ................................ उचाइ : ................................

पेसा : ................................ शिक्षा : ................................

स्वभाव :................................ वैवाहिक स्थिति : ................................

अभिरुचि : ................................वर्ण : ................................

इमेल : ..............................................................

ठेगाना :..............................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................

..............................................................

**नोट :** तस्बिर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

# चेतनामूलक गीतमा झुम्यो बुटवल



बुटवल । 'नडुब यो नशामा..' बुटवलका अशोक सेनले स्टेजबाट यो गीत उच्चारण गर्न के भ्याएका थिए सडकमा रहेको ठूलो भीडले एकै स्वरमा साथ दिन थाल्यो अनि झुम्यो बुटबलर दिनभर यसैगरी नशाविरोधी गीतसंगीतको नशामा । पूर्व लागुपदार्थ प्रयोगकर्ता अशोक र उनीजस्तै साथीहरूको स्फूर्तिपूर्ण सन्देशमूलक गीतले सबैलाई उत्साह प्रदान गर्‍यो । अन्तर्राष्ट्रिय लागुपदार्थ दुरुपयोग तथा ओसारपसारविरुद्धको दिवसमा बिहीबार आयोजित कार्यक्रममा बुटवलको व्यस्त व्यापारिक थलो राम-दुर्गा मन्दिर लाइन अभूतपूर्व जमघटका बीच साँझ अबेरसम्म संगीतमय बन्यो ।

माउन्ट ८८४८ का दर्शन राई, निर्मल गतौला, विनोद लामा, शिव र फणीन्द्र लिम्बूले 'मस्की मस्की', 'बुढेसकालको लाठी' र 'रात गजार्न बाँकी छ' आदि गीत प्रस्तुत गरे भने पोखराकी सुजिताले दुईवटा अंग्रेजी र एउटा आफ्नै गीत 'सम्बन्ध' गाएर युवाहरूलाई निकै उफारिन् ।

पाँचवटा गीत गाएका स्थानीय अशोक एन्ड द ब्यान्डका अशोक सेनको प्रस्तुतिलाई घरेलु दर्शकले राम्रो साथ दिएका थिए । करिब ५ हजार दर्शकको सहभागिता देखेर उत्साहित कार्यक्रम आयोजक संस्था सोसाइटी सपोर्ट ग्रुपका अध्यक्षप्रसाद मल्ल भन्दै थिए- 'एकपटक लागूपदार्थको कुलतमा फसेका युवा सुध्रिँदैनन् र पछि केही गर्न सक्दैनन् भन्ने समाजमा व्याप्त गलत धारणा हटाउन कार्यक्रम फलदायी भयो ।' सोसाइटी सपोर्ट ग्रुप पूर्व लागुपदार्थ प्रयोगकर्ताहरूको संस्था हो ।

**–टोपराज शर्मा**

# स्वीजरल्यान्डमा रोधी साँझ

रोधी साँझको विशेष प्रस्तुतिस्वरूप परम्परागत पहिरन गुन्यूचोलीमा सजिएका महिलाहरू र ढाकाटोपी, दौरा-सुरुवालमा सजिएका पुरुषहरूको समूहबीच चलेको दोहोरी साँझमा मादलको तालसँगै नाच्दै, गाउँदै झुमेका दर्शकहरूको आकर्षणले साँच्चै रोधीघरको झझल्को गराउँथ्यो । प्रतिभावान् कलाकारहरूलाई आफ्नो कला प्रस्तुत गर्न एक खुला मञ्चजस्तै बनेको उक्त कार्यक्रममा विविध नेपाली लोक तथा आधुनिक गीत एवं नृत्य प्रस्तुत गरेर थुप्रै कलाकारले कार्यक्रमलाई रोमाञ्चक बनाएका थिए । साहित्य पनि कलाको एक अभिन्न विधा हो भन्ने आभास गराउँदै नेपाली साहित्यप्रेमीहरूको कविता एवं मुक्तकहरूले कार्यक्रममा अझै रौनक थपेको थियो ।

स्वीट्जरल्यान्डमा पछिल्लो समयमा नेपालीहरूको आगमनमा वृद्धिसँगै एकपछि अर्को गर्दै विभिन्न संगठनको स्थापना एवं सांस्कृतिक गतिविधिहरूमा तीव्रता आइरहेको छ । तैपनि कलाकारहरूको प्रतिभाको सम्मान नभएको साथै कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन नहुने




गुनासो आइरहेकै बेला नेपाली कला र संस्कृतिप्रति उत्सुक कलाकर्मीहरूको प्रोत्साहन गर्दै आवश्यक हरेक सहयोग उपलब्ध गराउन सहज होस् भन्ने हेतुले एक सहायता कोष खडा गर्ने उद्देश्यका साथ तेम्पा गुरुङ शेर्पाले आफ्नै सम्पूर्ण आर्थिक खर्चमा उक्त कार्यक्रम आयोजित गरेका थिए ।

**–विराज शर्मा र प्रकाश तिवारी**

# युवतीहरू किन स्लिम बन्न चाहन्छन् ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
२. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
३. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
४. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
५. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
६. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
७. यो संसार कस्तो छ ?
८. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
९. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
१०. कस्ता युवक राम्रा मानिन्छन्, किन ?

राम्री देखिन स्लिम बन्न खोज्छन् ।

**अन्दीप उप्रेती** (१९), **सर्लाही**

युवतीहरूलाई राम्रोसँग थाहा छ केटाहरूलाई बोक्न अप्ठ्यारो हुन्छ भन्ने कुरा, त्यही भएर कुनै अप्ठ्यारो नहोस् भनेर स्लिम बन्न खोज्छन् ।

**राम त्रिपाठी** (२२), **सर्लाही**

सडकमा हिँड्दा केटाहरूले सिटी मारून् भनेर होला नि ।

**सुरज सिंह, जनकपुर**

आकर्षक देखिनलाई होला । किनकि प्रायः केटाहरू स्लिम केटी मन पराउँछन् ।

**निर्मल बिष्ट, काठमाडौं**

मोटी हुँदा कसैले पनि आँखा नलाउने भएर ।

**वैधनाथ कोइराला, धादिङबेंसी**

बाटोमा हिँड्दा कुकुर पछि लागेजस्तै केटाहरू पछि लागुन् भनेर होला नि ।

**समर्पण भट्टराई, जनकपुर**

राम्री देखिन हो कि ?

**युवराज घिमिरे** (२८), **संखुवासभा**

कतै चलचित्रको हिरोइन भैहाले हिरोलाई बोक्न सजिलो होस् भनेर होला नि ।

**निरोज भट्टराई**

केटाहरूले मन पराउन् भनेर ।

**चतुर कुलुङ** (१८), **छेस्काम, सोलुखुम्बु**

खै युवक परियो आफू त ।

**जयराम भट्टराई, जनकपुर**

फूर्तिलो बन्न, राम्री देखिन, थप भन्नुपर्दा पुरुषलाई आकर्षित गर्न । केही काम गर्न पनि राम्री हुनु आवश्यक छ । त्यसकारण पनि स्लिम हुन खोज्नु स्वाभाविक हो ।

**यसोदा महत** (२१), **सौठा, मोरङ**

कपडाको किफायती होला नि ।

**सुनिल मंग्राती** (१८)

धेरैजसो युवती सेक्सी देखिन भने कोही राम्रो फिजिक्सका लागि स्लिम हुन्छन् ।

**बिरु नुगो फुरुम्बु**

केटाहरूलाई आकर्षण गर्न हो कि ?

**गोकर्ण लामिछाने, स्वयम्भू**



साप्ताहिकको मध्यपृष्ठमा प्रायः स्लिम युवतीकै तस्बिर हुन्छ, कतै त्यसकै प्रभाव त होइन ?

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

खै थाहा त छैन तैपनि अलिकति जवाफ लेखिहालौं ।

युवाहरूलाई आकर्षित गर्न पनि हो । युवाहरूले नै त्यस्तै युवतीहरू मन पराउने भएको हुँदा युवतीहरू त्यस्तो बन्न खोजेको हुनुपर्छ ।

**दीपेन्द्र कार्की** (१९), **सल्यान**

त्यो उनीहरूको व्यक्तिगत कुरा हो, कोही वजन घटाउनलाई, कोही स्वस्थ रहनलाई त कोही आकर्षक देखिनलाई हुनसक्छ तर अर्काको निजी कुरामा हात हालेर टाउको दुखाउने काम किन गर्ने हँ ?

**रेशम सुनुवार**

आफूलाई सेक्सी (आकर्षक) र कम उमेरको देखाउन ।

**डियर उत्तम** (२०), **पाल्पा**

आधुनिकतासँगै आफ्नो व्यक्तित्व विकास गर्न ।

**सम्पूर्ण प्रजापति, थिमी**

सम्पादकज्यूँ, २१ औं शताब्दीका युवकहरूले कम्मर छिनेका युवतीलाई बढी प्राथमिकता दिन थाले, यस्तो अवस्थामा युवतीहरूले स्लिम बन्नैपर्‍यो नि ।

**प्रतिमा श्रेष्ठ** (२१), **कुँडहर, पोखरा**

यो जमानामा जहाँतहीं सुन्दर देखिने होड छ । अनि त जो कोही युवती स्लिम बन्न किन खोज्दैनन् त ?

**खड्कमणि थामी** (२५), **बस्तीपुर**

**प्रश्न : म १८ वर्षीया युवती हुँ । मेरो अनुहार गहुँगोरो छ । अनुहारमा सानो केही कालो दाग वा जे आए पनि झ्वाट्ट देखिन्छ । मेरो अनुहारमा काला कुनै-कुनै खैरा खालका साना आकारका तिल कोठी छन् । यसले मेरो अनुहार नराम्रो देखाएको हुँदा मैले आयुर्वेदिक औषधी प्रयोग गरें अनि मेरो समस्या ठीक पनि भयो । औषधी सिद्धिएका कारण मैले फेरि एक महिनापछि त्यही औषधी प्रयोग गरें, तर पछि ठीक नभई झन् नभएको ठाउँमा पनि आएको छ । म यो समस्याबाट सदाका लागि छुट्कारा पाउन चाहन्छु । साथै मेरो अनुहार ड्राई जस्तै निधार, नाक, नाकमुनि ओठमुनि चिल्लो आएजस्तै हुन्छ । मेरो गाला निधार र मुखभन्दा गोरो नै छ । मेरा निधार, नाकमुनि र ओठमुनिको भाग गालाभन्दा अलि कालोजस्तो छ । यसको समाधानका लागि के गर्नुपर्ला ?**

**– अनाम**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**उत्तर : कुनै व्यक्ति कालो र कुनै गोरो किन हुन्छ ?**

व्यक्ति कालो वा गोरो हुनु भनेको छालाको रङ्गको कारणले नै हो । छालाको रङ्ग किन गोरो वा कालो हुन्छ ? छालाको रङ्ग melanin नामक pigment ले निर्धारण गर्छ । गोरो तथा कालो दुवै प्रकारका छाला भएका व्यक्तिमा यो pigment हुन्छ । यो पनि दुई प्रकारको हुन्छ । केही रातोपनदेखि पहेंलोपन भएको pigment लाई pheomelanin भनिन्छ भने कालो वा गाढा कैलोलाई eumelanin भनिन्छ । गाढा रङ्ग भएका व्यक्तिमा eumelanin को उत्पादन बढी हुन्छ भने गोरो छाला भएको व्यक्तिमा pheomelanin । यसको संख्या तथा आकारले नै व्यक्तिको छालाको रङ्गलाई निर्धारण गर्छ । melanin सामान्यतया छालाको बाहिरी तहमा हुन्छ र melanocyte नामक विशेष कोषले उत्पादन गर्छ । melanin ले पारजम्बु रश्मि (ultraviolet rays) को विकिरणबाट बचाउँछ ।

**छालाको कुनै भागमा किन रंग परिवर्तन हुन्छ ?**

विभिन्न कारणले छालाको कुनै भाग केही गाढा रङ्गको हुन्छ । सामान्यभन्दा बढी मात्रामा melanocyte ले melanin उत्पादन गर्नु नै यसको कारण हो । परीक्षणको अभावमा यसै भन्न नसकिए पनि तपाईंको सन्दर्भमा melasma भएको हुनसक्छ । भनिन्छ, वंशाणुगत रूपमै केही व्यक्तिमा यस्तो हुने सम्भावना बढी हुन्छ र विभिन्न कारणले यस्तो कुराको सुरुवात गर्न सक्छ । गर्भावस्थामा हुने त धेरैले सुन्नु भएकै होला । त्यसै गरेर हार्मोन भएका औषधीको प्रयोग पनि यसको कारण हुनसक्छ । सूर्यको सीधा प्रकाशको प्रभाव पनि यस्तो कुराको सुरुवात हुनसक्छ । कतिपय सुगन्धित साबुन, सौन्दर्य प्रसाधनको प्रयोग गर्दा कसैकसैलाई phototoxic reaction हुनसक्छ । कतिपयमा यस्तो किन भएको होला भनेर यसै भन्न सकिने स्थिति हुँदैन ।

पुरुषको तुलनामा महिलामा बढी melasma पाइन्छ । यो यस्तै ३० देखि ४० वर्षको उमेरमा बढी देखिन्छ । विशेष गरेर घाममा बस्दा सजिलै छाला कालो हुने वा छालाको रङ्ग केही गाढा भएका व्यक्तिमा गोरो व्यक्तिमा भन्दा यस्तो समस्या बढी हुने देखिएको छ । विशेष गरेर यसले निधार, गाला अनि माथिल्लो ओठको भागलाई प्रभावित गर्छ । यस्तो हुँदा बिमिराजस्ता मात्रै वा अलि ठूला दाग देखिन्छ । कहिलेकाहीं यो अनुहार वा शरीरको अन्य भागमा पनि देखिन सक्छ ।

उपचारका लागि तपाईंले चिकित्सक वा सकिन्छ भने चर्मरोग विशेषज्ञसँग सम्पर्क राख्नु बेस हुन्छ । अन्य चिकित्सापद्धतिमा पनि यसको उपचार होला, तर यसका बारेमा यसै भन्न सकिने स्थिति भएन । विचार गर्नुपर्ने कुरा के हो भने उपचार सुरु गरे पनि फाइदा भएको देखिन धेरै समय लाग्नसक्छ, त्यसैले धैर्य आवश्यक छ । हार्मोन भएका औषधी सेवन गरिएको छ भने त्यसलाई बन्द गर्नेदेखि लिएर वर्षैभरि छालामा सीधा घाम पर्नबाट बचाउनुपर्ने हुनसक्छ । यसका लागि sunscreen को प्रयोग गर्नुपर्ने हुन्छ । कतिपय स्थितिमा श्रृङ्गार गरेर पनि यसलाई छोप्न सकिन्छ । चिकित्सकले अन्य औषधी वा उपचार विधि पनि अपनाउन सक्छन् ।

**गोरोपन र सौन्दर्य**

मानवजातिको विकास हुँदा सम्भवतः सबै व्यक्ति काला थिए । भूमध्य रेखीय क्षेत्रमा जीवन्तताका लागि यो आवश्यक पनि थियो । विस्तारै भूमध्य रेखीय क्षेत्रभन्दा परतिर जान थालेपछि गोरोपन आउँदै गएको हो । अहिले मानव इतिहासका कुरालाई बिर्सेर गोरोपनलाई सौन्दर्यको पर्याय मान्ने चलन छ । त्यसैले गोरो बनाउने विभिन्न क्रिम बिक्री-वितरण भैरहेका छन् । दक्षिण एसियामा यसको व्यापारले राम्रै पकड जमाएको छ । यसको व्यापार गर्नेहरूले सौन्दर्यलाई विस्तारित रूप दिँदै प्रेम र विवाह आदिको अत्यावश्यक कुरा हो भन्ने भ्रम पार्न एक हदसम्म सफल भएका छन् । यति मात्र होइन, उनीहरूले यसलाई आत्मसम्मानदेखि वृत्ति विकाससँग पनि जोड्न भ्याएका छन् ।

यद्यपि सौन्दर्य गोरोपन मात्रै होइन भन्ने कुरा सबैले बुझ्नु आवश्यक छ, तर यसको अर्थ यो हो होइन कि छालामा आएका रङ्ग परिवर्तनप्रति कुनै चासो वा चिन्ता हुनुपर्दैन । माथि भनिएको melasma देखि बाहेक पनि छालाको रङ्गले गम्भीर रोगको संकेत पनि गरेको हुनसक्छ । त्यसैले एकपल्ट चर्मरोग विशेषज्ञसँग सल्लाह लिनु बेस होला । सुख्खा र चिल्लो हुने समस्याका बारेमा पनि छलफल गर्न नबिर्सनुहोला ।


ग्यारेन्टी उपचार
No side effect, 100% Gurantee
शारिरीक तौल
चाहेजति बढाउन घटाउन सक्ने
यौन:
शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्गको लम्बाई तथा मोटाई बढाउन।
स्तन, गुप्ताङ्ग
बढाउने, घटाउने तथा टाईट गर्ने।
अनुहार:
पोतो, चाँया, डण्डिफोर तथा wrinkle हटाउने।
With Home Delivery
उपचार गर्नुस पैसा फिर्ता
gaurranty_upachar@yahoo.com
2121576 9841570546
9803326359 2325352


# विदेशी रमाए रोपाइँ महोत्सवमा

पोखरा- असार पन्ध्रका दिन पोखरामा रोपाइँको जात्रा नै लाग्यो । पोखराबाट ७ किलोमिटर टाढा हेम्जास्थित पूर्णिमा फाँटमा रोपाइँ महोत्सव आयोजित गरिएको थियो ।

रोपाईं महोत्सवमा पुरुष पर्यटक बाउसे बनेर आए भने महिला पर्यटक खेताली बनेर आए । पर्यटकहरूलाई स्थानीय बासिन्दाले बाजागाजा र आकर्षक नृत्यले स्वागत गर्दा कार्यक्रम उल्लासमय बनेको थियो । पाँच हल गोरु नारिएको उक्त महोत्सवमा हिलोले लछ्प्पै भएपछि किसान र विदेशी पर्यटक खुट्टयाउन समेत हम्मे परेको थियो । आकाशबाट परिरहेको सिमसिमे पानीमा रुझ्दै पर्यटकहरू एकले अर्कालाई हिलो छ्याप्न थाले ।

उता रोपारहरू असारे भाका घन्काउँथे । त्यो भाकामा महिला पर्यटकहरू कम्मर मर्काउँदै हिलोमा रमाउँथे । पुनः नेपाल आउँदा फेरि पनि असार महोत्सवमा सहभागी हुन आफ्ना साथीहरू पनि लिएर आउने प्रतिबद्धता पनि विदेशी पर्यटकहरूले व्यक्त गरे । पोखरा पर्यटन परिषद्ले प्रत्येक वर्ष उत्सवको रूपमा आयोजना गर्दै आएको यो महोत्सवको पाँचौं संस्करण हो ।

पोखरा सबै मौसमका लागि भन्ने नाराका साथ पर्यटन व्यवसायीहरूले बेमौसममा आन्तिरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गरेको पोखरा पर्यटन परिषद्का अध्यक्ष सुन्दरकुमार श्रेष्ठले बताए । हिल्याउने तथा साउने प्रतियोगितामा हरिशचन्द्र विक पहिलो, नरबहादुर नेपाली दोस्रो र पदम विक तेस्रो भए । पुरुष दौडमा गणेश कुवँर, ऋषिराम पौडेल र धिमराज तिमिल्सिना क्रमशः पहिलो दोस्रो र तेस्रो भए । महिला दौडमा गीता तिमिल्सिना प्रथम, दुर्गा चापागाईं द्वितीय र सुजाता थापा तृतीय भए ।



तस्बिर : ईश्वरी न्यौपाने


यसबीच पोखराकै फूलबारीमा अखिल नेपाल किसान संघको आयोजनामा छुट्टै 'रोपाईं महोत्सव' सम्पन्न भएको थियो ।

**–शिव शर्मा**


ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

Bonanza Offer
50-65% Discount in IT courses
Graphic, WebPage Design
Hardware & Networking
Tally/FACT/Tata Ex
Php, My SQL, Asp.Net
Basic - Advanced Aplication
* First 50 Students only
WANTED
Online DataEntry
Part Time HomeTypists - 20
REDSTAR Pvt.Ltd.
Jamal DilliBazar
01-2302518 9851106078
info@redstarforyou.com 9803043877

# तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ




फरकहरू : टुकी, कपाल, औंला, लुगाको बुट्टा, किताब, इँटा, चुरा, टीका, ब्याग, साडी ।

## बुद्धिमान माछो

विश्वको सबैभन्दा बुद्धिमान माछो फुटबल र बास्केटबल खेल्न सक्छ, डान्स गर्न सक्छ । कोमेट नामक यो गोल्डफिसले मागबमोजिम अरू धेरै जलीय गतिविधि प्रदर्शनसमेत गर्न सक्छ । यसका मालिक ४१ वर्षीय डा. डिन पोमेरलेउ हुन् । उनले दुई वर्षको यो गोल्डफिसलाई तालिम दिएका हुन् । सही औजार र खानेकुरा पुरस्कार दिने वाचा भएमा माछाले छिट्टै जटिल चालबाजी सिक्न सक्छ ।

## जन्मदिनको शुभकामना



अनुष्का राई
२०६० असार २०




मुना बूढाथोकी
२०६० असार २०



प्रतिष्ठा सुनुवार
२०५८ असार २०



एंगोबाबा श्रेष्ठ
२०६१ असार २०



प्रकृति पौडेल
२०६० असार २२



युनिभर्सल अधिकारी
२०६० असार २४



संदीप लिम्बू
२०६३ असार २४



विधिज्ञ श्रेष्ठ
२०६२ असार २५




ग्रेटा विश्वकर्मा
२०५६ असार २६



एन्जल श्रेष्ठ
२०६१ असार २६



नेचर श्रेष्ठ
२०६३ असार २६



# कमजोर मानिसका लागि



हलिउडको चलचित्र आयरन म्यानले धेरै चर्चा एवं प्रशंसा पाएको छ । चलचित्रमा एउटा बुद्धिमान व्यापारीले एउटा यस्तो कवच आविष्कार गर्छन् जसले उसलाई अद्भुत शक्ति दिन्छ । चलचित्रको पूर्वदृश्य देखेर मानिसहरू यस्तो नयाँ खालको सुटको कल्पना गर्न थालेका छन्, जसले उनीहरूलाई दानवझैं शक्तिशाली बनाउन सकोस् । यस्ता मानिसका लागि एक कम्पनीले एचएएल- ५ नामक सुट बनाएको छ, जुन लगाएपछि कमजोर मानिसले पनि आफूलाई बलवान सम्झन थाल्नेछ ।

एचएएल अर्थात् हाइब्रिड असिस्टिङ लिम्ब्र । यो सुट लगाएर जो-सुकैले पनि १ सय किलो तौल सजिलै उचाल्न सक्छ । यसलाई कपडाझैं लगाउन सकिन्छ । यो केही समयमै बिक्रीमा राखिने सुट निर्माण गर्ने कम्पनी साइबरडाइनले बताएको छ ।

## संघर्ष र सफलता

### अलि अल नाइमी



७३ वर्षीय अलि अल नाइमी साउदी अरबका पेट्रोलियम तथा खनिज मन्त्री हुन् । संसारमा खपत हुने धेरै पेट्रोलियम पदार्थ अरब राष्ट्रमा उत्पादन हुन्छ । तीमध्ये पनि धेरै हिस्सा सउदी अरबले ओगटेको छ । अहिले तेलको भाउ बढ्ने क्रम जारी छ । यो अवस्थामा देशमा भएको तेललगायतका पेट्रोलियम पदार्थ धेरै मात्रामा उत्पादन गर्नुपर्छ भन्ने आवाज धेरैतिरबाट उठ्यो, तर नाइमी यो कुरामा सहमत भएनन् । यसका लागि अन्य राष्ट्रको पनि योगदान हुनुपर्छ भन्ने उनको मान्यता थियो । पेट्रोलियम पदार्थको उत्पादन सन्तुलित रूपमा हुनुपर्छ भन्ने उनको मान्यता छ । सबै स्रोत रित्याउन थाल्ने हो भने भविष्यमा ऊर्जा संकट आइपर्न सक्छ । यसको बचत गर्नुपर्ने भएकाले यसो गर्नुपरेको उनको मत थियो ।

नाइमीले अमेरिकाको स्टान्फोर्ड युनिभर्सिटीबाट भूगर्भशास्त्रमा स्नातकोत्तर गरेका हुन् । सन् १९४७ मा उनले सउदी आरामको नामक कम्पनीमा काम गर्न थालेका थिए । विभिन्न संघर्षका क्रममा उनी सन् १९८३ मा कम्पनीका प्रमुख भए । यो कम्पनीले पनि पेट्रोलियम पदार्थसँग सम्बन्धित काम गर्थ्यो । यी सबै अनुभव र योग्यताका कारण सन् १९९५ मा उनी मन्त्री बने । पेट्रोलियम पदार्थ उत्पादन गर्ने राष्ट्रहरूको संगठन ओपेकका अध्यक्ष फेरिइरहन्छन्, तर पनि यो संगठनका सबैले उनको सम्मान गर्छन् र केही समस्या परे उनको सहयोगको आशा राख्छन् ।

## जन्मदिनको शुभकामना

कुपन

नाम :......................................................

जन्म मिति :......................................................

स्कुल :......................................................

ठेगाना :......................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## छोरा कि छोरी ? भोजनले तय गर्ने

बेलायतको जीव विज्ञान अध्ययन समाजले महिलाको (विशेष गरी गर्भधारण गरेको समयमा) खाने खानाले पेटमा रहेको शिशुको लिङ्गलाई प्रभावित बनाउने जानकारी दिएको छ । सन्तुलित एवं पौष्टिक खाना खाने महिलाहरूको गर्भमा रहेको भ्रूण लिङ्ग छुट्टिने बेलामा पुरुष र असन्तुलित एवं कम पौष्टिक खाना खाने महिलाहरूको गर्भमा रहेको भ्रूणको लिङ्ग महिला हुने बढी सम्भावना रहेको जीव विज्ञान अध्ययन समाजले बताएको छ । ७ सय ४० महिलालाई आधार मानी गरिएको परिक्षणबाट सो कुरा प्रमाणित भएको समाजको ठहर छ । समाजले सन्तुलित एवं पौष्टिक खाना खाने महिलाहरूमध्ये ६५ प्रतिशतले छोरा जन्माउने गरेको प्रमाणित भएको निष्कर्ष निकालेको छ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - २५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | ■ | ■ |
| | २ | | | | | | | ■ |
| | | ३ | | | | | | |
| | | | ४ | | | | | |
| | | | | ■ | ५ | ६ | ७ | ८ |
| | | | | ९ | | | | |
| | | | | १० | | | | |
| ■ | | | | ११ | | | | |
| ■ | ■ | | | १२ | | | | |

प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ चलचित्र 'छायाँ'का नायक (३,४)
२ लिटिल प्रिन्सका सेकेन्ड रनरअप (३,४)
३ मिथिला कलाका पुरुष सर्जक (३,४)
४ 'घनचक्कर' नाटकका कलाकार (३,३)
५ यो थेरापीको नयाँ प्रविधि आयो (२)
६ खेल नम्बर २४ मा रूसविरुद्ध (३)
७ खेल नम्बर २५ मा जर्मनीविरुद्ध (४)
८ चलचित्र 'रणसंग्राम' की नायिका (२,३)

**तेर्सो**

१ हास्यकलाकार (३,२,२)
२ कम्पन एल्बमकी गीतकार (३,४)
३ सुकर्मका तबलावादक (३,४)
४ मध्यपृष्ठमा (३,३)
९ खेल नम्बर २३ मा ग्रीसविरुद्ध (२)
१० चुरोट बेच्ने मेसिन भएको देश (३)
११ पश्चिम नेपालको एक सहर (४)
१२ शम्भुजितको टोलीमा गायक (२,३)


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. १७ को विजेता


विज्जु श्रेष्ठ, वनस्थली, काठमाडौं

## तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?



लुकेका सामानहरू : कुकुर, चरा, भ्यागुतो, माछा, सर्प, हाँस ।

## बाटो पत्ता लगाऊ ?



# स्टाइल कन्भर्सको



**राजु घिसिङ**

धरान- पार्टीमा होस् वा कन्सर्टमा, बजार जाँदा होस् वा घुम्न निस्कँदा। धेरैको खुट्टामा हिंजोआज कन्भर्स सुज नै देखिन्छ। किन ? 'सुविधायुक्त र फेसनेबल जुत्ता त लगाउनैपऱ्यो नि'- शान्तिपथकी सनम श्रेष्ठले बताइन्। सहज र सुविधायुक्त मात्र नभई धेरै किसिमका पहिरनमा सुहाउने भएकाले हिंजोआज कन्भर्स सुजको फेसन जमेको छ।

बालबालिकादेखि किशोर-किशोरी मात्र होइन तन्नेरी पुस्ताको खुट्टामा पनि कन्भर्स नै देखिन्छ। बाँझगराकी टिनएजर्स मोना मोक्तान भन्छिन्- 'कन्भर्स पाइन्ट र हटपाइन्टमा निकै सुहाउँछ।' पाइन्ट र हटपाइन्टमा घरबाहिर निस्कँदा उनी कन्भर्स नै लगाउँछिन्। रातो-सेतो, कालो-सेतो धर्के धेरैको खुट्टामा झुण्डिने कन्भर्स हो। हिंजोआज फुलबुट्टे रंगीन कन्भर्स पनि निकै चलेको छ। 'उफ्रन, हिंड्न, दौडन हल्का भएकाले निक्कै सहज हुन्छ'- कन्भर्सका पारखी बास्केटबल खेलाडी राम सुनुवारले भने। कन्भर्स र स्पोर्ट्स सुजबाहेक उनको खुट्टामा अन्य जुत्ता विरलै देखिन्छन् ।

कालो-सेतो धर्के कन्भर्समा एक कन्सर्टमा भेटिएका इटहरीको सांगीतिक समूह 'नेक्सस' का भोकलिस्ट पर्ल सुब्बा भन्छन्- 'मोटरसाइकल चलाउँदा वा साथीभाइसँग रमाइलो गर्दा, जहाँ जाँदा, जे गर्दा पनि कन्भर्सको विकल्प छैन। यो निक्कै कम्फर्टेबल छ।' आफू जहिले पनि कन्सर्टमा कन्भर्स सुजमै स्टेजमा उत्रने उनले बताए। सुब्बा भन्छन्- 'पर्फमेन्स देखाउन स्टेजमा उफ्रिनु, हल्लिनु, नाच्नुपर्छ। त्यसैले हल्का र फ्ल्याट भएकाले कन्भर्स सुज एकदमै सुविधायुक्त र सहयोगी हुन्छ।'

धेरैजसो कन्भर्स क्रेजीले ६ देखि ९ होल (लेस बाध्ने प्वाँल) का कन्भर्स सुज रोज्ने व्यवसायीहरू बताउँछन्। घुँडामुनिसम्म आउने १४ होलसम्मका कन्भर्स बजारमा उपलब्ध छन्। ६ देखि ९ होलका राता-सेता, रंगीन र ग्रञ्ज हाफ कन्भर्स युवतीहरूको खुट्टामा देखिन्छ। गर्मी मौसम भएकाले यो बेला केटाहरू पनि गोलीगाँठोसम्म आउने हाफ कन्भर्स नै लगाउँछन्। दर्शन बजारस्थित मेहर कलेक्सनका मेहरलाल श्रेष्ठ भन्छन्-'वान पिस ड्रेस, हाफ पाइन्ट र छोटा स्कर्टमा सुहाउँदो घुँडामुनिसम्म आउने धेरै होल भएका फुल कन्भर्स पार्टी धाउने युवतीहरूको पहिलो रोजाइमा पर्छ।' चिसो मौसममा फुल कन्भर्सको माग उच्च छ।

कन्भर्स सुजको फेसन भर्खरै सुरु भएको भने होइन। व्यवसायी मेहरलाल भन्छन्- 'दुई दशकअघिसम्म हामी 'पाण्डा सुज' भनेर थरीथरीका कन्भर्स लाउँथ्यौं।' हिंजोआज पनि पाण्डाकै रूपमा कन्भर्स सुज परिचित छ। अलस्टार र लिभाइज कम्पनीका कन्भर्सको माग उच्च रहेको अर्का व्यवसायी सरोज राजभण्डारी बताउँछन्। नेपाली बजारमा भियतनाम, इन्डोनेसिया र चीनमा उत्पादित कन्भर्सको बाहुल्य छ।

सक्कली कन्भर्सको मूल्य महँगो भएकाले सस्ता तर नक्कली कन्भर्स चल्तीमा छन्। सक्कली कन्भर्सको मूल्य कम्तीमा २ हजार रुपैयाँ पर्ने बताइन्छ। १ हजार २ सय रुपैयाँसम्मका चाइनिज कन्भर्स रोज्नेहरू धेरै हुन्छन्। हलिउडका चलचित्र तथा अंग्रेजी हिपहप, पप, रक र मेटल संगीतकर्मीको ख्यातिसँगै नेपालमा एक दशकयता कन्भर्स सुज लगाउने फेसन चलेको हो। म्यासाचुसेट्सस्थित अमेरिकी जुत्ता उत्पादन कम्पनी कन्भर्सद्वारा सन् १९०८ यता उत्पादित स्टाइलिस जुत्ता नै 'कन्भर्स सुज' को नाममा लोकप्रिय भएको हो।

सन् १९२१ मा बजारमा ल्याइएको रातो-सेतो रङको 'चक' नाम दिइएको जुत्ता प्रख्यात बास्केटबल खेलाडीहरूले प्रयोग गर्न थालेपछि कन्भर्सले लोकप्रियता पाएको हो। विख्यात गायक कर्ट कोबेनका निम्ति विशेष किसिमको कन्भर्स 'द विपन' सन् १९८६ मा डिजाइन गरेपछि कन्भर्सको लोकप्रियता चुलिएको थियो। हाल ११ जना बास्केटबल स्टारले प्रयोग गरिरहेको कन्भर्स सुज चीन, इन्डोनेसिया, भियतनाम र लिथुआनियामा आधिकारिकरूपमा उत्पादन गरिन्छ। चकिज, कोन्स, कोनिज, चकर्ज, चक्स, चकी, चकर बुटस्को नाममा कन्भर्स सुज विश्वभर लोकप्रिय छ।



## बार्‍हैमास
# जिन्सकै जगजगी

पोखरा- बार्‍हैमास जिन्स ? लगाउन सजिलो र फेसनेबल देखिने भएपछि के चाहियो र ? सबैजना एउटै जवाफ दिन्छन्- 'जिन्स इज माइ फेबरेट।' यसमा भारती गुरुङको पनि सहमति छ। पोखराकी १९ वर्षीया गुरुङलाई जिन्सको पहिरनमा चिरिच्याट्ट परेर हिंड्दा आकर्षक पनि देखिन्छ। उनी जिन्सको फिटिङ पाइन्ट अनि जिन्सकै हल्का सर्टमा सहजता महसुस गर्छिन्। गुरुङ आफूलाई बजारमा चलेका नयाँ खालका जिन्समा ढाल्न चाहन्छिन्। यो उनको मात्रै रोजाइ भने होइन तन्नेरीदेखि पाकासम्म सबैको हो।

जाडो होस् वा गर्मी जिन्सका पहिरन अजम्बरी छन्, गुरुङ भन्छिन्- 'जिन्सलाई सदाबहार पहिरन हो भन्दा फरक पर्दैन।' लुगलुगाउँदो जाडो होस् वा चिटचिट पसिना निकाल्ने गर्मी, जिन्सका पहिरन हरेकका लागि पहिलो रोजाइ बनेका छन्। अहिले बदलिंदो जीवनशैलीसँगै बजारमा थरीथरीका जिन्स स्टाइल प्रचलित हुँदै गएका छन्। जिन्समा पनि सामान्य जिन्स होइन आधुनिकीकरण गरिएका स्टाइलिस्ट जिन्सले बजार तातिएको छ। जिन्समा स्काइ, ग्रे, डार्क, ब्लु र ब्लायक कलर चलेको छ भने लिभाइज र रेडलर कम्पनीका जिन्सहरू जिन्स स्टाइलिस्ट बिक्कु नवाङ सुनाउँछन्।

लगाउन सजिलो र आकर्षक पनि देखिने भएकाले जिन्स धेरैको रोजाइ बनेको हो। हरेकको चाहनालाई परिपूर्ति गर्न पछिल्लो क्रममा जिन्स फिटिङ सेन्टरहरू पनि खुलेका छन्। हिंजोआज फिटिङ र नयाँ-नयाँ पहिरनका लागि जिन्स पारखीहरूको लाम जिन्स फिटिङ सेन्टरमा लाग्न थालेको छ। सपिङ सेन्टरहरूमा पाइने रेडिमेड जिन्सको साइज र स्टाइल धेरैलाई मिल्दैन।

पसलमा खरिद गरिएको जिन्सलाई फिटिङ र स्टाइलिस्ट बनाउन जिन्स फिटिङमा पुग्नुपर्ने हुन्छ। युवक-युवती मात्र होइन उमेर पाकेकासम्मलाई जिन्सकै पहिरनले तानेको छ। जिन्स फिटिङ सेन्टरमा भेटिएकी ४५ वर्ष कटेकी एक महिलाले लजाउँदै भनिन्- 'जिन्समा सजिँदा उमेर नखाएजस्तो देखिन्छ।' उनी जस्तै धेरैलाई जिन्सका फरक-फरक स्टाइलले आकर्षित गरिरहेको छ। जिन्सको स्कर्टमा ग्रन्च र बुट्टा भरेर सजिएकी मोडल सरू मानन्धरले भनिन्- 'जिन्समा स्टाइलिस्ट देख्न सकिन्छ। चुज, स्कर्ट, मिनी स्कर्ट, थ्रि क्वाटर पाइन्ट, ज्याकेट, हाफ टप्समा पनि विभिन्न आर्ट गरेको र ग्रन्च (धागो निकालेको) गरेको जिन्स स्टाइलले फेसनेबल युवा-युवतीहरूलाई आकर्षित गरिरहेको छ।

पछिल्लो पटक बढी चलेको स्टाइल जिन्सका फरक-फरक स्टाइलमा ग्रन्च गर्नु हो। पाइन्ट-सर्टलाई धागो निकालेर जति च्यात्यो त्यत्तिकै फेसनेबल हुने गरेको छ। जिन्सका यस्ता स्टाइलले अहिलेको बजार खाएको छ। पोखरा जिन्स फिटिङ एन्ड इम्ब्रोइडरीका सञ्चालक बिक्कु नवाङ भन्छन्- जिन्सका फरक-फरक स्टाइलको माग पूरा गर्न हम्मे-हम्मे भैरहेको छ। स्थानीय मात्र होइन विदेशीसम्मले नयाँ-नयाँ जिन्स स्टाइल खोज्छन्। हङकङबाट समेत सेन्टरमा जिन्सको टप्स र मिनी स्कर्ट बढी डिमान्ड हुने गरेको बिक्कु बताउँछन्। बाइक स्कुटरमा हुइँकिएर हिंड्नेदेखि सहरका गल्ली-चोकमा ओहोरदोहोर गर्ने तन्नेरी-तरुनीहरू जिन्सका लोभलाग्दा पहिरनमा हिंड्दा हरेकको नजर पर्छ।

कुनै पसलमा किनेको जिन्सलाई नयाँ स्टाइलमा ढाल्नुपऱ्यो भने सबैजना जिन्स सेन्टर नै पुग्छन्। विशेषगरी तन्नेरी युवाहरूमा ग्रन्च गरेको जिन्स पाइन्टअघि थमपिन टाँसेर लगाउने चलन बढेको छ। सर्ट पाइन्ट र स्कर्टमा विभिन्न खालका चित्रहरू बनाएर लगाउनेहरू पनि उत्तिकै भेटिन्छन्। युवतीहरू विशेषगरी जिन्सको थ्रिक्वाटर, क्वाटर र टप्समा चिरिच्याट्ट पर्ने गरेका छन्। गर्मीमा र जाडो दुवै मौसमका लागि हुने भएकाले पनि जिन्सका पहिरन बार्‍है महिना चल्ने गरेका हुन्। जिन्सका पारखीहरूको माग पूरा गर्दै आएको विशाल बजारस्थित न्यूक्रियससनका सञ्चालक सुरेशकुमार राना भन्छन्- अहिले ग्रन्च, कलरिङ र इम्ब्रोडरी जिन्स चल्तीमा छ।'

**-शिव शर्मा**


# Classified

## रोजगार

नेपाल सरकारद्धारा मान्यता प्राप्त संस्थालाई SLC, +2 दिइ रहेका शिक्षित अशिक्षित महिला कर्मचारीको आवश्यकता ७५००।- २२२२६१३

Silverreed / Brother मेशिन तथा कुरुसकाँटीले बुन्न जान्नेले सम्पर्कः रेणु श्रेष्ठ ४२६००७३, ४२६९७०१

महिला कर्मचारीहरु चाहियो, घरमै बसि काम गर्न सकिने ६०००। गौशाला ४४६६७०० (गृहणी/ विद्यार्थीहरुले समेत गर्न मिल्ने)

३ महिला रिसेप्सनिष्ट चाहियो, (का.म.न.पा. वार्ड नं. ४,७,८,९,३५ का ले मात्र सम्पर्क गर्नुहोला, ९८४१४६०१३७

Online Data Entry Home Typist Redstar 9851106078, 2302518

NGO द्वारा निःशुल्कमा मोबाइल, रेडियो, टिभि, हाउसवाइरिङ्ग तालिम ४२६७३१६

## बिक्रीमा

नयाँ CHINA रिको मेसिन बिक्रीमा ४३५१४४१, ९८५१०४७७७६

## भाडामा

घर फ्ल्याट तुरुन्तै भाडामा लिनदिन ९८४१८१२०९५, २३६२७८०

## सम्पर्क

किस्ताबन्दीमाः ०% ब्याजदरमा, कम्प्युटर, टेलिभिजन, फ्रीज, वाशिङ्गमेसिन, डिभीडी, मोवाइल, पंखा, मिक्सचर, कोरियन ब्लाङ्गकेट, डिजिटल क्यामेरा, भ्याकुम क्लिनर, म्याट्रेस, वेल्जीयम कार्पेट, ग्यास चुलोसेट (एट्रेक्सन नेपाल प्रा.लि., २०८२७३५, २०१२७१७) शनिबार पनि खुल्ला रहनेछ।

जुनसुकै पत्रपत्रिकामा विज्ञापन गर्नुपरेमा सम्पर्क ५६३९६४५, ५६३९५९९, सुष्मीता विज्ञापन सेवा कौशलटार चौक।

अष्ठनारायण हलसँगैको मालिकामाई स्टोर वालाजुमा ज्बचम म्चष्लपक ७ कयात म्चष्लपक का सम्पूर्ण सामानहरु होलसेल मुल्यमा पाइन्छ, ९८४१४४२५९५, ४३५१४५६

उच्चस्तरिय कपडा होलसेल मूल्यमा चाहे अनुसारको फिटिङ्गमा पाइने एकमात्र होलसेल पसल X-Press Jens Wear, Makhan सुरज आर्केडसँगैको K.J complex Shop no: T-4, 9841463384, 9841424402

## होटल तालिम

छुटमा कुक वेटर बारमेन क्याप्टेन तालिम ४२२७३४६

## बिहावारी

अमेरिकामा कार्यरत वर्ष ३४ को एक शिक्षित आर्यन युवकलाई एक अत्यन्त सरल अनुशासित र सुन्दर बधुको आवश्यकता परेको हुँदा योग्य महिलाले शिघ्र सम्पर्क राख्नुहोला, मोवाइलः ९८०३८६२६६२, इमेलः sanjog4@hotmail.com

## घर जग्गा

घर जग्गा खरिदको लागि बालुवाटार,मेतिदेवी, भैसीपाटी, बसुन्धारा, महाराजगंज, ४३६४२८४, ९८०३५०८०७५

धुम्बाराही, सामुखुसी चक्रपथ एरियामा ०-७-०-०, ०-६-०-०, ०-८-०-० प्लटहरु बिक्रीमा ४३६४२८४, ९८०३५०८०७५

बालाजु बाइपास ट्र्याक रोडमा ४६ आना जग्गा बिक्रीमा ४३६४२८४, ९८०३५०८०७५

## ब्यूटि पार्लर

NGO को सहयोगमा सञ्चालित निःशुल्क ब्युटिसियन तालिम लिई स्वरोजकार बनौं, प्रिन्सेस ब्यूटि होम, चाबहिल, ९८४१७६६२१४, ९८४१४१५२१५

Complete ब्युटिसियन कोर्षको व्यबस्था स्वरोजगारको ब्यवस्था NBTC गौशाला, २१००५६३, ९८४१७७९८८९

बरिष्ठ ब्यूटिसियनद्धारा हेयरस्ट्रेट ग्यारेण्टीका साथ गर्नुका साथै ब्यूटिपार्लर सम्बन्धि सम्पूर्ण कार्यहरु सस्तो मूल्यमा गरिन्छ, न्यू आई.डि.एल. ब्यूटिपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर, नयाँ बानेश्वर शिवदर्शन हल देखि ५० मिटर दक्षिण,पहिलो तल्लामा।

ज्ञानोदय स्कुल बाफलमा ब्यूटिपार्लर बिक्रिमा ९८४१४७३०९७

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा मोवाइल ९८४१-४१७०२२ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

# स्पेनको पोल्टामा दोस्रो पटक युरो कप

अस्ट्रियाको भियनास्थित अर्नेस्ट होपेल रंगशालामा तीन पटक युरोपियन च्याम्पियनसिप प्रतियोगिताको उपाधि जितिसकेको जर्मनीलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्दै स्पेन दोस्रो पटक युरोपियन च्याम्पियन बनेको छ । गत आइतबार नेपाली समयअनुसार मध्यरातमा भएको फाइनलमा साढे ५१ हजार दर्शकमाझ स्पेनका फर्नान्डो टोरेसले ३३ औं मिनेटमा गरेको गोल नै खेलको निर्णायक गोल साबित भएको थियो ।



सन् १९६४ मा दोस्रो युरोपियन च्याम्पियनसिप प्रतियोगिता आयोजना गर्दा फाइनलमा सोभियत संघलाई १ का विरुद्ध २ गोलले पराजित गरेपछि स्पेनले छविअनुसार कुनै पनि ठूला प्रकृतिका फुटबल प्रतियोगितामा सफलता हात पार्न सकेको थिएन । सन् १९८४ को सातौं युरोपियन च्याम्पियनसिपको फाइनलमा पुगे पनि स्पेन आयोजक फ्रान्सद्वारा शून्यका विरुद्ध २ गोलले पराजित भएको थियो, यद्यपि यसपटक स्पेनले प्रतियोगिता प्रारम्भदेखि नै आफ्नो विजयी छवि प्रस्तुत गरेको थियो । समूह 'डी' मा रहेर आफ्नो विजययात्रा प्रारम्भ गरेको स्पेनले लिग चरणको कुनै पनि खेलमा पराजयको सामना गर्नुपरेन । आफ्नो समूहमा स्पेनले रूसलाई १ का विरुद्ध ४ गोलले, स्वीडेन र ग्रीसलाई समान स्कोर १ का विरुद्ध २ गोलले पराजित गर्दै क्वाटरफाइनलमा पुगेको थियो । क्वाटरफाइनलमा स्पेनले इटालीलाई पेनाल्टी सुट आउटमा २ का विरुद्ध ४ गोलले र सेमिफाइनलमा रूसलाई ३-० गोलको अन्तरले पराजित गरेको थियो ।

युरोपियन च्याम्पियनसिप प्रतियोगितामा सर्वाधिक ६ पटक फाइनलमा प्रवेश पाएको जर्मनीले सन् १९७२, १९८० र १९९६ को युरोपियन च्याम्पियनसिपको उपाधि हात पारेको थियो भने सन् १९७६ र १९९२ मा उपविजेतामै चित्त बुझाएको थियो । यस पटकको युरो प्रतियोगितामा जर्मनीले लिग चरणमा क्रोएसियासँगको पराजयको सामना गर्नुपर्‍यो । पहिलो पटक युरोपियन च्याम्पियनसिपको फाइनलमा उत्रिएका दुई मुलुक अस्ट्रिया र पोल्यान्डलाई क्रमश: शून्यका विरुद्ध १ र शून्यका विरुद्ध २ गोलले पराजित गरे पनि क्रोएसियासँग भने जर्मनी १ का विरुद्ध २ गोलले पराजित भएको थियो, तर जर्मनीले नकआउट चरणमा भने आफ्नो रोमाञ्चक खेल देखायो ।

यसपटकको प्रबल दाबेदार मानिएको पोर्चुगललाई जर्मनीले क्वाटर फाइनलमा २ का विरुद्ध ३ गोलले पराजित गर्‍यो भने सेमिफाइनलमा यो प्रतियोगिताको डार्क हर्षका रूपमा रहेको टर्कीलाई २ का विरुद्ध ३ गोलले पराजित गरेर फाइनलमा प्रवेश गरेको थियो ।

युरोपका फुटबल पण्डितहरूले यसपटकको युरोपियन च्याम्पियनसिप प्रतियोगितामा इङ्ल्यान्ड छनौट नभएपछि प्रतियोगिता नै खल्लो हुने अनुमान गरेका थिए, तर उनीहरूको सोचाइअनुसार प्रतियोगिता त्यति खल्लो भएन, तर युरोपियन फुटबलले अन्तर्राष्ट्रिय क्षेत्रमा बनाएको छविअनुसारको प्रतियोगिता पनि हुन सकेन । युरोपियन च्याम्पियनसिपको उपविजेता ग्रीस यसपटक लिग चरणबाटै घर फर्किएको थियो । समूह 'डी' मा परेको ग्रीसले आफूले खेलेका तीन खेलमध्ये सबैमा हार आत्मसात् गर्नुपर्‍यो । त्यसैगरी सोही समूहमा रहेको स्वीडेन पनि लिग चरणबाटै घर फर्किएको थियो ।

सन् १९८४ र २००० को च्याम्पियन फ्रान्सले पनि यसपटक नराम्रो पराजयको सामना गर्नुपर्‍यो । फ्रान्सले लिग चरणको खेलमा रोमानियासँग गोलरहित बराबरीमा चित्त बुझाउनुपरे पनि नेदरल्यान्डद्वारा १ का विरुद्ध ४ गोलले र इटालीद्वारा शून्यका विरुद्ध २ ले पराजित भएर घर फर्किनुपरेको थियो । पराजयको श्रृंखलामा ठूलो धक्का युरो २००८ का आयोजक अस्ट्रिया र स्वीजरल्यान्डले पनि भोगे । समूह 'बी' मा रहेको अस्ट्रियाले पहिलो पटक युरोपियन च्याम्पियनसिपको फाइनलमा उत्रिएको पोल्यान्डसँग १-१ गोलको बराबरी गर्नु नै उसका लागि सफलता ठहरियो भने अर्को आयोजक स्वीजरल्यान्डले आफ्ना अघिल्ला दुवै खेलमा पराजय भोगे पनि लिग चरणको अन्तिम खेलमा पोर्चुगललाई शून्यका विरुद्ध २ गोलले पराजित गरेर प्रतियोगिताकै आश्चर्यजनक नतिजा प्रस्तुत गरेको थियो ।

क्वाटर फाइनलका खेलहरूमा जर्मनीद्वारा पोर्चुगल पराजित हुनु जति रोमाञ्चक थियो त्योभन्दा बढी रोमाञ्चक रूसद्वारा नेदरल्यान्ड, टर्कीद्वारा क्रोएसिया र पेनाल्टी सुट आउटमार्फत् स्पेनद्वारा इटाली पराजित हुनु रह्यो । युरो कप उचाल्ने दाउमा सेमिफाइनल पुगेका टर्की र रूसलाई रोक्न जर्मनी र स्पेन सफल भए । टर्की जर्मनीद्वारा २ का विरुद्ध ३ गोलले र रूस स्पेनद्वारा शून्यका विरुद्ध ३ गोलले पराजित भएका थिए ।

## युरो २००८ का खेलहरू

**खेल नम्बर २९**

**जर्मनीविरुद्ध टर्की**

युरो २००८ को उन्नतीसौं तथा पहिलो सेमिफाइनल खेलमा जर्मनीले टर्कीलाई २ का विरुद्ध ३ गोलले पराजित गरी फाइनलमा प्रवेश गर्‍यो । उक्त प्रतिस्पर्धामा जर्मनीका तर्फबाट बास्टिन स्वेस्टेगर, मिरोस्लाभ क्लोस र फिल लेह्यामले १/१ गोल गरेका थिए भने टर्कीका तर्फबाट सेहिम सेन्टोक र उगर बोरालले १/१ गोल गरेका थिए ।

**खेल नम्बर ३०**

**रूसविरुद्ध स्पेन**

युरो २००८ को तीसौं तथा दोस्रो सेमिफाइनल खेलमा स्पेनले रूसलाई शून्यका विरुद्ध ३ गोलले पराजित गरी फाइनलमा प्रवेश गर्‍यो । उक्त प्रतिस्पर्धामा स्पेनका तर्फबाट जाभी हर्नान्डेज, डेभिड सिल्भा र ड्यानियल गिजाले १/१ गोल गरेका थिए ।

**खेल नम्बर ३१**

**जर्मनीविरुद्ध स्पेन**

युरो २००८ को एकतीसौं तथा फाइनल खेलमा स्पेनले जर्मनीलाई शून्यका विरुद्ध १ गोलले पराजित गरी उपाधि हात पार्‍यो । उक्त प्रतिस्पर्धामा स्पेनका तर्फबाट फर्नान्डो टोरेसले निर्णायक १ गोल गरेका थिए ।

## तथ्यांकमा युरो २००८

- युरो २००८ मा सञ्चालन भएका प्रतियोगिताको संख्या- ३१
- निर्धारित ९० मिनेटमा निर्णय भएका खेलको संख्या- २५
- निर्धारित ९० मिनेटको खेलमा बराबरीमा भएका खेलको संख्या- ६
- अतिरिक्त समयमा निर्णय भएका खेलको संख्या- १
- पेनाल्टी सुट आउटका आधारमा निर्णय गरिएका खेलको संख्या- २
- गोलको संख्या - ७७
- प्रतिखेल २ दशमलव ४८ को औसतले गोल भएको थियो ।
- पेनाल्टीको संख्या- ५
- पेनाल्टी प्रहार रोकिएको संख्या - ४
- रातो कार्डको संख्या- ३
- रातो कार्ड पाउने खेलाडीहरू- बास्टिन स्वेस्टेगर (जर्मनी), भोल्कान डेमिरेल (टर्की), एरिक अबिदल (फ्रान्स)
- पहेलो कार्डको संख्या- १ सय २२
- सर्वाधिक गोल गर्ने टिम- स्पेन, १२ गोल
- सर्वाधिक कम गोल खाने टिम- क्रोएसिया, २ गोल
- सर्वाधिक कम गोल गर्ने टिम- अस्ट्रिया, फ्रान्स, ग्रिस, पोल्यान्ड र रोमानिया, १ गोल
- प्रतियोगिता अवधिभर सर्वाधिक गोल भएका खेलहरू- स्पेन-रूस (४-१), नेदरल्यान्ड-फ्रान्स (४-१), टर्की-चेक रिपब्लिक (३-२), पोर्चुगल-जर्मनी (२-३), जर्मनी-टर्की (३-२) - ५ गोल
- फराकिलो गोल अन्तर भएका खेलहरू- नेदरल्यान्ड-इटाली (३-०), स्पेन-रूस (४-१), नेदरल्यान्ड- फ्रान्स (४-१), रूस - स्पेन (०-३)
- ह्याट्रिक- डेभिड भिल्ला (स्पेन) रूसविरुद्ध ।

# युरोका हिरो

### इकर कासिलास, स्पेन



ठूला प्रतियोगितामा अभागी मानिने स्पेन सधैं क्वार्टरफाइनलमा चुक्ने गर्थ्यो, तर यसपटक भने युरोको विजेता नै बन्यो । टाइब्रेकरमा इटालीका डानियल डे रोसी र एन्टोनियो डी नतालेको प्रहार रोक्दै कप्तान एवम् गोलरक्षक कासिलासले स्पेनलाई सेमीफाइनलमा पुऱ्याएका थिए । प्रत्येक म्याचमा उत्कृष्ट प्रदर्शन गरेका कासिलासले युरो च्याम्पियनसिपका ६ खेलमा ३ गोल मात्रै खाएर आफ्नो टिमका लागि विजयको संरचना तयार गरे ।

### फर्नान्डो टोरेस, स्पेन

मुख्य स्ट्राइकर डेविड भिल्लाको अनुपस्थितिमा फाइनलमा आक्रमणको जिम्मा फर्नान्डो टोरेसको काँधमा थियो । जर्मनीविरुद्ध फाइनलमा एक मात्र गोल गर्दै लिभरपुल स्ट्राइकर टोरेसले ४४ वर्ष पछि स्पेनलाई युरो च्याम्पियन बनाए । जस्तोसुकै स्थितिमा पनि गोल गर्न खप्पिस टोरेसले प्रतियोगितामा कुल २ गोल गरे ।

### डेविड भिल्ला, स्पेन

लिग चरणको पहिलो खेलमै रूसविरुद्ध ह्याट्रिक गर्दै डेविड भिल्लाले तहल्का मच्चाए । प्रतियोगिताकै एकमात्र ह्याट्रिककर्ता भिल्लाले लिगकै दोस्रो खेलमा स्वीडेनविरुद्ध इन्ज्युरी टाइममा निर्णायक गोल गर्दै स्पेनलाई क्वार्टरफाइनलमा पुऱ्याए । अन्य खेलमा गोल नगरे पनि उत्कृष्ट प्रदर्शन गरेका भिल्ला सेमिफाइनलमा घाइते भएकाले फाइनल खेल्न पाएनन् । भिल्ला ४ गोलसहित युरो च्याम्पियनसिपका सर्वाधिक गोलकर्ता बने ।

### माइकल बालाक, जर्मनी



जर्मनीका माइकल बालाक सदावहार नायकका रूपमा प्रख्यात छन् । चौथोपल्ट जर्मनीलाई युरो विजेता बनाउन चुके पनि अन्तर्राष्ट्रिय फुटबलमा सर्बाधिक गोल गर्ने मिडफिल्डर बालाकको प्रदर्शन प्रशंसनीय थियो । उनले लिग चरणमा अस्ट्रिया र क्वार्टरफाइनलमा पोर्चुगलविरुद्ध निर्णायक समयमा १-१ गोल गरे । जर्मन कप्तान बालाकले गोल गर्ने र गोलका अवसर सिर्जना गर्ने आफ्नो उत्कृष्टता युरोमा पनि देखाए ।

### वास्टियन स्वेस्टेइगर, जर्मनी

वायर्न म्युनिखका २३ वर्षीय मिडफिल्डर स्वेस्टेइगर नयाँ जर्मन हिरो कहलिए । उपविजेतामै रोकिए पनि जर्मनीले क्वार्टरफाइनलमा बलियो पोर्चुगललाई २ का विरुद्ध ३ गोलले पराजित गर्दा उनले एक गोल मात्रै गरेनन्, बाँकी २ गोलका अवसर पनि सिर्जना गरे । लिगको दोस्रो खेलमा क्रोएसियाविरुद्ध रातो कार्ड पाएका स्वेस्टेइगरले सेमीफाइनलमा टर्कीविरुद्ध पहिलो गोल पनि गरे ।

### इभान क्लाज्निक, क्रोएसिया

क्रोएसियाली स्ट्राइकर इभान क्लाज्निक २ गोल गर्दै मृगौला प्रत्यारोपणपछि ठूला प्रतियोगिता खेल्ने र गोल गर्ने पहिलो खेलाडी बने । अतिरिक्त खेलाडीका रूपमा मैदान प्रवेश गर्दै लिगमा पोल्यान्डविरुद्धको जितमा उनले निर्णायक एक मात्र गोल गरे । टर्कीविरुद्ध नाटकीय क्वार्टरफाइनलमा १ सय १९ औं मिनेटमा उत्कृष्ट गोल गर्दै क्लाज्निकले क्रोएसियालाई अग्रता दिलाएका थिए ।

### निहात काहभेची, टर्की



लिग चरणबाटै बाहिरिने पक्का भैसकेको टर्कीलाई काहभेचीले नाटकीय रूपमा सेमीफाइनलसम्म पुऱ्याए । लिगको अन्तिम खेलमा बलियो चेक रिपब्लिकविरुद्ध २ गोलले पछाडि रहेको स्थिति उल्टाउँदै ८६ र ८९ औं मिनेटमा उत्कृष्ट गोल गरेर उनले टर्कीलाई २ का विरुद्ध ३ गोलको जित दिलाएका थिए । प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गरेका भिल्लारियल प्लेमेकर काहभेची घाइते भएकाले सेमीफाइनलमा जर्मनीविरुद्ध भने अनुपस्थित रहे ।


### सेमिह सेन्तुर्क, टर्की

कमब्याक किङ टर्की र डार्क हर्स क्रोएसियाबीचको युरो च्याम्पियनसिपको सर्वाधिक रोमाञ्चक र नाटकीय खेलका नायक सेमिह सेन्तुर्क हुन् । थप ३० मिनेटको समय सकिन एक मिनेटअघि क्लाज्निकले क्रोएसियालाई दिलाएको अग्रता इन्ज्युरी टाइममा सेन्तुर्कले भंग गरे । रेफ्रीले खेल समाप्तिको ह्विसिल बजाउन मात्र बाँकी हुँदा गोलरक्षक रुस्तु रेक्बरले हानेको बल डि-बक्स क्षेत्रमा नियन्त्रणमा लिँदै सेन्तुर्कले उक्त नाटकीय गोल गरेका थिए । सेन्तुर्कले बराबरी गरेपछि टाइब्रेकरमा टर्की १ का विरुद्ध ३ गोलले विजयी भएको थियो । स्वीजरल्यान्ड र जर्मनीविरुद्ध पनि बललाई जाली चुमाएका सेन्तुर्कले युरोमा कुल ३ गोल गरे ।

### आन्द्रेइ आर्सभिन, रूस

रूसको सेमीफाइनल यात्रामा आक्रमक मिडफिल्डर आन्द्रेइ आर्सभिन नायक बने । छनौट चरणमा रातो कार्ड पाएकाले २ म्याचको प्रतिबन्धपछि लिगको अन्तिम खेलमा स्वीडेनविरुद्ध मैदानमा फर्किएका आन्द्रेइले एक गोल गर्दै अर्को गोलको मौका सिर्जना गरेर रूसलाई शून्यका विरुद्ध २ गोलले जिताए । क्वार्टरफाइनलमा बलियो नेदरल्यान्ड्सविरुद्ध १ का विरुद्ध ३ गोलको जितमा पहिलो गोल गरेका आन्द्रेइ लगातार २ पल्ट म्यान अफ द म्याच भए ।

### हाकन याकिन, स्वीजरल्यान्ड



युरो च्याम्पियनसिपको १३ औं संस्करणको सह-आयोजक स्वीजरल्यान्ड उत्कृष्ट प्रदर्शन गर्दागर्दै पनि लिग चरणबाटै बाहिरियो । स्वीस टिमका निम्ति सबै ३ गोल गरेर ३१ वर्षीय आक्रामक मिडफिल्डर हाकन याकिन आयोजक टिमका हिरो बने। उनले टर्कीविरुद्धको हारमा एक गोल फर्काए । उनकै २ गोलमा स्वीजरल्यान्डले पोर्चुगललाई शून्यका विरुद्ध २ गोलले पराजित गऱ्यो ।

**-राजु घिसिङ**

# युरोमा असफल स्टारहरू

### क्रिस्टियानो रोनाल्डो

उपाधि दावेदारमध्येको एक पोर्चुगल क्वार्टरफाइनलमा जर्मनीसँग ३-२ ले पराजित भयो । सन् २००७ मा वर्षको उत्कृष्ट खेलाडीको मनोनयनमा परेका र यस वर्ष पनि दावेदार मानिएका रोनाल्डो यो खेलमा स्वाभाविकभन्दा कमजोर देखिए । प्रतियोगितामा सनसनी फैलाउने अपेक्षा गरिएका रोनाल्डोले सो खेलमा कमजोर प्रदर्शन गरेपछि पोर्चुगल प्रतियोगिताबाटै बाहिर भयो ।

### एन्टेनियो डी नाटाले

इटालीका यी मिडफिल्डरलाई नेदरल्यान्डसँग कमजोर प्रदर्शन गरेपछि टिमबाट बाहीर राखिएको थियो । रोमानिया र फ्रान्ससँग खेल्ने मौका नपाएका नाटालेलाई इटालियन प्रशिक्षक राबेर्टो डानाडोनीले स्पेनसँगको खेलमा वैकल्पिक खेलाडीका रूपमा मैदानमा प्रवेश गराए । स्पेनसँगको क्वाटर्रफाइनलमा उनले राम्रो मौका पाए पनि उनको हेडलाई स्पेनका गोलरक्षक आइकर कासिलासले बचाएपछि इटाली जितबाट वञ्चित भयो । टाइब्रेकरमा उनको पेनाल्टी प्रहारलाई पनि कासिलासले बचाएपछि इटाली प्रतियोगिताबाट बाहिरिएको हो ।

### आड्रियानो मुटु


रोमानियाका यी स्टारले पेनाल्टीमा गोल गर्न नसक्नु नै रोमानिया प्रतियोगिताको पहिलो चरणबाट बाहिरिनुको प्रमुख कारण बन्यो । इटालीसँगको पहिलो चरणको खेलमा १-१ गोलको बराबरी भएको अवस्थामा रोमानियाले पेनाल्टीको अवसर पाएको थियो । मुटुको प्रहारलाई इटालियन गोलरक्षक जियानलुइका बुफोनले बचाएपछि रोमानिया संकटमा परेको थियो ।

### नेदरल्यान्ड

पहिलो चरणमा समूहमा पहिलो स्थान हात पार्नेतीन टिम क्वार्टरफाइनलमा पराजित भए । जसमध्ये नेदरल्यान्डको पराजयलाई सबैभन्दा आश्चर्यका रूपमा लिइयो । पहिलो चरणमा नेदरल्यान्डले फ्रान्सलाई ४-१, इटालीलाई ३-० तथा रोमानियालाई २-० ले पराजित गरेको थियो । रूससँगको पराजयपछि नेदरल्यान्डका ती सबै प्रदर्शन अर्थहीन बनेका थिए ।

# युरोका सफल प्रशिक्षक

## लुइस आरागोनेस, स्पेन




खेल जित्दा खेलाडीहरूको खुबै चर्चा हुन्छ। उनीहरूलाई कसरी खेल्ने भनी सिकाउने प्रशिक्षकहरू भने नेपथ्यमै हुन्छन्। ६९ वर्षीय प्रशिक्षक लुइस आरागोनेसले स्पेनलाई नयाँ युरो च्याम्पियन बनाएका हुन्। ठूला प्रतियोगितामा सधैं क्वार्टरफाइनलबाट बाहिरिँदै आएको स्पेनलाई निरन्तर २० खेलसम्म अपराजित यात्रामा उनले ४४ वर्ष पछाडि युरोपेली उपाधि दिलाएका हुन्। स्पेनी टिम सम्हालेको ४ वर्षमा पहिलोपल्ट राउल गोन्जालेजजस्ता अनुभवी स्ट्राइकरलाई बेवास्ता गरी युवा खेलाडीहरूको वर्चस्वमा उपाधि जितेकाले आरागोनेस स्यावासीका पात्र बनेका छन्। कडा स्वभावका लुइसले बार्सिलोना, रियल बेटिस, भ्यालेन्सिया, एथ्लेटिको म्याड्रिड, सेभिल, रियल मालोर्काजस्ता ठूला स्पेनिस क्लबहरूलाई २८ बर्ष प्रशिक्षण दिइसकेका छन्।

## जोचिम लोउ, जर्मनी




बूढो बाघका रूपमा परिचित जर्मनीले उपाधि नजिते पनि प्रशिक्षक जोचिम लोउ खुसी नै छन्। तीनपल्टको विजेता जर्मनीलाई छैटौंपल्ट युरो च्याम्पियनसिपको फाइनलमा पुर्‍याएकाले उनी अहिले जर्मनहरूमा लोकप्रिय बनेका छन्। आक्रमक खेलशैली, युवालाई टिममा अवसर एवं प्रभावशाली प्रशिक्षणका कारण आगामी विश्वकपसम्म ४८ वर्षीय पूर्वमिडफिल्डर लोउलाई जर्मन टिमको जिम्मेवारी दिइसकिएको छ। निरन्तर सफलतासँगै उनले जर्मनीलाई युरो २००८ मा छनौट हुने पहिलो टिम बनाएका थिए। 'उनको योग्यता सहायक प्रशिक्षक मात्र होइन,' -दुई वर्षअघि जर्गेन क्लिन्सम्यानले आफ्ना सहायक रहेका लोउका बारेमा भनेका यो वाक्यबाटै उनको प्रतिभा प्रस्ट्याउँछ।

## गुस हिडिंक, रूस



नेदरल्यान्डका नागरिक गुस हिडिंक विश्व फुटबलकै प्रभावशाली प्रशिक्षक हुन्। विश्वकपमा नेदरल्यान्डलाई सन् १९९८ र दक्षिण कोरियालाई सन् २००२ मा सेमिफाइनल तथा अस्ट्रेलियालाई २ वर्षअघि नकआउट चरण पुर्‍याएका हिडिंकले युरो च्याम्पियनसिपमा रूसलाई आश्चार्यजनक टिमका रूपमा सेमिफाइनलसम्म डोर्‍याए। छनौट चरणमै सनसनी मच्चाएको रूसलाई उनले सोभयत संघ विभाजनपछि पहिलोपल्ट ठूला प्रतियोगिताको नकआउट चरण प्रवेश गराए। क्लब फुटबल प्रशिक्षणमा पनि थुप्रै सफलता हासिल गरेका ६२ वर्षीय प्रशिक्षक हिडिंकले आगामी विश्वकपसम्म रूसी टिमलाई प्रशिक्षण दिनेछन्।

## फातिह तेरिम, टर्की



फातिह तेरिमको सफल प्रशिक्षणकै कारण टर्कीका जनताले उनलाई 'फुटबल सम्राट्'को उपमा दिएका छन्। इटालियन क्लब एसी मिलानको नेतृत्व गरिसकेका ५५ वर्षीय तेरिम खेलाडीहरूलाई व्यायवसायिक अनुशासनमा खेलाउँदै जस्तोसुकै टिमविरुद्ध पनि अन्तिम सेकेन्डसम्म संघर्ष गर्ने प्रशिक्षकका रूपमा चिनिएका छन्। टर्कीलाई युरो च्याम्पियनसिपको सेमिफाइनल पुर्‍याएका तेरिम खेल सकिएको ह्विसिल नबजेसम्म हार मान्दैनन्। चेक रिपब्लिक तथा क्रोएसियाविरुद्धको जित उनको संघर्षकै परिणाम हो। संघर्षपूर्ण सेमिफाइनलमा जर्मनीसँग टर्की ३-२ ले पराजित भै घर फर्किएको थियो।

## स्लाभेन बिलिक, क्रोएसिया



नाटकीय क्वार्टरफाइनलमा टर्कीसँग क्रोएसिया हारे पनि युरो च्याम्पियनसिपका सबैभन्दा कान्छा ३९ वर्षीय प्रशिक्षक स्लाभेन बिलिक निकै चर्चा भयो। छनौट चरणका दुवै खेलमा इङ्ल्यान्डलाई पराजित गरेर उनले आफ्नो खुबी देखाइसकेका थिए। युरो च्याम्पियनसिपको लिग चरणमा जर्मनीलाई पराजित गरेर क्रोएसियाले तहल्का नै मच्चायो। पहिलो ठूलो प्रतियोगिता विश्वकप-९८ मा क्रोएसियालाई तेस्रो स्थान दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका पूर्वडिफेन्स बिलिक बहुमुखी प्रतिभाका धनी हुन्। हेभी मेटल ब्यान्ड 'राबोउ'का गितारिस्ट बिलिक कानुनमा स्नातकोत्तर हुन्।

# भाग्यमानी एनपीसी अन्तिम चारमा



समूह विजेता बन्न नसके पनि नेपाल पुलिस क्लब (एनपीसी) प्रेसिडेन्ट्स कप फुटबलको सेमिफाइनल प्रवेश गर्‍यो। गत साता मलेसियामा सम्पन्न समूह 'ए'मा दोस्रो स्थानमै चित्त बुझाएको एनपीसीले सर्वोत्कृष्ट समूह उपविजेताका रूपमा अन्तिम चारमा प्रवेश पाएको हो।

समूह 'बी'मा ३ टिम मात्र भएकाले अन्य समूहको अंक तालिकामा पुच्छरका टिमसँगको नतिजा अर्थहीन हुँदा गत वर्षको उपविजेता एनपीसीको भाग्य चम्किएको हो पहिलो खेलमा बंगलादेशको अबहनी लिमिटेडलाई ४-० ले पराजित गरेको एनपीसीले दोस्रो खेलमा पाकिस्तानको वाप्डालाई मुस्किलले १-१ को बराबरीमा रोकेको थियो। लिग चरणको अन्तिम खेलमा ताजिकिस्तानको रेगर ताडाजले शुक्रबार २-२ को बराबरीमा रोकेपछि एनपीसीका खेलाडीहरू पहिलो चरणबाटै बाहिरियो भनेर निराश भै मैदानमै रोएका थिए।

'एसियाली फुटबल महासंघ (एएफसी)ले खेल सकिएको एक घण्टा पछाडि होटलमा उत्कष्ट समूह उपविजेताका रूपमा अन्तिम चारमा प्रवेश पाएको जनाए,' -एनपीसी स्ट्राइकर जुमनु राईले भने। प्रशिक्षक विराटकृष्ण श्रेष्ठ भन्छन्- 'निराशा छाएको हाम्रो टिममा एएफसीको त्यो खबरले हर्षोल्लास ल्यायो।' समूह विजेता बन्न नसके पनि सेमिफाइनल पुग्ने लक्ष्य प्राप्त भएकोमा उनी दंग छन्। दुई जित र एक बराबरी खेलेको प्रेसिडेन्ट्स कपको पूर्वविजेता रेगर ताडाज ७ अंकसहित समूह 'सी' विजेता भयो। अपराजित एनपीसीले ५ अंक जोड्यो।


दुईपल्टको विजेता किर्गिस्तानको डोरडोई डायनामो समूह 'बी' र तुर्कमेनिस्तानको अश्गबात समूह 'सी' विजेता भई अन्तिम चारमा पुगे। समूह 'सी' उपविजेता कान्बावजाले ६ अंक जोडेपनि पुच्छरका टिमसँगको नतिजा एएफसीको नियमअनुसार अर्थहीन भएकाले एनपीसीको भाग्य खुलेको हो। पुच्छरका टिमसँगको खेलको गणना नगर्दा कान्बावजाको ३ र एनपीसीको ४ अंक हुन्छ। सोमबार जारी 'ड्र' अनुसार सेप्टेम्बर १९ मा किर्गिस्तानमा हुने सेमिफाइनलमा एनपीसीले बलियो घरेलु टिम डोरडोई डायनामोको सामना गर्नेछ। अर्को सेमिफाइनलमा रेगर ताडाजले अस्गाबातसँग सेप्टेम्बर २१ म खेल्नेछ। प्रेसिडेन्ट्स कपमा सोभियत संघबाट विभाजित मुलुकहरूलाई चुनौती दिने एकमात्र टिम एनपीसी हो।

गत वर्ष नेपालमा राष्ट्रिय लिग नभएकाले सहिद स्मारक लिगको पूर्वविजेताका रूपमा प्रेसिडेन्ट्स कप खेल्ने मौका पाएको एनपीसीले मलेसियामा उत्कृष्ट प्रदर्शन गरेको प्रशिक्षक विराटकृष्ण श्रेष्ठले बताए। श्रेष्ठले साप्ताहिकसँग भने- 'सबैले राम्रो खेलेकाले टिम वर्क उत्कष्ट रह्यो। तीनवटै खेलमा बल नियन्त्रण गरे पनि धेरै गोलका मौका चुकाउँदा समूह विजेता बन्न सकेनौं।' मिडफिल्डर पर्वत पाण्डेको उनले प्रशंसा गरे। एनपीसीका प्रत्येक खेलमा स्ट्राइकर जुमनु राई नायक रहे। पहिलो खेलमा अबहनीविरुद्ध ह्याट्रिक गरेका उनले वाप्डा र रेगर ताडाजसँग पनि एक-एक गोल ठोके।

एक महिनायता एएफसी च्यालेन्ज कपको छनौट चरण, साफ च्याम्पियनसिप र यो प्रेसीडेन्ट्स कपका १० खेलमा सर्लाहीका २४ वर्षीय तन्नेरी जुमनुको गोल संख्या १० पुगेको छ। साफमा २ र च्यालेन्ज कपमा ३ गोल गरेका राईले गत वर्षको प्रेसीडेन्ट्स कपमा पनि ४ गोल हानेका थिए। अबहनीविरुद्ध अनन्त थापा र रेगर ताडाजसँग चेतन घिमिरेले एनपीसीका निम्ति एक-एक गोल गरे। वाप्डासँगको खेलमा रातो कार्ड पाएका अनुभवी रक्षक राकेश श्रेष्ठ सेमिफाइनल खेल्न पाउने भएकाले दुईपल्टको विजेता डोरर्डोईविरुद्ध कडा चुनौती प्रस्तुत गर्नेमा एनपीसी प्रशिक्षक श्रेष्ठ ढुक्क छन्।

**-राजु घिसिङ**

### सर्वाधिक गोल गर्ने खेलाडीहरू



**४ गोल**

डेभिड भिल्ला (स्पेन)

**३ गोल**

हकान याकिन (स्वीजरल्यान्ड)
सामेह सेन्टुक (टर्की)
रोमान पाभलेन्चेन्को (रूस)
लुकास पोडोलस्की (जर्मनी)

**२ गोल**

ड्यानियल गिजा (स्पेन)
इभान क्लास्निक (क्रोएसिया)
ज्लाटान इब्रामोभिच (स्वीडेन)
रोबिन भ्यान पेर्सी (नेदरल्यान्ड)
रुडभ्यान निस्टोलरोय (नेदरल्यान्ड)
निहात काभेची (टर्की)
आन्द्रेइ आर्सभिन (रूस)
वास्ले सेज्डर (नेदरल्यान्ड)
अड्रा थुरान (टर्की)
बास्टियन स्वेस्टेगर (जर्मनी)
फर्नान्डो टोरेस (स्पेन)
मिरोस्लाभ क्लोस (जर्मनी)
माइकल बालाक (जर्मनी)



# प्राविधिकहरूको चलचित्र महोत्सव



**साप्ताहिक समाचार**

काठमाडौं- क्यामेरा पछाडि काम गर्ने प्राविधिकहरूको छाता संगठन नेपाल चलचित्र प्राविधिक संघले आज शुक्रबारदेखि राजधानीमा 'दोस्रो चलचित्र महोत्सव' आयोजित गर्दैछ। असार २७ गतेसम्म नयाँ बानेश्वरस्थित शिवदर्शन हलमा सञ्चालन हुने उक्त महोत्सवको उद्घाटन द्वन्द्व निर्देशक, कला निर्देशक तथा कलाकार गोपाल भुटानीले गर्दैछन्। उद्घाटन समारोहमा वसुन्धरा भुषाल, अशोक शर्मा, निरुता सिंह, ऋचा घिमिरे, गौरी मल्ल, सुनील थापा, केशव भट्टराई, दीपक श्रेष्ठ, राजकुमार राई, राजेन्द्र खड्गी, केपी पाठक आदि दर्जनौं कलाकार तथा चलचित्रकर्मीको उपस्थिति रहने बताइएको छ। आयोजक संस्थाका अध्यक्ष सन्तु तामाङका अनुसार महोत्सवमा २०६४ सालभरिमा प्रदर्शन भएका ३५ वटा चलचित्र प्रदर्शन गरिनेछ। महोत्सवमा हरेक दिन दुईवटा चलचित्र प्रदर्शन गरिनेछ। चलचित्र क्षेत्रका दस जना व्यक्तित्वले निर्णायकका रूपमा ती चलचित्र हेर्नेछन् र निकट भविष्यमा प्राविधिक संघले आयोजना गर्ने चलचित्र पुरस्कार समारोहका लागि विभिन्न विधामा उत्कृष्टको छनौट गर्नेछन्।



तस्बिर : जगतअवब गुरुङ

# मिस ट्यालेन्ट हन्ट हङकङको तयारी

ड्रिम्स अनलिमिटेड हङकङले विगत तीन वर्षदेखि आयोजना गर्दै आएको कार्यक्रम 'मिस ट्यालेन्ट हन्ट हङकङ', मेघा मोडल कन्टेस्ट-२००८ का लागि आवेदन फारम खुला गरेको छ। हङकङ आई.डी. भई 'फर्म थ्री' लेभल उत्तीर्ण गरेका १६ देखि २१ वर्षभित्रका अविवाहित नेपाली युवतीहरूले प्रतियोगितामा भाग लिन सक्नेछन्। फाइनल प्रतियोगितामा जम्मा १० जना प्रतियोगी छनौट हुने उक्त कार्यक्रममा आवेदन दिने अन्तिम मिति जुलाई १८ तोकिएको छ।

त्यसपछि डेढ महिना व्यक्तित्व विकासका विभिन्न तालिम दिइने र फाइनल प्रतियोगिता अगस्टको अन्तिम साता गराइने आयोजक एवं कोरियोग्राफर ममता गुरुङले जानकारी गराइन्। प्रतियोगिताको उपाधि 'मिस ट्यालेन्ट हन्ट हङकङ' जित्ने प्रतियोगीलाई मुकुटसहित ३ हजार हङकङ डलर, फस्ट रनरअपलाई २ हजार र सेकेन्ड रनरअपलाई १ हजार हङकङ डलरसहित अन्य पुरस्कारहरू पनि उपलब्ध गराइनेछ। यसबाहेक उपाधि जित्ने प्रतियोगीलाई न्यू वर्ल्ड टेलिकमका विज्ञापनहरूमा मोडलिङ गर्ने अवसर पनि प्राप्त हुनेछ।

**निर्मल श्रेष्ठ, हङकङ**




होटल तालीम
छुट्टा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with
Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल)
एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

मोबाईल तालिम
✿ मोबाईल फोन
✿ रेडियो, क्यासेट, DVD, VCD, TV
✿ एसी / फ्रिज
✿ हाउसवायरिङ्ग
✿ मोटरवाईण्डिङ्ग
✿ कम्प्युटर हार्डवेयर, सफ्टवेयर
१२ वर्ष पुरानो
३०% छुटमा
Job को लागि सहयोग
तालिमका लागि सम्पर्क :
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी 01-6224798
नोट: विदेश जानेलाई विशेष कोर्ष।

अंग्रेजी
दुई महिना मै
Basic to Advanced
Free Books, Audio & Video CD
Free Internet & E-Mail
Every day Audio & Video Class
Computer Lab
Daily new materials
Latest Method and Technology
Experienced Teacher
..learn us & be confident..
ECAN
Getway Tel: 4241870
2003 Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu Nepal

Learn Language & Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practice, Weekly test.)
English, Chinese, French
German, Korean, Hebrew
Japanese, Spanish, Italian
बिदेस जाने र अंग्रेजी जान्दै नजान्नेहरुका लागि विशेष व्यवस्था छ.
Computer Basic to Diploma (Tally/Fact/Tata-EX/MsAccess etc)
Osish Language & Computer Center (OLC) Adwait Marg, Old BusPark 4232866
बसपार्क बाट शंकरदेव कलेज जाँदा २०० मि. अगाडि बायाँ तर्फ
New Baneshwor, Bicc पानी ट्याङकि अगाडि Ph.016217094

तालिम
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
✻ फोटोग्राफी
✻ भिडियोग्राफी
✻ फोटो एडिटिङ्ग
✻ भिडियो एडिटिङ्ग
✻ फोटो लेमिनेशन
⇨ नेपाल सरकार पाठ्यक्रम
⇨ पाठ्यक्रम विज्ञद्वारा
⇨ अन्तराष्ट्रिय स्तर
⇨ हजारौं लाभान्वित
⇨ SLC Discount
नेपाल फोटोग्राफी
मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार ४२१६२९१

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली** तथा **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।